संविधानसभा

## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति



# प्रतिवेदन

२०७१

संविधान सभा

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति सचिवालय

फोन नं : ४२००३४४, ४२००१३४ फ्याक्स : ४२०००५३,

URL : http//www.can.gov.np, E-mail: sac2070@gmail.com,

Facebook:- http://facebook.com/ccpd.committee.ca

# संविधानसभा
## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

**सभापति**
मा० डा० बाबुराम भट्टराई

| क्र.सं. | नाम, थर | क्र.सं. | नाम, थर |
|---|---|---|---|
| १ | मा० श्री अर्जुननरसिं के.सी. | ३६ | मा० श्री बिश्वेन्द्र पासवान |
| २ | मा० श्री अतहर कमाल मुसलमान | ३७ | मा० श्री भीष्मराज आङदेम्बे |
| ३ | मा० डा० अमरेशकुमार सिंह | ३८ | मा० श्री महिन्द्रराय यादव |
| ४ | मा० श्री अशोककुमार राई | ३९ | मा० श्री महिन लिम्बु |
| ५ | मा० श्री आनन्दप्रसाद ढुँगाना | ४० | मा० श्री महेश आचार्य |
| ६ | मा० श्री उपेन्द्र यादव | ४१ | मा० श्री माधव कुमार नेपाल |
| ७ | मा० श्री एकनाथ ढकाल | ४२ | मा० श्री मेघराज नेपाली (निषाद) |
| ८ | मा० श्री कमल थापा | ४३ | मा० श्री मोहन वहादुर वस्नेत |
| ९ | मा० श्री कुमार खड्का | ४४ | मा० श्री मोहनसिह राठौर |
| १० | मा० श्री के.पी. शर्मा ओली | ४५ | मा० श्री मंजुकुमारी चौधरी |
| ११ | मा० श्री केशव प्रसाद बडाल | ४६ | मा० श्री योगेन्द्र तामाङ घिसिङ |
| १२ | मा० श्री कृष्णबहादुर महरा | ४७ | मा० श्री रामकुमार राई |
| १३ | मा० श्री गणेशमान गुरुङ | ४८ | मा० श्री रामचन्द्र पौडेल |
| १४ | मा० श्री गोकर्णराज विष्ट | ४९ | मा० श्री रुकमिणी चौधरी |
| १५ | मा० श्री गोकुल प्रसाद घर्ती | ५० | मा० श्री रेखा शर्मा |
| १६ | मा० श्री गोपाल दहित | ५१ | मा० श्री लक्ष्मण राजवंशी |
| १७ | मा० श्री चन्देश्वर झा | ५२ | मा० श्री लक्ष्मणलाल कर्ण |
| १८ | मा० श्री चन्द्रकान्त भण्डारी | ५३ | मा० श्री लोकमणी ढकाल |
| १९ | मा० श्री चन्द्रप्रकाश (सीपी) मैनाली | ५४ | मा० श्री विजय कुमार गच्छदार |
| २० | मा० श्री चित्र बहादुर के.सी. | ५५ | मा० श्री विद्यादेवी भण्डारी |
| २१ | मा० श्री चित्रलेखा यादब | ५६ | मा० श्री विमलेन्द्र निधि |
| २२ | मा० श्री जयदेव जोशी | ५७ | मा० श्री शक्ति बहादुर बस्नेत |
| २३ | मा० श्री जीतबहादुर (दर्जी) गौतम | ५८ | मा० श्री शशांक कोइराला |
| २४ | मा० श्री झलनाथ खनाल | ५९ | मा० श्री शत्रुधन महतो |
| २५ | मा० डा० डिम्पल कुमारी झा | ६० | मा० श्री शिवकुमार मण्डल केवट |
| २६ | मा० श्री दिलनाथ गिरी | ६१ | मा० श्री शिवलाल थापा |
| २७ | मा० श्री धर्मनाथ प्रसाद साह | ६२ | मा० श्री सुशील कोइराला |
| २८ | मा० श्री नारायण मान बिजुक्छे | ६३ | मा० श्री शेरबहादुर देउबा |
| २९ | मा० श्री निर्जला राउत | ६४ | मा० श्री सरिताकुमारी यादव |
| ३० | मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड) | ६५ | मा० श्री सर्वेन्द्रनाथ शुक्ला |
| ३१ | मा० श्री पूर्ण बहादुर खड्का | ६६ | मा० श्री सुजाता कोइराला |
| ३२ | मा० श्री प्रकाशमान सिंह | ६७ | मा० श्री सुरेन्द्रप्रसाद पाण्डे |
| ३३ | मा० श्री प्रेमबहादुर सिंह | ६८ | मा० श्री सूर्य बहादुर थापा |
| ३४ | मा० श्री बामदेव गौतम | ६९ | मा० श्री हरिचरण शाह |
| ३५ | मा० श्री बालकृष्ण खाँण | ७० | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की |

**नियम ७१ (२) बमोजिम उपस्थित**

| | |
|---|---|
| मा० श्री यशोदा कुमारी लामा | मा० श्री बृजेशकुमार गुप्ता |
| मा० श्री गंगा चौधरी (सत्गौवा) | मा० श्री गगनकुमार थापा |
| मा० श्री सीमाकुमारी वि.के. | मा० श्री संजयकुमार गौतम |
| मा० श्री नरहरि आचार्य | मा० श्री श्याम श्रेष्ठ |
| मा० श्री राजन भट्टराई | मा० श्री मिलनकुमारी राजशवंशी |
| मा० श्री प्रदिप गिरी | मा० श्री रामनारायण विडारी |
| मा० श्री कृष्णप्रसाद सिटौला | |

**सचिव**
श्री मुकुन्द शर्मा

समिति गठन मिति : २०७०।११।१४ समिति हेरफेर मिति : २०७१।२।१३, २०७१।५।२६

व्यवस्थापिका-संसद सचिवालय

# संविधानसभा
# संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

सभापति
मा० डा० बाबुराम भट्टराई

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | महासचिव, संविधानसभा | श्री मनोहरप्रसाद भट्टराई |
| २. | सचिवालय सचिव, संविधानसभा सचिवालय | श्री ठाकुरप्रसाद बराल |

## समिति सचिवालय

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | सचिव | श्री मुकुन्द शर्मा |
| २. | उपसचिव | श्री केशवप्रसाद आचार्य |
| ३. | उपसचिव (कानून) | श्री मानबहादुर अर्याल |
| ४. | उपसचिव (कानून) | श्री अवनी मैनाली भट्टराई |
| ५. | शाखा अधिकृत | श्री लक्ष्मण अर्याल |
| ६. | क.अ. | श्री सुशीलकुमार खड्का |
| ७. | ना.सु. | श्री सृजना तण्डुकार |
| ८. | का.स. | श्री राजबहादुर बस्नेत |
| ९. | का.स. | श्री नारायण कार्की |
| १०. | सवारी चालक | श्री कुमार खवास |

## मुद्रणतर्फ

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री जगदिश्वरलाल श्रेष्ठ |
| २. | सिनियर प्रेस टेक्निसीयन | श्री गम्विरमान सिंह |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री राजेन्द्रप्रसाद लामिछाने |
| ४. | सिनियर प्रेस टेक्निसीयन | श्री प्रेमबहादुर चन्द |
| ५. | सिनियर प्रेस टेक्निसीयन | श्री रोवन प्रजापति |
| ६. | प्रेस टेक्निसीयन | श्री कृष्णकला पौडेल |
| ७. | प्रेस टेक्निसीयन | श्री माधव पौडेल |
| ८. | कार्यालय सहयोगी | श्री मदन गिरी |

## मन्तव्य

संविधानसभा नियमावली, २०७० को नियम ६५ मा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिलाई राजनीतिक दलहरुबीच मतभिन्नता रहेका संविधानका अन्तरवस्तुहरुमा सहमति कायम गरी सो सम्वन्धी प्रतिवेदन सभामा पेश गर्ने, छलफलको क्रममा देखिएका नयाँ विषयको प्रस्ताव सभामा पेश गर्ने, संविधानसभा भित्र रहेका राजनीतिक दल, सदस्य र वाहिर रहेका बिभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गरी संविधान निर्माणको कार्यमा सबैको सहयोग जुटाउने, नेपाल सरकारले विभिन्न समयमा विभिन्न पक्षहरुसँग वार्ता गरी सम्झौता गरेका संविधान निर्माणसँग सम्वन्धित विषयहरु अध्ययन गर्ने, सरोकारवालाहरुसँग आवश्यकता अनुसार गोष्ठी, सभा, सम्मेलन र वार्ता गर्ने, संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले सभामा पेश गरेको सभावाट छलफल गरी टुंगो लगाउने भनी निर्देशन प्राप्त भएका विषयमा निर्धारित समयभित्र सहमतिका आधारमा टुंगो लगाउने, टुंगो लाग्न नसकी बाँकी रहेका विषयमा पुनः निर्णयार्थ संविधानसभामा प्रतिवेदन पेश गर्ने, संविधानका अन्तरवस्तुमा दलहरुबीच मत भिन्नता रहेका विषयमा सहमति कायम हुन नसकेमा त्यस्ता विषयहरुको सूची तयार गरी संविधानसभामा पेश गर्ने लगायतका जिम्मेवारी र उत्तरदायित्व निर्धारण गरिएको छ । समितिलाई प्राप्त उक्त जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्ने क्रममा समितिका हालसम्म ५९ वटा बैठक सम्पन्न भएका छन् । यसबाहेक विभिन्न दलका नेता र समूहसँग विभिन्न समयमा कैयौ पटक अनौपचारिक छलफल भएका छन् । यसका अतिरिक्त विभिन्न विषयका उपसमितिहरु गठन गरी तिनीहरुमार्फत विभिन्न कार्य सम्पादन भएका छन् ।

आम नेपाली दिदी बहिनी तथा दाजु भाईको बढी भन्दा बढी स्वामित्व र अपनत्व प्राप्त संविधान निर्माणमा हामी प्रयासरत रही आएका छौं । यस महत्वपूर्ण एवं सम्वेदनशील घडीमा संविधानका विवादित अर्न्तवस्तुमा सहमति कायम गरी संविधानसभाबाट निर्धारित मितिमै नयाँ नेपालको सुनौलो भविष्य लेख्ने कार्यमा राजनीतिक सहमतिको कानूनी दस्तावेजरुपी संविधान जारी गर्ने विषय अत्यन्तै चुनौतीपूर्ण बन्दै गईरहेको छ । सहमति कायम गर्ने विषय आफैमा जटिल र चुनौतीपूर्ण कार्य भए तापनि सहमतिको विकल्प भने देखिदैन, र हुदैन पनि, फलस्वरुप राजनीतिक दलहरुका वीचमा सहमतिका लागि गरिएका प्रयास सकारात्मक रुपमा अघि बढी रहेको छ, विश्वास सहितको आसा छ निकट भविष्यमा नै सहमतिको साझा दस्तावेजरुपी संविधान हामीले प्राप्त गर्न सफल हुनेछौं ।

विगतमा भएका सशस्त्र तथा शान्तिपूर्ण संघर्ष, बाह्र बुँदे सहमति, जनआन्दोलनको प्रतिफलस्वरुप प्राप्त उपलब्धी र विस्तृत शान्ति सम्झौताको भावना र मर्म अनुरुप नेपालको अन्तरिम संविधान, २०६३ ले अंगिकार गरेको मूल्य र मान्यता अनुरुपको संविधान निर्धारित समयसीमाभित्रै जारी गरी मुलुकमा उत्पन्न अनिश्चितता र अन्यौलपूर्ण राजनैतिक अवस्थाको अन्त्य गर्दै परिवर्तनलाई संस्थागत गर्नु पर्ने गहनत्तम दायित्व हामी सबैमा रहेको छ । उक्त दायित्व पूर्ण गर्न हामी सबै कटिबद्ध र प्रतिवद्ध भएर सघन रुपमा कृयाशील हुदै आईरहेको यस क्षणसम्म पनि संविधानका अन्तरवस्तुमा देखिएका असहमतिहरुमा अझै सहमति र समझदारी बन्न नसकिरहेको तथ्य हामी सबैको अगाडी गहन चूनौतिको रुपमा हिजो जस्तै आज पनि जस्ताको त्यस्तै अझ कतिपय अवस्थामा झनै विकराल वनेको हो की भन्ने आशंका सहितको अवस्था अझै विद्यमान रहेकोछ ।

विविधतायुक्त समाजमा विभिन्न समुदाय तथा सम्प्रदायको प्रतिनिधित्व हुने भएकोले देखिएका फरक फरक विचार र अभिमतलाई समयमै उचित तवरले सम्बोधन गर्नु पर्दछ र यस क्रममा राजनीतिक दलहरुले राख्दै आएका विचार र धारणाहरुको सम्बन्धमा सबैलाई स्वीकार्य हुने गरी साझा सहमतिको मिलन विन्दु तय गर्दै विभिन्न वर्ग, जातजाति, क्षेत्र र समुदाय तथा सरोकारवालाहरुबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी संविधान निर्माण गर्न राजनीतिक दल र आ-आफ्नो स्वार्थभन्दा माथि उठेर समस्याको समाधान खोज्नु पर्ने देखिन्छ तर त्यसो हुन नसकिरहेको अवस्थातर्फ सम्माननीय सदन र सम्पूर्ण नेपालीको ध्यानाकर्षण गर्नु मेरो कर्तव्य र उत्तरदायित्व समेत रहन्छ र सोही अनुरुप आफनो कर्तव्य र उत्तरदायित्व निर्वाह गर्दै आईरहेको छु र भविष्यमा समेत गरी रहनेछु ।

संविधानसभा नियमावली, २०७० को नियम ६६ को उपनियम (६) बमोजिम सभाको मिति २०७१ कार्तिक ४ गते निर्देश सहित प्राप्त टुङ्गो लाग्न बाँकी रहेका विषयहरुमा समितिमा व्यापक छलफल भए तापनि तत्कालीन **व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, संवैधानिक**

**समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिका** प्रतिवेदनमा उल्लिखित केही प्रावधानहरु सहित **राज्यको पुर्नसंरचना र राज्य शक्तिको बांडफांड समिति, राज्यको शासकीय स्वरुप निर्धारण समिति र न्याय प्रणाली समितिका** विषयमा भने छलफल जारी रहेको, अफै सहमति भै नसकेको व्यहोरा यस सार्वभौम सभालाई जानकारी गराउन चाहन्छु ।

संविधानसभाबाट निर्देश सहित प्राप्त असहमतिका विषयमा सहमति कायम गर्न समिति र मेरो व्यक्तिगत भरमग्दुर प्रयास रहे पनि चाहना अनुरुप सबै विषयमा निर्धारित समयभित्रै सहमति निर्माण हुन सकेन । संविधानका मुख्य अर्न्तवस्तु राज्यको पुर्नसंरचना, शासकीय स्वरुप, न्याय प्रणाली, निर्वाचन प्रणाली जस्ता महत्वपूर्ण विषयमा अनौपचारिक बैठकमा दलहरुकावीचमा कतिपय सहमति उन्मुख वातावरण वने पनि सभाभित्र रहेका दलहरुका शीर्ष नेताहरुका वीच सहमति गरी समितिको वैठकमा छलफल गरी विवादित वुंदाहरुलाई टुंगोमा पुऱ्याउन नसकि रहेको अवस्था सहित संविधानसभा बाहिर रहेका दलहरु र विभिन्न सरोकारवाला पक्षहरुबाट प्राप्त सुझावहरुलाई समेटी समितिबाट सहमति निर्माण गर्ने काम सहित सहमतिको साझा दस्तावेजको रुपमा संविधान जारी गर्ने काम अझै अधुरै र अपुरो नै रहेको छ । आसा सहितको विश्वास छ देखिएका गतिरोधको अन्त्य संगै परिवर्तनलाई संस्थागत गरी नेपाल र नेपालीको सुनौला भविष्य कोर्ने सहमतिको साझा दस्तावेज संविधान जारी गर्न संविधानसभा सफल हुनेछ ।

समितिको कार्य सम्पादनको क्रममा समितिका माननीय सदस्यहरुको सक्रियता सहित मलाई प्राप्त सहयोगको म उच्च प्रशंसा गर्दछु । यस क्रममा समय समयमा संविधानसभाका सम्माननीय अध्यक्षबाट प्राप्त राय सुझावका लागि आभार प्रकट गर्दछु । यसरी नै संविधान निर्माणको क्रममा मलाई र समितिलाई सल्लाह सुझाव दिने संविधानसभा वाहिर रहेका दल, सरोकारवाला समूह, व्यक्ति, विज्ञ मित्रहरु सहित सञ्चारजगत् र सञ्चारकर्मी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, समितिको कार्य सम्पादनमा आवश्यकतानुसार विधि र नीति अनुरुप राय सुझाव दिने, अभिलेख उपलव्ध गराउने, प्रतिवेदन तयार गर्ने लगायत समिति सम्वद्ध कार्यमा अथक र कुशल मेहनतका साथ संलग्न रही कार्य सम्पादन गर्ने समिति सचिव लगायत समिति सचिवालय र सचिवालयका सम्बद्ध सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

(डा० बाबुराम भट्टराई)
**सभापति**

## विषय सूची


| विषय | पेज नं. |
| --- | --- |
| समिति सम्बन्धी विवरण | १ |
| कार्य विवरण | ३ |
| निष्कर्ष एवं सुझाव | ६ |
| विभिन्न राजनीतिक दलबाट प्राप्त धारणाहरू | |

## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

(समिति सम्बन्धी विवरण)

- **समिति गठन मिति** : २०७० चैत्र १४ गते
- **समितिका सदस्य संख्या** : ७३ जना (हाल ७१ जना)
- **दलगत प्रतिनिधित्व** :-

| सि.न. | राजनीतिक दल/स्वतन्त्र | संख्या | सि.न. | राजनीतिक दल/स्वतन्त्र | संख्या |
|---|---|---|---|---|---|
| १. | नेपाली काँग्रेस | १८ | १७. | नेपाल परिवार दल | १ |
| २. | नेपाल कम्यूनिष्ट पार्टी (एमाले) | १६ | १८. | राष्ट्रिय जनमुक्ति पार्टी | १ |
| ३. | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | ६ | १९. | थरुहट तराई पार्टी नेपाल | १ |
| ४. | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | २ | २०. | बहुजन शक्ति पार्टी | १ |
| ५. | मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) | १ | २१. | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) | १ |
| ६. | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | २२. | समाजवादी जनता पार्टी | १ |
| ७. | तराई-मधेश लोकतान्त्रिक पार्टी | १ | २३. | नेपाली जनता दल | १ |
| ८. | मधेशी जनअधिकार फोरम, नेपाल | १ | २४. | मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) | १ |
| ९. | सद्भावना पार्टी | १ | २५. | नेपा: राष्ट्रिय पार्टी | १ |
| १०. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | १ | २६. | संघीय सद्भावना पार्टी | १ |
| ११. | सङ्घीय समाजवादी पार्टी, नेपाल | १ | २७. | खम्वुवान राष्ट्रिय मोर्चा, नेपाल | १ |
| १२. | नेपाल मजदुर किसान पार्टी | १ | २८. | अखण्ड नेपाल पार्टी | १ |
| १३. | तराई मधेश सद्भावना पार्टी नेपाल | १ | २९. | जनजागरण पार्टी नेपाल | १ |
| १४. | राष्ट्रिय जनमोर्चा | १ | ३०. | मधेश समता पार्टी नेपाल | १ |
| १५. | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | १ | ३१. | दलित जनजाति पार्टी नेपाल / | १ |
| १६. | राष्ट्रिय मधेश समाजवादी पार्टी | १ | ३२. | स्वतन्त्र | २ |

- **प्रथम बैठक** : २०७० बैशाख १५ गते (जेष्ठ सदस्य मा० **श्री सूर्यबहादुर थापा**को अध्यक्षतामा ५ वटा बैठक सम्पन्न)
- **सभापतिको निर्वाचन** : २०७१ बैशाख १२ गते (मा० **डा० बाबुराम भट्टराई** निर्वाचित)
- **सपथ ग्रहण** : २०७१ बैशाख १३ गते विहान ११ बजे
- **हाल सम्म सम्पन्न बैठक संख्या : ५९** (२०७१ कार्तिक १६ गतेको बैठकको निरन्तरता स्वरुप २०७१ कार्तिक १७, २५, २८, मंसिर १, १४ र १७ गते गरी ६ वटा बैठक सम्पन्न)

- **उपसमिति सम्बन्धी विवरण :**

| सि.न. | उपसमितिको नाम | सदस्यहरु | गठन मिति | समय सिमा | प्रतिवेदन पेश |
|---|---|---|---|---|---|
| १. | *नेपालको शान्ति प्रकृयामा हाल सम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णय अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित उपसमिति* | १. **मा० श्री पूर्णबहादुर खड्का (संयोजक)**<br>२. मा० श्री अतहरकमाल मुसलमान<br>३. मा० श्री दिलनाथ गिरी<br>४. मा० श्री बिश्वेन्द्र पासवान<br>५. मा० श्री रामकुमार राई<br>६. मा० श्री रुकमिणी चौधरी<br>७. मा० श्री लक्ष्मणलाल कर्ण<br>८. मा० श्री शक्तिबहादुर बस्नेत<br>९. मा० श्री सुरेन्द्रप्रसाद पाण्डे | २०७१।१।१५ | २०७१।२।२ | **२०७१।२।२** |
| २. | *संविधानसभा बाहिर रहेका राजनीतिक दल र सरोकारवालाहरुको पहिचान एवं वार्ता प्रकृया, कार्यविधि* | १. **मा० श्री पूर्णबहादुर खड्का (संयोजक)**<br>२. मा० श्री अतहरकमाल मुसलमान<br>३. मा० श्री दिलनाथ गिरी<br>४. मा० श्री बिश्वेन्द्र पासवान | २०७१।२।५ | २०७१।२।१५ | **२०७१।२।१६** |

| सि.न. | उपसमितिको नाम | सदस्यहरु | गठन मिति | समय सिमा | प्रतिवेदन पेश |
|---|---|---|---|---|---|
| | *र तौरतरिका तर्जुमा उपसमिति* | ५. मा० श्री रामकुमार राई<br>६. मा० श्री रुकमिणी चौधरी<br>७. मा० श्री लक्ष्मणलाल कर्ण<br>८. मा० श्री शक्तिबहादुर बस्नेत<br>९. मा० श्री सुरेन्द्रप्रसाद पाण्डे | | | |
| ३. | *संविधानका अन्तरवस्तुमा देखिएका असहमतिमा सहमति कायम गर्नु पर्ने विषय पहिचान उपसमिति* | १. **मा० श्री गोकर्णराज विष्ट (संयोजक)**<br>२. मा० श्री बालकृष्ण खाँण<br>३. मा० श्री महिन्द्र राय यादव<br>४. मा० श्री रेखा शर्मा<br>५. मा० श्री शिवलाल थापा | २०७१।२।८ | २०७१।३।१५ | **२०७१।३।१६** |
| ४. | *प्रारम्भिक वार्ता उपसमिति* | १. **मा० श्री आनन्दप्रसाद ढुंगाना (संयोजक)**<br>२. मा० श्री अशोककुमार राई<br>३. मा० श्री धर्मनाथ प्रसाद शाह<br>४. मा० श्री शक्ति बहादुर बस्नेत<br>५. मा० श्री सर्वेन्द्रनाथ शुक्ला<br>६. ♣मा० श्री सुरेन्द्रप्रसाद पाण्डे | २०७१।२।८ | २०७१।८।२९ | **क्रियाशील** |
| ५. | *तत्कालिन संवैधानिक समिति अन्तर्गत गठित विवाद समाधान उपसमितिले गरेका निर्णयहरुमाथि छलफल गरी सहमति सहितको प्रतिवेदन पेश गर्न गठित उपसमिति* | १. **मा० श्री लक्ष्मणलाल कर्ण (संयोजक)**<br>२. मा० श्री अर्जुन नरसिंह के.सी.<br>३. मा० श्री कृष्णबहादुर महरा<br>४. मा० डा० डिम्पल कुमारी झा<br>५. मा० श्री दिलनाथ गिरी<br>६. मा० श्री प्रेमबहादुर सिंह<br>७. मा० श्री रामकुमार राई<br>८. मा० श्री लक्ष्मण राजवंशी<br>९. मा० श्री सुरेन्द्रप्रसाद पाण्डे<br>१०. ♣मा० श्री केशवप्रसाद वडाल<br>११. ♣मा० श्री शिवकुमार मण्डल केवट | २०७१।४।१४ | २०७१।५।१५ | **विभिन्न मितिमा** |
| ६. | *संविधान सम्बद्ध विषय पहिचान उपसमिति* | १. **मा० श्री हरिचरण शाह (संयोजक)**<br>२. मा० श्री एकनाथ ढकाल<br>३. मा० श्री कुमार खड्का<br>४. मा० श्री चन्द्रकान्त भण्डारी<br>५. मा० श्री जीत बहादुर (दर्जी) गौतम<br>६. मा० श्री निर्जला राउत<br>७. मा० श्री योगेन्द्र तामाङ घिसिङ | २०७१।५।९ | २०७१।५।१६ | **२०७१।५।१७** |

♣ उपसमिति परिवर्तन

**कार्य विवरण :**

संविधानसभा नियमावली, २०७० अनुरुप समितिलाई प्राप्त कार्यक्षेत्रभित्र रहि समितिले सम्पादन गरेका काम कारवाही समेटी समितिले १ असार २०७१, २१ भाद्र २०७१, २१ असोज २०७१ र ३१ असोज २०७१ मा सहमति र असहमतिका बुंदाहरु समेटिएको समितिको प्रतिवेदन संविधानसभामा पेश गरिएको थियो ।

उक्त क्रममा संविधानसभाबाट ४ कार्तिक २०७१ मा संविधानसभा नियमावली, २०७० को नियम ६६ (६) बमोजिम संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको प्रतिवेदन, २०७१ मा उल्लेखित केही प्रावधानहरु सहित राज्यको पुर्नसंरचना र राज्य शक्तिको वांडफांड समिति, राज्यको शासकीय स्वरुप निर्धारण समिति र न्याय प्रणाली समिति समेतका विषयहरुमा संविधानसभाको निर्देश अनुरुप प्रतिवेदन तयार गर्ने क्रममा सहमति भैनसकेको भनी प्राप्त हुन आएका विषयहरु समेतलाई मिति २०७१ कार्तिक १५ गतेभित्र पुन: छलफल गरी सहमति गर्नका लागि अन्तिम पटक समायावधि तोकिएको, उक्त समयावधिभित्र समितिले सहमति भएका विषयहरु सहमति हुनासाथ सभामा प्रतिवेदन पेश गर्न र सो समयावधिभित्र सहमति हुन नसकेका विषयहरुलाई प्रश्नावलीको रुपमा मिति २०७१ कार्तिक १६ गतेसम्म एकिकृत रुपमा प्रतिवेदन सभामा पेश गर्न कार्य व्यवस्था परामर्श समितिको परामर्शमा आवश्यक निर्देशन सहित संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाईयोस भन्ने पारित प्रस्ताव अनुरुपको निर्देश प्राप्त भएको थियो ।

समितिको औपचारिक वैठक **५९** रहेकोमा मा. सदस्यहरुको उपस्थिति देहाय अनुरुप रहेको छ ।

**उपस्थिति विवरण**

**सभापति**

मा० डा० बाबुराम भट्टराई

| क्र.सं. | नाम, थर | जम्मा उपस्थिती | अनुपस्थितीको सूचना प्राप्त |
|---|---|---|---|
| १ | मा० श्री अर्जुननरसिं के.सी. | ५४ | |
| २ | मा० श्री अतहर कमाल मुसलमान | ३७ | २ वटा बैठक |
| ३ | मा० श्री अमरेश कुमार सिंह | ४२ | ९ वटा बैठक |
| ४ | मा० श्री अशोक कुमार राई | ५० | ६ वटा बैठक |
| ५ | मा० श्री आनन्द प्रसाद ढुँगाना | ४७ | २ वटा बैठक |
| ६ | मा० श्री उपेन्द्र यादव | ४० | |
| ७ | मा० श्री एकनाथ ढकाल | ४३ | ७ वटा बैठक |
| ८ | मा० श्री कमल थापा | २५ | १८ वटा बैठक |
| ९ | मा० श्री कुमार खड्का | ४१ | ११ वटा बैठक |
| १० | मा० श्री के.पी. शर्मा ओली | २० | २ वटा बैठक |
| ११ | मा० श्री केशवप्रसाद बडाल | ४६ | ५ वटा बैठक |
| १२ | मा० श्री कृष्णबहादुर महरा | १६ | ४१ औ बैठक देखि |
| १३ | मा० श्री गणेशमान गुरुङ्ग | ५७ | १ वटा बैठक |
| १४ | मा० श्री गोकर्णराज विष्ट | ४७ | ३ वटा बैठक |
| १५ | मा० श्री गोकुलप्रसाद घर्ती | ४९ | २ वटा बैठक |
| १६ | मा० श्री गोपाल दहित | ५४ | ३ वटा बैठक |

| क्र.सं. | नाम, थर | जम्मा उपस्थिती | अनुपस्थितीको सूचना प्राप्त |
|---|---|---|---|
| १७ | मा० श्री चन्देश्वर झा | ४५ | १ वटा बैठक |
| १८ | मा० श्री चन्द्रकान्त भण्डारी | ५६ | २ वटा बैठक |
| १९ | मा० श्री चन्द्रप्रकाश (सीपी) मैनाली | ५३ | |
| २० | मा० श्री चित्र बहादुर के.सी. | ५७ | १ वटा बैठक |
| २१ | मा० श्री चित्रलेखा यादव | २८ | १६ वटा बैठक |
| २२ | मा० श्री जयदेव जोशी | ४५ | ६ वटा बैठक |
| २३ | मा० श्री जीत बहादुर (दर्जी) गौतम | ५० | |
| २४ | मा० श्री झलनाथ खनाल | ३३ | ११ वटा बैठक |
| २५ | मा० डा० डिम्पल कुमारी झा | ५३ | १ वटा बैठक |
| २६ | मा० श्री दिलनाथ गिरी | ५३ | १ वटा बैठक |
| २७ | मा० श्री धर्मनाथ प्रसाद साह | ३० | ९ वटा बैठक |
| २८ | मा० श्री नारायणमान बिजुक्छे | ३४ | ११ वटा बैठक |
| २९ | मा० श्री निर्जला राउत | २४ | ८ वटा बैठक |
| ३० | मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड) | ३८ | ५ वटा बैठक |
| ३१ | मा० श्री पूर्ण बहादुर खड्का | ४७ | ८ वटा बैठक |
| ३२ | मा० श्री प्रकाशमान सिंह | ५१ | २ वटा बैठक |
| ३३ | मा० श्री प्रेमबहादुर सिंह | ५९ | |
| ३४ | मा० श्री बामदेव गौतम | ३१ | १ वटा बैठक |
| ३५ | मा० श्री बालकृष्ण खाँण | ५६ | १ वटा बैठक |
| ३६ | मा० श्री बिश्वेन्द्र पासवान | ३४ | ६ वटा बैठक |
| ३७ | मा० श्री भीष्मराज आङदेम्बे | ४९ | |
| ३८ | मा० श्री महिन्द्र राय यादव | ४३ | २ वटा बैठक |
| ३९ | मा० श्री महिन लिम्बु | ५१ | ४ वटा बैठक |
| ४० | मा० श्री महेश आचार्य | ४३ | ७ वटा बैठक |
| ४१ | मा० श्री माधव कुमार नेपाल | ३७ | ४ वटा बैठक |
| ४२ | मा० श्री मेघराज नेपाली (निषाद) | १९ | ९ वटा बैठक |
| ४३ | मा० श्री मोहन बहादुर बस्नेत | ४४ | २ वटा बैठक |
| ४४ | मा० श्री मोहन सिह राठौर | ३८ | ५ वटा बैठक |
| ४५ | मा० श्री मंजुकुमारी चौधरी | ४५ | ३ वटा बैठक |
| ४६ | मा० श्री योगेन्द्र तामाङ घिसिङ | ५४ | १ वटा बैठक |
| ४७ | मा० श्री रामकुमार राई | ५७ | |
| ४८ | मा० श्री रामचन्द्र पौडेल | ४७ | १० औ बैठक देखि |
| ४९ | मा० श्री रुकमिणी चौधरी | ४९ | २ वटा बैठक |
| ५० | मा० श्री रेखा शर्मा | ४९ | ५ वटा बैठक |
| ५१ | मा० श्री लक्ष्मण राजवंशी | ४९ | १ वटा बैठक |
| ५२ | मा० श्री लक्ष्मणलाल कर्ण | ५६ | |

| क्र.सं. | नाम, थर | जम्मा उपस्थिती | अनुपस्थितीको सूचना प्राप्त |
|---|---|---|---|
| ५३ | मा० श्री लोकमणी ढकाल | ४८ | |
| ५४ | मा० श्री विजय कुमार गच्छदार | ५४ | २ वटा बैठक |
| ५५ | मा० श्री विद्यादेवी भण्डारी | ३४ | |
| ५६ | मा० श्री विमलेन्द्र निधि | ३४ | ११ वटा बैठक |
| ५७ | मा० श्री शक्ति बहादुर बस्नेत | ५२ | २ वटा बैठक |
| ५८ | मा० श्री शशांक कोइराला | २४ | ३ वटा बैठक |
| ५९ | मा० श्री शत्रुधन महतो | ३५ | ८ वटा बैठक |
| ६० | मा० श्री शिव कुमार मण्डल केवट | २७ | १४ वटा बैठक |
| ६१ | मा० श्री शिव लाल थापा | ५२ | १ वटा बैठक |
| ६२ | मा० श्री सुशील कोइराला | १३ | ७ वटा बैठक |
| ६३ | मा० श्री शेर बहादुर देउबा | २७ | १० वटा बैठक |
| ६४ | मा० श्री सरिता कुमारी यादव | २१ | १० वटा बैठक |
| ६५ | मा० श्री सर्वेन्द्र नाथ शुक्ला | ४६ | ११ वटा बैठक |
| ६६ | मा० श्री सुजाता कोइराला | ३५ | ७ वटा बैठक |
| ६७ | मा० श्री सुरेन्द्र प्रसाद पाण्डे | ४५ | २ वटा बैठक |
| ६८ | मा० श्री सूर्य बहादुर थापा | ५३ | २ वटा बैठक |
| ६९ | मा० श्री हरिचरण शाह | ५२ | १ वटा बैठक |
| ७० | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की | ५३ | २ वटा बैठक |

**नियम ७१ (२) बमोजिम उपस्थित माननीय सदस्यहरु**

| क्र.स. | नाम, थर | जम्मा उपस्थिति | कै. |
|---|---|---|---|
| १. | मा० श्री यशोदा कुमारी लामा | १८ | |
| २. | मा० श्री गंगा चौधरी (सत्गौवा) | ९ | |
| ३. | मा० श्री सीमाकुमारी वि.के. | ३ | |
| ४. | मा० श्री नरहरि आचार्य | ५ | |
| ५. | मा० श्री राजन भट्टराई | ३ | |
| ६. | मा० श्री प्रदिप गिरी | २ | |
| ७. | मा० श्री बृजेशकुमार गुप्ता | २ | |
| ८. | मा० श्री गगनकुमार थापा | १० | |
| ९. | मा० श्री संजयकुमार गौतम | ६ | |
| १०. | मा० श्री श्याम श्रेष्ठ | ४ | |
| ११. | मा० श्री मिलनकुमारी राजशवंशी | १ | |
| १२. | मा० श्री रामनारायण विडारी | २ | |
| १३. | मा० श्री कृष्णप्रसाद सिटौला | ६ | |

संविधानसभा, ***संविधान अभिलेख अध्ययन तथा निक्यौंल समिति***को असहमतिका प्रावधान समेटिएको सहमति कायम गर्न संविधानसभाबाट समितिमा प्राप्त विभिन्न समितिका प्रतिवेदनहरुमा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठकमा सहमति भई संविधानसभामा टुंगो लागेको भनी पेश गरिएका तत्कालीन **मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, संवैधानिक समिति, व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिका** प्रतिवेदनमा उल्लिखित केही प्रावधानहरु, **संविधान सम्बद्ध विषय पहिचान उपसमितिको प्रतिवेदन, २०७१** सहित देहायका विषयमा संविधानसभाको मिति *०७१ कार्तिक ४* गते बसेको बैठकको निर्देश अनुरुप सहमति र सहमति हुन नसकेका विषयमा प्रश्नावली सहितको प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गर्न समिति क्रियाशील रहि आएको छ ।

- **राज्यको पुर्नसंरचना र राज्य शक्तिको बांडफांड समिति,**
- **राज्यको शासकीय स्वरुप निर्धारण समिति,**
- **न्याय प्रणाली समिति ।**

सभाबाट प्राप्त निर्देश अनुरुपको कार्य सम्पादन गर्न समितिका औपचारिक बैठकहरु मात्र क्रियाशील नरहि समिति सभापतिको पहलमा संविधानका अन्तरवस्तुमा देखिएका असहमतिलाई सहमतिमा पुऱ्याउन विभिन्न मिति र समयमा विभिन्न पटक संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख तीन दलका शीर्ष नेताहरुका अतिरिक्त सबै दलका नेताहरु र स्वतन्त्र सदस्यहरुसंग सामूहिक, द्विपक्षिय र वहुपक्षिय रुपमा विचार विमर्श गर्नुका साथै कानूनका विज्ञ, विशेषज्ञहरु लगायत विभिन्न विषयका ज्ञाताहरु एवं नागरिक समाजका प्रतिनिधिहरुसंग समेत विचार विमर्श गरिएको थियो ।

**निष्कर्ष एवं सुझाव :**

संविधानसभाबाट प्राप्त असहमतिका विषयमा सहमति कायम गर्न समितिको औपचारिक वैठक लगायत संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख दलका शीर्ष नेताहरु र सबै दलका नेता सहित स्वतन्त्र सदस्यहरुका वीचमा भएका विभिन्न चरणका औपचारिक एवं अनौपचारिक बैठकहरुमा देखिएका असहमतिलाई सहमतिमा नै टुंगाउने प्रयास सकारात्मक रुपमा अन्तिम चरणमा पुगेको भए तापनि अझै सहमति भने नभै सकेको र समितिमा थप छलफलको आवश्यकता रहेकोले सभाको निर्देश अनुरुप प्रश्नावली सहितको प्रतिवेदन समेत तयार हुन नसकी रहेको अवस्था विद्यमान रहेको छ ।

समितिमा विभिन्न राजनीतिक दल र मा.सदस्यहरुबाट प्रस्तुत गरिएका अवधारणा र मतहरु सभाको जानकारीका लागि यसैसाथ संलग्न गरिएको छ । उक्त अवधारणा र मतहरु संविधानसभाको पूर्ण वैठक समक्ष छलफल र निर्णयको निमित्त प्रस्ताव नभएको व्यहोरा प्रस्तोता दल र मा.सदस्यहरुबाट छलफलको क्रममा प्रष्ट पारिएको व्यहोरा समेत जानकारी गराइएकोछ ।

(मुकुन्द शर्मा)
सचिव

(डा० बाबुराम भट्टराई)
सभापति

द.न. १
२०७१/६/१६

श्री माननीय सभापतिज्यू,

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

संविधानसभा, सिंहदरबार, काठमाण्डौ ।

नेपाल ।

**विषय : संविधानका अन्तरवस्तु सम्बन्धी अवधारणा प्रस्तुत गरिएको बारे ।**

महोदय,

संविधानसभाबाट २०७१ साल माघ ८ गते भित्र नेपालको संविधान जारी गरिने सर्वसम्मत निर्णय एवं कार्यतालिका अनुरुप संविधान निर्माणको प्रक्रिया अघि बढाउने आशय र लक्ष्यका साथ चालु संविधान निर्माणको प्रक्रियालाई गति दिन र मतभेदका विषयहरुमा सहमति निर्माण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको प्रस्ताव प्रस्तुत गरिएको छ ।

समितिमा आवश्यक छलफल गरी सहमतिमा पुग्न तथा सहमतिमा पुग्न नसकेको अवस्थामा संविधानका अन्तरवस्तु सम्बन्धी संलग्न धारणाहरु संविधानसभाको पूर्ण बैठक समक्ष छलफल र निर्णयका निम्ति **संविधानसभा नियमावली,२०७० को नियम ६५ को उपनियम** (१२) अनुसार पेश गरिदिनुहुन अनुरोध गर्दछौं ।

**१. संघीय नेपालको तहगत संरचना**

नेपालको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई अक्षुण्ण राख्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचनाको माध्यमबाट देशको बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक एवं बहुधार्मिक सामाजिक स्वरुप र यो विविधताभित्र रही आएको पारस्परिक सद्भाव र अन्तरनिर्भरतालाई सुदृढ बनाउँदै, समाजमा विद्यमान वर्गीय, जातीय, भाषिक, क्षेत्रीय र लैङ्गिक लगायत सबै किसिमका विभेदको अन्त्य गरी देशमा लोकतन्त्र, समानता र सामाजिक न्यायसहितको आर्थिक-सामाजिक र साँस्कृतिक विकास सुनिश्चित गर्ने शासन व्यवस्थालाई यो संविधान बमोजिम संघ, पहिचान र सामार्थ्यमा आधारित प्रदेश, स्थानीय तह र आवश्यकता अनुसार विशेष संरचना रहनेगरी बाँडफाँड गरिएको छ ।

१.१. संघीय नेपालको मूल संरचनामा संघ, प्रदेश र स्थानीय तह एवं आवश्यकता अनुसार विशेष संरचना रहने छन् ।

१.२.संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजधानी काठमाण्डौ हुनेछ ।

१.३.राज्यले बहुभाषिक नीति लिनेछ । नेपालमा बोलिने सबै भाषाहरु राष्ट्रभाषा हुनेछन् । संघीय सरकारी कामकाजको भाषा देवनागरी लीपिको नेपाली हुनेछ । केन्द्र र प्रदेश तथा प्रदेश-प्रदेश बीचको माध्यम भाषा नेपाली हुनेछ ।

१.४. प्रदेशमा सरकारी कामकाजको भाषा नेपाली र प्रदेशसभाले आवश्यक ठानेमा सो प्रदेशमा बोलिने कुनै दुई प्रमुख भाषाहरु समेत हुनसक्ने छन् ।

१.५.भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको अध्ययन-प्रतिवेदनको सिफारिश अनुरुप हुनेछ ।

**१.६.राज्य शक्तिको प्रयोग**

नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहद्वारा यस संविधानमा उल्लेख गरिए बमोजिम हुनेछ ।

**१.७. प्रदेशको निर्माण**

यस संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचना अनुरुप नेपालमा पहिचान र सामर्थ्यको आधारमा सात वटा प्रदेश निर्माण गरिने छन् ।

१.८. प्रदेशहरुको सीमाङ्कनसम्बन्धी प्रश्नहरुको निरुपण गर्न संघीय आयोग गठन गरिनेछ । आयोगको सिफारिशमा संघीय सरकारले आवश्यक निर्णय गर्नेछ ।

१.९. प्रदेश निर्माण गर्दा पहिचान र सामर्थ्यका आधारमा जातीय, भाषिक र साँस्कृतिक स्थिति, समुदायको बसोबास तथा भौगोलिक र ऐतिहासिक निरन्तरतालाई ध्यानमा राखिएको छ ।

१.१०. प्राकृतिक स्रोत र साधनको उपलब्धता, प्रशासनिक सुगमता , आर्थिक सामर्थ्य र भौतिक पूर्वाधारको पक्षलाई समेत विचार गरिएको छ ।

१.११. प्रदेशको नाम पहिलो पटक प्रादेशिक सरकारको सिफारिशमा प्रदेशसभाले परिवर्तन गर्नसक्ने छ ।

१.१२. प्रदेशहरुको भौगोलिक क्षेत्र तल उल्लेख गरिएको छ :

| क्र सं | प्रदेशको नाम | क्षेत्र | |
|---|---|---|---|
| १ | कोशी प्रदेश | ताप्लेजुङ, पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, | |

| | | | |
|---|---|---|---|
| | | संखुवासभा, भोजपुर, सोलुखम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर | |
| २ | जनकपुर प्रदेश | सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा | |
| ३ | बागमती प्रदेश | सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाण्डौ, चितवन, मकवानपुर, धादिङ, रसुवा र नुवाकोट | |
| ४ | गण्डकी प्रदेश | गोरखा, लमजुङ, तनहुँ, स्यांग्जा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, पाल्पा, गुल्मी, अर्घाखाँची र नवलपरासी जिल्लाको दाउन्ने पूर्वको भाग | |
| ५ | लुम्बिनी प्रदेश | नवलपरासी जिल्लाको दाउन्ने पश्चिमको भाग, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया | |
| ६ | कर्णाली प्रदेश | प्यूठान, रोल्पा, रुकुम, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु र हुम्ला | |
| ७ | सुदूरपश्चिम | बाजुरा, बझाङ, अछाम, डोटी, कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला | |

**१.१३.**प्रदेशको राजधानी प्रदेश सरकारको सिफारिशमा प्रदेश सभाले तोक्ने छ। संविधान आरम्भ हुँदाका बखत सो निर्णय नभएसम्मका लागि केन्द्र सरकारले प्रदेशको राजधानी तोक्ने छ।

**१.१४.** प्रदेशको नाम पुनः परिवर्तन गर्नुपरेमा प्रादेशिक सरकारले केन्द्र सरकारको अनुमति प्राप्त गरी प्रादेशिक संसदको दुई तिहाई बहुमतले पारित गर्नुपर्ने छ।

**१.१५.** प्रदेशको राजधानी पुनः हेरफेर गर्नु परेमा प्रादेशिक सरकारको सिफारिशमा प्रदेशसभाको दुई तिहाई मतले निर्णय गरे बमोजिम हुनेछ।

१.१६. प्रदेशमा सरकारी कामकाजको भाषा नेपाली र प्रदेशसभाको निर्णय बमोजिम प्रदेशमा बोलिने कुनै दुई प्रमुख भाषाहरु समेत हुनेछन् ।

**२.स्थानीय तह**

२.१. यस संविधान बमोजिम निर्माण भएका प्रदेश अन्तर्गत स्थानीय तहको रुपमा गाउँपालिका, नगरपालिका तथा जिल्ला रहनेछन् । यी सबै तहको अधिकार र कार्यक्षेत्र संविधान तथा कानूनमा तोकिए बमोजिम हुनेछ । यसरी अधिकार क्षेत्र तोकिदा कार्यकारी, विधायिकी र न्यायिक अधिकारको समेत व्यवस्था हुनेछ । जिल्ला तहमा विकास, सेवा र सुरक्षाका संरचना रहने छन् । राजनीतिक समन्वयका लागि नगरपालिका र गाउँपालिकाका अध्यक्ष पदेन सदस्यहरु रहने गरी समन्वय परिषद् रहनेछ ।

२.२. स्थानीय तहको संख्या र क्षेत्र निर्धारणकालागि केन्द्र सरकारले मापदण्ड तोक्ने छ ।

२.३. तोकिएको मापदण्डका आधारमा स्थानीय तहको नाम, संख्या र क्षेत्र निर्धारण गर्न प्रादेशिक सरकारले उच्चस्तरीय आयोग गठन गरी त्यसको सिफारिशमा निर्णय गर्ने छ ।

२.४. प्रदेश सरकार गठन भएको एक बर्षभित्र स्थानीय तहको नाम, संख्या र क्षेत्र निर्धारण गरिनेछ ।

२.५. नयाँ संविधान अनुसार स्थानीय तहको गठन नभएसम्म विद्यमान स्थानीय निकायहरु कायम रहनेछन् ।

**३.विशेष संरचना**

३.१. प्रदेश भित्र आवश्यकता अनुसार नाम र क्षेत्राधिकार सहित कानून बमोजिम विशेष संरचना क्षेत्र घोषणा गर्नसकिने छ । विशेष संरचनाले विभिन्न जाति समुदायको भाषा र सँस्कृतिको विकास एवं सम्बर्द्धनका लागि काम गर्नेछ ।

३.२. उक्त प्रकारको संरचना केन्द्रीय सरकारको अनुमति लिई प्रदेश सरकारको सिफारिशमा प्रादेशिक सभाले तय गर्ने छ ।

**४. विवाद समाधान सम्बन्धी व्यवस्था**

४.१. संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेश बीचको विवाद समाधान गर्न राजनीतिक तहमा प्रधानमन्त्रीको अध्यक्षतामा गृहमन्त्री, रक्षामन्त्री, अर्थमन्त्री, संघीय मामिला मन्त्री र सम्बन्धित प्रदेशको मुख्यमन्त्री सम्मिलित संयन्त्र रहने छ ।

४.२. संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेश बीचको कानूनी र संवैधानिक विवादको निरुपण सर्वोच्च अदालतको संवैधानिक इजलाशले गर्नेछ ।

## ५.शासकीय स्वरुप

**५.१.** देशको शासन सत्तामा सबै जातीय, भाषिक र साँस्कृतिक समुदायको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न तथा देशमा क्रियाशील राजनीतिक दलहरु समेतको समावेशी प्रतिनिधित्वको लागि बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली अवलम्बन गरिने छ । यस अनुसार कार्यकारी प्रमुखको रुपमा प्रतिनिधि सभामा एकल बहुमत प्राप्त वा अन्य दलको समर्थनमा बहुमत प्राप्त दलका नेता वा यी दुबै अवस्था नभएमा प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको नेता प्रधानमन्त्री हुनेछन् । स्पष्ट बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री भएको अवस्थामा बाहेकको स्थितिमा प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको मत लिनुपर्ने छ ।

**५.२.** संघीय संसद एवं प्रादेशिक ~~संसद~~ विधायिका सहितको निर्वाचक मण्डलबाट निर्वाचित संवैधानिक राष्ट्रपति रहने छन् । उपराष्ट्रपति पदको निर्वाचन समेत यसै निर्वाचक मण्डलबाट हुनेछ ।

**५.३.** नयाँ संविधान जारी भएपछि आम निर्वाचन पश्चात् हुने प्रधानमन्त्रीका विरुद्ध निर्वाचित भएको दुई वर्षसम्म अविश्वासको प्रस्ताव राख्न पाइने छैन । प्रधानमन्त्रीले बहुमत गुमाएको प्रश्न उठेमा ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नुपर्ने छ । वर्तमान व्यवस्थापिका-संसद कायम रहेसम्म अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नै हुनेछ ।

**५.४.** अविश्वासको प्रस्ताव प्रस्तुत गर्दाको अवस्थामा बहुमत सदस्यहरुको हस्ताक्षर सहित वैकल्पिक प्रधानमन्त्रीको उम्मेदवार अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ ।

**५.६.** प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्ताव एकपटक प्रस्तुत भैसकेपछि उही प्रधानमन्त्रीका विरुद्ध एक बर्ष ननाघी पुन: अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**५.७.** नयाँ संविधान अन्तर्गत आम निर्वाचन नभएसम्म हालको व्यवस्थापिका-संसद विघटन हुने छैन ।

**५.८.** मन्त्री परिषद्को संख्या संघीय संसदको सदस्य संख्याको १० प्रतिशतभन्दा बढी हुने छैन ।

**५.९.** मन्त्रीहरु संसद सदस्य मध्येबाट र अत्यावश्यक भएमा संसद् सदस्य नरहेका व्यक्तिहरु मध्येबाट नियुक्त गर्नसकिने छ । संसद सदस्य नरहेका व्यक्ति मन्त्री पदमा नियुक्त भए निजले मन्त्री भएको ६ महिनाभित्र संसद सदस्यता प्राप्त नगरेमा मन्त्री पदबाट स्वत: मुक्त हुनुपर्ने छ ।

**५.१०.** संघीय संसद् प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुनेछ । प्रादेशिक सभा एक सदनात्मक हुनेछ ।

## ६.निर्वाचन प्रणाली

६.१.प्रतिनिधि सभाको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीबाट गरिनेछ । प्रतिनिधिसभामा १६५ सदस्य रहनेछन् । दलहरुले प्रतिनिधिसभामा उम्मेदवार समावेशी सिद्धान्तको आधारमा दिनुपर्ने छ । महिला, दलित र अल्पसंख्यकको उचित प्रतिनिधित्वका लागि विशेष व्यवस्था गरिने छ ।

६.२. राष्ट्रिय सभाको सदस्य संख्या ७५ हुनेछ । प्रत्येक प्रदेशबाट पूर्ण समानुपातिक सिद्धान्तको आधारमा १०/१० जना सदस्यहरु निर्वाचित हुनेछन् र ५ जना सदस्य मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिले मनोनित गर्नेछन् ।

६.३. प्रदेशसभाको संख्या प्रत्येक प्रदेशमा रहने संघीय प्रतिनिधिसभाका एकजना सदस्य बराबर दुई जना सदस्य रहने गरी २० देखि बढीमा ५० सदस्यसम्म हुनेछ ।

६.४. प्रदेशमा प्रदेश सभाका कुल सदस्य संख्याको बढीमा २० प्रतिशतमा नबढ्ने गरी मन्त्रिपरिषद्को गठन हुनेछ ।

**७. न्याय प्रणाली**

७.१. स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप स्वतन्त्र र सक्षम न्यायपालिकाको व्यवस्था गरिनेछ ।

७.२. सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतमा रहनेछ ।

७.३. केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह, स्थानीय तह र स्थानीय तहको अधिकार क्षेत्रबारे तथा प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाको निर्वाचनसम्बन्धी विवादमा अविलम्ब न्याय निरुपण गर्न सर्वोच्च अदालतको संवैधानिक इजलाश रहनेछ । यो इजलाश सर्वोच्च अदालतका प्रधानन्यायधीशको अध्यक्षतामा अन्य चार जना वरिष्ठतम् न्यायाधीशहरु रहनेगरी गठन हुनेछ ।

७.४. सर्वोच्च अदालतका प्रधान न्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले गर्नेछन् । सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरुको नियुक्ति देहाय बमोजिमको न्यायपरिषद्ले गर्नेछ ।

१) प्रधानन्यायाधीश - अध्यक्ष

२) सर्वोच्च अदालतका बरिष्ठतम् न्यायाधीशहरु दुईजना, कानूनमन्त्री एक र नेपाल बार एशोसियशनका प्रतिनिधि एकजना समेत गरी जम्मा पाँच जना सदस्यहरु रहनेछन् ।

७.५. जिल्ला अदालतका न्यायाधीशहरुको नियुक्ति कानूनमा व्यवस्था भए बमोजिम न्याय परिषद्ले खुला प्रतियोगिता र परीक्षा प्रणालीको आधारमा गर्नेछ ।

७.६. सर्वोच्च अदालतमा प्रधान न्यायाधीश समेत १५ जना रहनेछन् ।

७.७. उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरुले इमान्दरीपूर्वक काम नगरेको, आचारसंहिताको गम्भीर उल्लंघन गरेको, खराब आचरण वा कार्यक्षमताको अभाव भएको वा अनुशासन पालन नगरेको वा शारीरिक र मानसिक अशक्त भएको भन्ने अवस्थामा छानबिन र अनुसन्धान गरी पदमुक्त गर्न वा अन्य आवश्यक कार्वाई गर्न सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश मध्येबाट अध्यक्ष, सर्वोच्च अदालतका पूर्व न्यायाधीशबाट एक जना र सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको कानूनविद् मध्येबाट ३ जना सदस्य रहने गरी संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिबाट न्यायिक जबाफदेहिता तथा अनुसन्धान आयोग गठन गरिनेछ ।

७.८. सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीश शारीरिक र मानसिक रुपमा अशक्त-असक्षम प्रमाणित भएको अवस्थामा स्वत: पदमुक्त हुनेछन् ।

७.९. नेपालमा एक महान्यायाधिवक्ता रहने छ । निजको मातहतमा एकजना महाअभियोजनाकर्ता रहनेछन् ।

## ८. महाअभियोग

प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश लगायत संवैधानिक अंगका प्रमुख र सदस्यहरुमा कार्यक्षमताको अभाव वा खराव आचरण वा पदीय दायित्वको पालन इमान्दारीपूर्वक नगरेको र अनुशासनको पालना नगरेको अवस्थामा प्रतिनिधिसभाबाट महाअभियोग लगाउन सिफारिश गर्नसक्ने ११ सदस्यीय संसदीय न्यायिक समिति गठन गरिनेछ । यस समितिले कानून बमोजिम महाअभियोगको सिफारिश गर्नसक्ने छ ।

## ९) सम्पत्ति विवरण

सरकारी कोषबाट पारिश्रमिक लिने सार्वजनिक पद धारण गर्ने सम्पूर्ण निकायका सबै व्यक्तिहरुले सम्पत्ति विवरण बुझाउनु पर्ने छ र यसको हरेक वर्ष अद्यावधिक गनुपर्ने छ ।

| क्रम संख्या | नाम | राजनीतिक दल | हस्ताक्षर |
|---|---|---|---|
| १. | सुशील कोइराला | नेपाली काँग्रेस | [signature] |
| २. | के.पी. शर्मा ओली | नेकपा (एमाले) | [signature] |
| ३. | सूर्य बहादुर थापा | राष्ट्रिय प्रजातन्त्र पार्टी | [signature] |
| ४. | विश्वेन्द्र पासवान | बहुजन शक्ति पार्टी | [signature] |
| ५. | अतहर कमाल मुसलमान | स्वतन्त्र | [signature] 7 |
| ६. | चन्द्रेश्वर झा | स्वतन्त्र | [signature] |

# राष्ट्रिय जनमोर्चा
## National People's Front
केन्द्रीय कार्यालय
Central Office
कपन ३ (ख), ज्योतिनगर, काठमाडौँ
फोन/फ्याक्स : ०१-४९६४३०४, इमेल : rajamo2052@gmail.com, वेबसाइट : www.rajamo.org

५ : ७ : ०२
२०७१/०७/१८

प.स.
च.न

मिति :

मिति २०७१ कार्तिक १६ गते

सम्माननीय अध्यक्षज्यू,
संविधानसभा
काठमाडौं

विषय : प्रदेशहरुको गठन सम्बन्धी सहमति बारे फरक मत ।

प्रदेशहरुको संख्या र नामांकन बारे सहमतिका लागि विभिन्न राजनीतिक दलहरुका बीचमा भइरहेका प्रयत्नहरुका सन्दर्भमा नेकपा एमाले र नेपाली कांग्रेसका बीचमा भएको सहमति बारे सञ्चार माध्यमहरुद्वारा जानकारी प्राप्त भएको छ । त्यो विषयमा राष्ट्रिय जनमोर्चाले तललेखिए अनुसार आफ्नो फरक मत स्पष्ट गर्न चाहन्छ :

१. हाम्रो दलले शुरुदेखि नै प्रदेशहरुको संख्या ७ हुनुपर्ने कुरामा जोड दिंदै आएको छ । त्यस अनुसार प्रदेशहरुको विभाजन पनि गरेको छ । त्यो अवस्थामा त्यो संख्यामा एकाध कम वा बढी भएमा हाम्रो कुनै खास आपत्ति हुने छैन । त्यस सन्दर्भमा हाम्रो यो स्पष्ट मत रहेको छ कि, प्रथम, हामीले प्रदेशहरुको संख्याको जुन सुझाव दिएका थियौं त्यसको अर्थ हामीले संघीयतालाई समर्थन गरेको होइन । एकात्मक प्रणाली अन्तर्गत पनि प्रदेश, जिल्ला वा गाउँहरुको प्रशासकीय विभाजन गर्नुपर्ने आवश्यकता हुन्छ र हामीले त्यस अनुसार नै प्रदेश सम्बन्धी आफ्नो मत प्रकट गरेका छौं । द्वितीय, नेपालको भौगोलिक र आर्थिक स्थिति समेतमाथि विचार गर्दा ठूलो धेरै प्रदेशहरु बनाउनु भन्दा थोरै प्रदेशहरु बनाउनु नै उपयुक्त हुन्छ भन्ने हाम्रो धारणा रहेको छ ।

२. हाम्रो लगातार यो कुरामा जोड रहदै आएको छ कि प्रदेशहरुको विभाजन गर्दा विद्यमान गाउँ, जिल्ला वा अञ्चलहरुमा विभाजन नगरिकन तथा पहाड र तराईका जिल्लाहरुलाई मिलाएर नै प्रदेशहरुको गठन गरिनु पर्दछ ।

३. एमाले र नेपाली कांग्रेसका बीचमा भएको सहमतिमा प्रदेशहरुको जुन संख्या प्रस्तावित गरिएको छ वा नाम दिइएको छ त्यसमा हाम्रो कुनै मतभेद छैन । त्यसै गरेर जिल्लाहरुलाई विभाजन नगर्ने सोचाईलाई पनि हामीले समर्थन गर्दछौं । तर उनीहरुले प्रदेशहरुको विभाजन गर्दा एकातिर,

अञ्चलहरुका बीचमा विभाजन गर्ने र अर्कातिर, कतिपय प्रदेशहरुलाई पहाडबाट अलग गरेर तराईका मात्र जिल्लाहरुलाई जोडेर जसरी प्रदेशहरुको गठन गर्ने प्रस्ताव राखेका छन्, त्यसप्रति हाम्रो गम्भीर मतभेद भएको कुरा स्पष्ट गर्न चाहन्छौं ।

४. नेपालको अहिलेको वर्तमान स्थितिमा अञ्चलहरुलाई विभाजन गर्दा अनावश्यक रुपमा विभिन्न क्षेत्रहरुका जनताका बीचमा विवाद र तनाव पैदा हुने, संविधानको निर्माणमा समेत बाधा पुग्ने र त्यसरी राष्ट्रिय एकतामा आँच पुग्ने सम्भावना हुनेछ । नेपालमा परम्परादेखि नै पहाड र तराईका बीचमा उत्तरदेखि दक्षिणसम्म भौगोलिक, सामाजिक, व्यवहारिक वा आवागमनका दृष्टिले समेत घनिष्ट सम्बन्ध रहदै आएको छ । त्यो अवस्थामा पहाडबाट अलग गरेर तराईमा दुई प्रदेशहरुको निर्माण गर्ने जुन सहमति गरिएको छ त्यो गम्भीर प्रकारले आपत्तिजनक छ ।

चित्रबहादुर
......................
चित्रबहादुर के.सी.
अध्यक्ष
राष्ट्रिय जनमोर्चा

**अतहर कमाल मुसलमान**
संविधान सभा सदस्य (स्वतन्त्र)
कपिलवस्तु क्षेत्र नं. २
सिंहदरवार, काठमाण्डौ

च.नं. ०३
०६९/०६/१५

फोन नं. ९७७-०१-४२११७८८
मोबाईल : ९८४७०५२६४४

२०६९/६/१६

श्रीमान् सभापति ज्यू
संवैधानिक - राजनीतिक संवाद तथा सहमति समिति
सिंहदरवार, काठमाडौं

विषय:- संविधानका अन्तरवस्तु सम्बन्धि अवधारणा।

महोदय,

उपरोक्त सम्बन्धमा राज्य पुनर्संरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली र न्याय प्रणालीमा नेपाली कांग्रेस र नेकपा एमाले द्वारा तयार संयुक्त अवधारणा लाई समर्थन गर्दै संवैधानिक आयोग को विषयमा यस समिति बाट भएको पूर्व सहमति अनुसार को संवैधानिक आयोगहरु लाई समेत मान्यता दिंदै तपसील बमोजिमका २वटा संवैधानिक आयोग थप गर्नका लागी आफ्नो अवधारणा प्रस्तुत गर्दछु।

तपसील

थप गर्नु पर्ने २वटा संवैधानिक आयोगहरु -

१) मुस्लिम आयोग
२) आदिवासी तथा जनजाती आयोग

[signature]

अतहर कमाल मुसलमान
स्वतन्त्र सभासद

# राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल
## संसदीय दलको कार्यालय
## सिंहदरबार, काठमाडौं

दलका नेताः मा. कमल थापा

५. ५. ०४ / ०७१-०८-१८


मिति : २०७१ कार्तिक १६ गते

मा. सभापति ज्यू,
संवैधानिक राजनैतिक सम्बाद तथा सहमति समिति
संसद सचिवालय
सिंहदरबार, काठमाण्डौ ।

**बिषय : राप्रपा नेपालको अवधारणा ।**

संवैधानिक राजनैतिक सम्बाद तथा सहमति समितिको बैठकले सहमति हुन नसकेका विषयहरुमा पार्टीहरुको फरक धारणा सहितको प्रतिवेदन संविधानसभामा पठाउने निर्णय गरे अनुरुप राप्रपा नेपालको देहाय बमोजिमको धारणा पेश गरेको छ ।

१. सनातन हिन्दुराष्ट्र; नेपाल स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, अविभाज्य, सर्वधर्म समभाव र पूर्ण धार्मिक स्वतन्त्रतासहितको सनातनहिन्दुराष्ट्र हुनु पर्दछ ।

२. शासकिय स्वरुप : राष्ट्रप्रमुखका रुपमा संवैधानिक राजसंस्था र कार्यकारी प्रमुखका रुपमा जनताद्धारा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री रहने शासकिय स्वरुप कायम गरिनु पर्दछ ।

३. राज्यको पुर्नसंरचना : क) स्थानीय सरकारको अवधारणा अनुरुप विद्यमान स्थानीय निकाय सम्बन्धि व्यवस्थामा आमुल परिवर्तन गरि सुदृढ स्थानीय स्वायत शासन प्रणाली कायम रहनु पर्दछ ।

ख) आत्मनिर्णयको अधिकार रहनु हुँदैन ।

४) निर्वाचन प्रणाली : व्यवस्थापिकाको तल्लो सदन प्रतिनिधि सभाको निर्वाचन ५० प्रतिशत प्रत्यक्ष र ५० प्रतिशत समानुपातिक निर्वाचन प्रणाली अनुरुप हुनु पर्दछ ।

५. जनमत संग्रह : धर्म निरपेक्षता, गणतन्त्र र संघीयताका बिषयमा अन्तिम निर्णय गर्नु पूर्व जनताको प्रत्यक्ष अभिमत बुझ्न जनमत संग्रह गरिनु पर्दछ ।

मा. कमल थापा
अध्यक्ष तथा संसदीय दलको नेता
राप्रपा नेपाल

# विवादस्पद महत्वपूर्ण विषयमा नेकपा (माले) का दृष्टिकोण र नीतिहरु

पहिलो संविधानसभा विवादस्पद महत्वपूर्ण विषयमा सहमति जुटाउन नसक्दा र संविधान ल्याउन अन्य प्रक्रियामा सहमत हुन नसक्दा असफल बनेर २०६९ सालको जेठ १४ गते राती विघटित भयो । २०७० साल मंसिर ४ मा निर्वाचित दोस्रो संविधानसभा पनि दलहरु आफैले तय गरेको समय-सिमाभित्र उपरोक्त विषयहरु वा संविधान बनाउने अन्य प्रक्रियाहरुमा सहमत हुन सकिरहेका छैनन् । यस्तो स्थितिमा दलहरुले यी दुवै कालखण्डमा अपनाइएको समाधान खोजने आफ्नो कार्यपद्धतिबारे समीक्षा गर्नु पर्दछ । उक्त कार्यपद्धति सतही, मनगढन्ते र आंशिक समाधान दिने अवैज्ञानिक कार्यपद्धति थियो । त्यसलाई परित्याग गर्दै विषय (प्रश्न) को परिवेश र त्यसका कारणहरु पत्तो लगाउने र ती कारणहरुको समाधान गर्ने वैज्ञानिक कार्यपद्धति अवलम्वन गरिनुपर्छ । नेकपा (माले) ले यस्तो कार्यपद्धति अपनाउँदै संविधान निर्माणका केही महत्वपूर्ण विवादस्पद प्रश्नहरुबारे आफ्नो दृष्टिकोण र नीतिहरु निश्चित गरेको छ । तिनीहरुलाई संक्षेपमा निम्न प्रकार उल्लेख गरिएको छ ।

## १. जातीय तथा क्षेत्रीय प्रश्नहरुको समाधान

नेपाल बहुजातीय (Multi-ethnic) राज्य-राष्ट्र हो । यहाँ आर्य, मंगोल-किरात, द्रविड र मुस्लिम मूलका लगभग ६० वटा जाति-जनजाति बसोवास गर्छन् । उनीहरुले ९३ वटा भन्दा बढी भाषाहरु बोल्छन् । यहाँ धेरै धर्म-संस्कृतिहरु छन्, जसको मेलले नेपाली संस्कृति बनेको छ । यहाँ विकसित भएका बागमती सभ्यता, किरात सभ्यता, मैथिली सभ्यता, लुम्बिनी सभ्यता, खश सभ्यता, कौशिक सभ्यता जस्ता प्राचीन सभ्यताहरुको सहअस्तित्व र आपसी सहिष्णुताको कारण नेपाल बहुसाँस्कृतिक देश बनेको हो । आर्यवर्त्त *(वर्तमान भारतको गंगा-यमुनाको मैदानी भाग)* बाट १०/१५ सय इश्वीपूर्व अघिदेखि विकसित भएको वर्ण/जातपातीय व्यवस्था (Caste system) लाई नेपालका तीनवटा विकसित जातिहरु-मधेशीआर्य, खशआर्य र नेवारहरुले अपनाएका हुनाले यहाँ जाति (Ethnicities) र जात (castes) यसरी अन्तरघुलित भएका छन् कि मानिसहरुले तिनीहरु विचको भेदलाई नै बुझ्न छोडेका छन् । विगत ४/५ सय वर्ष अघिदेखि जातीय पहिचानलाई होइन, वर्ण (जातपातीय) व्यवस्थालाई प्राथमिकता दिने मान्यता प्रभावी भएकाले नेपालमा जातीय (Ethnic) पहिचान गौण बन्न र यहाँसम्म कि कुण्ठित हुन पुगेको छ । समाजको विकास र सुस्त आधुनिकीकरणले अन्तरजातीय (Inter-ethnic) र अन्तरजातपातीय (Inter-caste) घुलमिल र मिश्रित बसोवास यति धेरै बढेको छ कि लगभग पौने शताब्दीकै बीचमा *(२००७ सालको परिवर्तन)* पछाडि प्राय: सबै जाति र जनजाति अनि विभिन्न जातका अधिकांश मानिसहरुले आफ्नो पुरानो थातथलो छोडेर अन्यत्र गई अन्य जातजातिका नेपालीहरुसँग घुलमिल गरेर बस्न थालेका छन् । यस्तो अवस्थामा अहिले आएर विभिन्न कारणवश जातीय पहिचानको माग बढेको छ, जो धेरै हिसावले उचित र उपयुक्त पनि छ । यसलाई नयाँ संविधानले सम्वोधन गर्नुपर्दछ ।

यसै गरी आधुनिक नेपालको निर्माण भएदेखि नै नेपालको राजसत्ताको केन्द्र बनेको काठमाडौंबाट विभिन्न कारणले देशका विभिन्न भागहरु- हिमाली क्षेत्र, कर्णाली क्षेत्र, सुदूर पश्चिमी क्षेत्र, तराई/मधेश आदि उपेक्षा र विभेदका शिकार बनेका छन् ।

फरक-फरक मात्रामा भए पनि सबै जातिका महिलाहरु सामन्तवाद, शोषक वर्गीय राज्यसत्ता र पितृसत्ताबाट उपेक्षित र शोषित-पीडित बनेका छन् । विगतमा शूद्र /अछूत भनिने, वर्तमानकालमा दलित भनेर चिनिने तीनवटै जातिका जनसमुदायहरु समाजबाट वहिष्करण र सामन्ती सत्ताबाट शोषण र उत्पीडनको शिकार भएका छन् ।

उपरोक्त सबैखाले विभेदहरु विरुद्ध आज समाजमा आवाज बुलन्द बनेको छ, जो सर्वथा उचित छ, जसलाई संविधानसभाबाट निर्माण हुने नयाँ संविधानले सम्वोधन गर्नुपर्दछ ।

यस्ता जातीय, क्षेत्रीय, लिङ्गीय र जातपातीय विभेद र शोषण-उत्पीडनहरुलाई देशमा राजनीतिक दलहरुले शुरुदेखि नै, कम्तिमा पनि २००७ सालदेखि नै गम्भीरतापूर्वक लिएर कारणलाई पर्गेल्दै तिनको समाधान गर्न यथार्थमा आधारित प्रगतिशील नीति लिन सकेका भए, यस्तो अस्तव्यस्तता उत्पन्न हुने नै थिएन । त्यतिमात्र नभई आज आएर पनि देशका

पुराना, ठूला र 'क्रान्तिकारी' भनिने राजनीतिक पार्टीहरुमा यिनीहरुका सम्बन्धमा विशेष गरी जातीय र क्षेत्रीय प्रश्नहरुलाई सम्वोधन गर्ने सही दृष्टिकोण र प्रस्तावहरु विकसित नै भएका छैनन्। त्यसैकारण ती राजनीतिक पार्टीहरुमा जातीय र क्षेत्रीय प्रश्नहरुलाई संविधान र कानुनमा उपयुक्त व्यवस्थाहरु गरी तिनलाई कार्यान्वयन गर्दै/गराउँदै समाधान गर्ने दृष्टिकोण र नीति विकसित भएको छैन। उनीहरु यी जातीय तथा क्षेत्रीय प्रश्नहरु र देशको सङ्घीयकरणलाई अनुचित ढंगले छ्यासमिस पार्ने र एकल जातीय कि बहुजातीय प्रदेश निर्माण गरी यिनलाई समाधान गर्ने भन्ने निरर्थक प्रश्न वरिपरि अलमलिरहेका छन्। उनीहरु नेपालजस्तो सानो, जातीय, भाषिक, धार्मिक साँस्कृतिक एवं भौगोलिक विविधता भएको, अत्यन्त सम्वेदनशील भूराजनीतिमा अवस्थित मुलुकलाई कुन उद्देश्य प्राप्तिको निम्ति सङ्घीयकरण गर्ने र जातीय एवं क्षेत्रीय प्रश्नहरुलाई उपयुक्त सम्वैधानिक र कानुनी व्यवस्था गरी किन समाधान गर्न नलाग्ने भनी सही ढंगले सोच्न समेत सकिरहेका छैनन्। नेकपा (माले) ले निम्नप्रकारले तिनलाई सम्वोधन र समाधान गर्ने छ :

**१.१.१ जातीय पहिचान :** योग्य व्यक्तिहरु राखी समावेशी बनावट भएको **"जात-जाति अध्ययन आयोग"** वा *'जातीय पहिचान आयोग'* निर्माण गर्ने। त्यसद्वारा नेपालका विभिन्न जात समूहमा विभाजित खशआर्य र मधेशीआर्य, विभिन्न भेदका किरात, मंगोल, मुश्लिम, द्रविड-आष्ट्रिक मूलका नेपालका जातिहरु (Ethnicities) को प्रामाणिक सूची बनाउने। यसैगरी मधेशी आर्य, खशआर्य र नेवार तीनवटै जातिमा रहेका 'दलित' जातहरुको सूची पनि बनाउने। ती दुवैलाई नयाँ संविधानमा अनुसूची बनाएर राख्ने। जातीय पहिचान कायम गर्ने यो पहिलो औपचारिक र निर्णायक कार्य हुनेछ। स्मरणहोस, जाति र जातहरुलाई छ्यासमिस पारी मिसाउँदै सरकार आजसम्म पनि नेपालमा कहिले १०३ जातजाति त कहिले १२५ जातिजाति छन् भनिरहेछ।

१.१.२. जातीय पहिचानलाई भौगोलिक आधार प्रदान गर्नको निम्ति सबै खशइतर जातिहरुको निम्ति प्रदेश मातहत सम्वन्धित जातिको बहुमत भएको स्थानमा जातीय स्वायत्त इकाइ र बहुमत पुग्नै नसक्ने जातिको निम्ति संरक्षित जातीय स्वायत्त इकाई गठन गरिने छ।

**१.१.३** नेपालका खशआर्य, मधेशीआर्य, किरात, मंगोल, द्रविड र आष्ट्रिक मूलका जातिहरु प्राचीन कालदेखि नै यहाँ सँगसँगै बस्दै आएका जाति हुन्। नेपाल एकीकरणको धेरै वर्ष अघि राजा रत्न मल्लको समयदेखि नेपालमा मुश्लिमहरुको बसोवास हुँदै आएको हो। अतः नेपालका उक्त नश्लमूलका सबै जातिहरु प्राचीन कालदेखि नै सँगै बसोवास गरेका र कुनै जाति एकीकरणको समय अधिदेखि नै यहाँ बसोवास गरेका कारणले उनीहरु सबै नेपालका आदिवासी/मूलबासी हुन् भनी संविधानमा उल्लेख गर्ने।

**१.१.४** नेपालमा समाज विकासको क्रममा अलिक पहिले सामन्तवाद र पुँजीवादको अवस्थामा पुग्ने केही जाति छन् र त्यसभन्दा केही पछि परेका अनि मातृसत्ताका अवशेषहरु बोकिरहेका धेरै जनजातिहरु छन्। तर नेपालमा आदिवासी र गैरआदिवासी दुई खाले जाति छैनन् भनी संविधानमा स्पष्टतासाथ किटान गर्ने।

**१.२. सबैमा समानता कायम गर्ने:** जातीय, क्षेत्रीय, लिङ्गीय तथा जातपातीय विभेद हटाई समानता कायम गर्नका निम्ति कामहरु गरिनेछन्।

**१.२.१.** संविधानद्वारा नेपालका सबै जाति र जनजातिका *(जाति मात्र भनेर पनि दुवैलाई बुझ्न/बुझाउनु अनुचित हुँदैन)* मातृभाषाहरुलाई समान राष्ट्रिय भाषा वा राष्ट्रभाषा मान्ने। सबै जातिका अत्यधिक नेपालीहरुले बुझ्ने र प्रयोग गर्ने, देवनागरी लिपिको नेपाली भाषालाई केन्द्रीय *(सङ्घीय)* सरकारको कामकाजको भाषा बनाउने। लेखापढी योग्य रहेका अन्य राष्ट्रिय भाषाहरुलाई पनि नेपाली भाषा पछि सम्बन्धित प्रदेश वा क्षेत्रमा सरकारी कामकाजको भाषाको संवैधानिक मान्यता दिने। राज्यले सबै राष्ट्रिय भाषाहरुलाई विकासको समान अवसर र सुविधा उपलब्ध गराउने। अंग्रेजी भाषालाई अन्तर्राष्ट्रिय सम्पर्कको भाषा कायम गर्ने। यसका साथै सबै राष्ट्रिय भाषाहरुको समान विकासका लागि एक **भाषा विज्ञान प्रतिष्ठान** स्थापना गर्ने र भाषिक अधिकारहरुको सुरक्षाका लागि कानुनी व्यवस्था गर्ने।

**१.२.२.** संविधानद्वारा सबै जातिहरुका संस्कृति, पहिरन, खानपीन, चाडपर्व आदिलाई समान राष्ट्रिय मान्यता प्रदान गर्ने र समान व्यवहारको प्रत्याभूति गर्ने। उपयुक्त संयन्त्र बनाई सबै धर्म-संस्कृतिलाई सम्मान गर्ने गरी चाडपर्वहरुमा विदाको व्यवस्था मिलाउने।

**१.२.३.** महिला र पुरुषबीच, छोरा र छोरीबीच, समाजको हर क्षेत्रमा- पैत्रिक सम्पत्तिमाथिको हक, शिक्षा, रोजगारी, विवाह, सामाजिक दायित्व आदिमा समान व्यवहार प्रत्याभूत गर्न कानुन बनाउने र तिनको कार्यान्वयन गर्ने।

महिलाप्रतिको भेदभाव, घरेलु तथा सामाजिक हिंसालाई उन्मूलन गर्न कानुन बनाउने र कार्यान्वयन गर्ने। राज्यले महिलाविरुद्ध सामन्ती, पुँजीवादी, साम्राज्यवादी र पितृसत्तावादी शोषण, उत्पीडन र सँस्कृतिको विरुद्धमा निरन्तर सामाजिक अभियान सञ्चालन गर्ने।

**१.२.४.** 'दलित' र लोपोन्मुख समुदायहरुलाई निश्चित अवधिसम्म आरक्षण प्रदान गर्न सम्वैधानिक र कानुनी व्यवस्था गर्ने। तीनवटै जातिका दलितहरुलाई शिल्पी समुदाय भनी सम्मानित सामाजिक पहिचान दिने।

**१.२.५.** संविधानमा सूचीकृत शिल्पी -समुदायको आर्थिक, साँस्कृतिक, राजनीतिक, शैक्षिक र सामाजिक हैसियतलाई उन्नत गरी उनीहरुलाई विभेदमुक्त बनाउँदै जातपातीय व्यवस्थालाई नै उन्मूलन गर्ने।

**१.२.६** मानव विकास सूचकाङ्क (HDI) को आधारमा सबै जातिका आर्थिक रुपले कमजोर तप्कालाई निश्चित अवधिसम्म आरक्षणको अधिकार दिने।

**१.२.७.** तराई/मधेश र कर्णाली/हिमाली क्षेत्रका निम्ति राज्यका कार्यकारी निकायहरुमा प्रतिनिधित्वको उपयुक्त सम्वैधानिक र कानुनी व्यवस्था गर्ने।

**१.३. समावेशीकरण-** संविधान र कानुनमा निम्न बमोजिमको व्यवस्था गरेर राज्य र समाज सञ्चालन गर्ने निकायहरुलाई समावेशी बनाइने छ :

**१.३.१** राजनीतिक दलहरुलाई जातीय, क्षेत्रीय, लिङ्गीय र जातपातीय चारवटै आधारमा समावेशी बनाउन संवैधानिक व्यवस्था गर्ने।

**१.३.२** सङ्घीय प्रतिनिधिसभालाई समावेशी बनाउन **मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली** (MMPR) अपनाउने।

**१.३.३.** सेना, सशस्त्र एवम् जनपद प्रहरी तथा निजामति सेवा र राज्यका अन्य निकायहरुलाई चारवटै पक्षमा समावेशी बनाउन केही वर्षका लागि मात्र सम्वैधानिक एवं कानुनी मान्यता प्राप्त कोटा प्रणाली व्यवस्था गर्ने र

**१.३.४** उपर्युक्त ढंगले राज्यका महत्वपूर्ण निकायहरुलाई समानताका आधारमा चारवटै पक्षमा समावेशी बनाएर राज्यका साधन-श्रोतहरुमा समेत समानताको आधारमा समावेशी पहुँच कायम गर्ने।

## २. मुलुकसुहाँउदो सङ्घीय संरचना


राज्यले सङ्घीय प्रणाली अवलम्वन गर्ने निर्णय गरे पछि त्यो किन र कुन उद्देश्य प्राप्त गर्नका निम्ति गर्ने भन्ने विषयमा राजनीतिक पार्टीका दृष्टिकोण र उद्देश्यहरु यथार्थपरक, प्रगतिशील र स्पष्ट हुनुपर्छ। जातीय, क्षेत्रीय, लिङ्गीय र जातपातीय विभेद, असमानता र गैर-समावेशीकरणका प्रश्नहरुलाई संविधान र कानुनद्वारा समाधान गर्ने काम गर्दै सङ्घीय प्रणाली अन्तर्गत पनि जातीय पहिचानका निम्ति प्रदेशमातहत सबै खशइतर जातिहरुका निम्ति कम्तिमा १/१ वटा स्वायत्त र संरक्षित स्वायत्त जातीय एकाइ (क्षेत्र)हरु गठन गर्ने भएपछि नेपालमा सङ्घीय संरचना बनाउने उद्देश्यहरु निश्चित गर्न सहज हुन्छ। नेकपा (माले) ले सङ्घीय संरचना निर्माण गर्नका लागि निम्न उद्देश्यहरु निश्चित गरेको छ :

**(क) अधिकारको बाँडफाँट :** सङ्घीय (केन्द्रीय) तह, प्रान्तीय तह, जिल्ला तह र गाउँ/नगरपालिका गरी चारवटै तहमा संविधानबाटै राज्याधिकार बाडफाँट (निक्षेपण) गर्ने, ताकि सबै तहले स्वायत्ततापूर्वक काम गर्न सकून्।

**(ख) आर्थिक विकास :** आर्थिक विकासको कोणबाट र धान्न सकिने आधारलाई हेर्दै बढीमा ६ वटासम्म प्रदेशहरु गठन गरिनुपर्छ। आर्थिक विकासको निम्ति सबै प्रदेशहरुलाई प्राकृतिक श्रोतहरु सन्तुलित ढंगले उपलब्ध गराउन, उत्तर दक्षिण बगेका नदीहरुको सदुपयोगलाई प्रदेशबीच कम विवादास्पद बनाउन र चीन तथा भारत जस्ता दुवै बलिया अर्थतन्त्र भएका छिमेकी मुलुकहरुसँग सबै प्रदेशलाई व्यापार मार्फत् समृद्धि बढाउने औसर जुटाइदिनका निम्ति दुवै छिमेकी देशसँग सीमा जोडिने गरी सबै प्रदेशहरुको गठन हुनुपर्छ।

**(ग) राष्ट्रिय सुरक्षा :** दुई भिन्न सामाजिक व्यवस्था भएका चीन र भारतजस्ता ठूला र शक्तिशाली छिमेकीहरुसँग सबै प्रदेशहरुको सीमाना जोडिएमात्र प्रदेशहरुको सुरक्षा र समष्टिमा देशको सुरक्षालाई सुदृढ बनाउन अनि राष्ट्रिय स्वतन्त्रतालाई सबल राख्न मद्दत पुग्ने हुनाले प्रदेशहरु दुवै छिमेकी देशका सिमानासँग जोडिएका र उत्तर-दक्षिण लम्बाइका हुनु आवश्यक छ।

२.१ नेकपा (माले) ले उपर्युक्तआधारमा निम्न प्रकारका ६ वटा सङ्घीय प्रदेशहरू गठन गर्ने प्रस्ताव गरेको छ। विशेषज्ञहरूको रायबमोजिम प्रदेशहरूको सङ्ख्या निश्चित गर्न, वैज्ञानिक आधारमा सीमा निर्धारण गर्न र सङ्घीय संरचना निर्माण सम्बन्धी अन्य महत्वपूर्ण विषयहरुबारे छलफल गर्न यस प्रस्तावले आधार प्रदान गर्ने अपेक्षा गरिन्छ।




**(१) सगरमाथा प्रदेश :**

यो प्रदेश वर्तमानका सोलुखुम्बु, सङ्खुवासभा, ताप्लेजुङ, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम, उदयपुर, सिराहा, सप्तरी, सुनसरी, मोरङ र झापासमेत सोह्रओटा जिल्ला रहेको, २८,४५६ वर्ग किलोमिटर क्षेत्रफलको हुनेछ। वि.सं. २०६८ को जनगणनाअनुसार यस प्रदेशको जम्मा जनसंख्या ५७,८२,०३१ रहेको छ। यसको राजधानी धनकुटामा रहनेछ।

**(२) जनक प्रदेश :**

जनक प्रदेशमा वर्तमानका सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप, मकवानपुर *(११ पश्चिमी गाविस बाहेक)*, सिन्धुली, पर्सा *(ठोरी र निर्मलबस्ती गाविस बाहेक)*, बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषासमेत जम्मा १२ जिल्ला रहनेछन्। वि.सं. २०६८ को जनगणनाअनुसार यस प्रदेशको जनसंख्या ५८,७३,१८२ रहेको छ *(मकवानपुर र पर्सा जिल्लाका केही गा.वि.स.का जनसंख्या प्राविधिक कारणले हाललाई बागमतीमा उल्लेख गर्न सकिएको छैन)*। यस प्रदेशको राजधानी सिन्धुलीको सिन्धुलीगढीमा रहनेछ।

**(३) बागमती प्रदेश :**

वर्तमानका रसुवा धादिङ, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन र गोर्खा जिल्लाका ५३ गाविस, तनहुँ जिल्लाका ८ गाविस, नवलपरासी जिल्लाका २४ गाविस, मकवानपुर जिल्लाका ११ गाविस र पर्सा जिल्लाका २ गाविस समेत गरी ७ वटा वर्तमानका पूर्ण जिल्लाहरु र पाँच जिल्लाका ९८ गाविसहरु समावेश भएको प्रदेश हुनेछ। यसको क्षेत्रफल लगभग ११०९३ वर्गकिलोमिटर रहेको छ। वि.सं. २०६८ को जनगणनाअनुसार यस प्रदेशको जनसंख्या ३७,०६,२१२ रहेको छ। *(मकवानपुर, पर्सा गोरखा, तनहुँ र नवलपरासी जिल्लाका केही गा.वि.स.का जनसंख्या प्राविधिक कारणले हाललाई बागमती प्रदेशमा सामेल गर्न नसकिएको)* यसको राजधानी ललितपुरमा रहने छ।

**(४) लुम्बिनी प्रदेश :**

यसप्रदेशमा मुस्ताङ, मनाङ, म्याग्दी, कास्की, लमजुङ, बाग्लुङ, पर्वत, स्याङ्जा, प्युठान, गुल्मी, अर्घाखाँची, पाल्पा, कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लाका २४ गाविस बाहेक सबै, गोर्खा जिल्लाका ५३ गाविस बाहेक सबै र तनहुँ जिल्लाका ८ गाविस बाहेक सबै गरी ४६ गाविस समावेश भएको प्रदेश हुनेछ। यसको क्षेत्रफल लगभग २८१४२ वर्गकिलोमिटर र वि.सं. २०६८ को जनगणना अनुसार यस प्रदेशको जनसंख्या ५१,३५,२३३ रहेको छ। *(गोरखा, तनहुँ र नवलपरासी जिल्लाका केही गा.वि.स.का जनसंख्या प्राविधिक कारणले हाललाई लुम्बिनीमा सामेल गर्न नसकिएको)*। यसको प्रादेशिक राजधानी कास्कीको पोखरामा रहनेछ।

**(५) कर्णाली प्रदेश :**

कर्णाली प्रदेशमा मुगु, डोल्पा, जुम्ला, कालीकोट, दैलेख, जाजरकोट, ,रूकुम, सुर्खेत, सल्यान, रोल्पा, वर्दिया, बाँके र दाङसमेत १३ जिल्ला रहनेछन्। यसको जनसङ्ख्या ३२,६२,७२८ रहेको छ। ३५,४१४ वर्गकिलोमिटर क्षेत्रफल भएको यस प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा रहनेछ।

**(६) सेती-काली प्रदेश :**

यस प्रदेशमा वर्तमानका हुम्ला, दार्चुला, बझाङ, बाजुरा, बैतडी, डँडेलधुरा, डोटी, अछाम, कञ्चनपुर र कैलालीसमेत गरी १० जिल्ला रहनेछन्। यो २५,१९४ वर्गकिलोमिटर क्षेत्रफलको प्रदेश हुनेछ। यसको जनसङ्ख्या २५,९६,२०८ रहेको छ। यसको राजधानी डोटीको दीपायलमा रहनेछ।

- काठमाडौं उपत्यकाका नगरक्षेत्रहरु, पोखरा, विराटनगर, वीरगंजजस्ता केही नगरहरुलाई केन्द्र-शासित क्षेत्र बनाउने सम्बन्धको छलफल गर्न पनि नेकपा (माले) खुला रहनेछ।
- नेकपा (माले) माथि उल्लेखित तीनवटा उद्देश्यहरुभित्र रही तीनदेखि ६ वटासम्म प्रदेश गठन गर्नेबारे पनि खुला रहेको छ।

## २.२. जातीय पहिचानको निम्ति जातीय स्वायत्त एकाइहरू

समाजमा जातीय पहिचानको निम्ति जातीय प्रदेशको आवश्यकता हुन्छ भन्ने एउटा जवर्जस्त तर्क छ, जो विचारणीय पनि छ। तर हामी गम्भीर भएर विचार गरौं : के जातीय आधारमा नेपालमा सबै जातिहरूको निम्ति प्रदेश गठन गर्न सम्भव छ ? केही जातिहरूको निम्तिमात्र जातीय आधारमा प्रदेश निर्माण गरियो भने त्यो के अन्य जातिहरूको निम्ति न्यायसङ्गत होला ? त्यसको देखासिकी गरी प्रदेश नपाउने जातिहरूले प्रदेश प्राप्त नहुञ्जेलसम्म आन्दोलन गर्ने हो भने त्यसबाट देशमा राजनीतिक स्थिरता कसरी कायम रहला ? के देशमा प्रदेश बन्न लायक क्षेत्रमा कुनै पनि जातिको जनसंख्या त्यसक्षेत्रको कुल जनसंख्याको ५०%भन्दा बढी रहेको छ ? अल्पसंख्यामा भएको कुनै जातिको नाममा प्रदेशको नामाकरण गरिए, के त्यो द्वन्द्वको विउ बन्दैन ? जातीय प्रदेशबिना जातीय पहिचान लोप भइहाल्छ र संविधान र कानुनद्वारा जातीय पहिचानको रक्षा र सम्वर्द्धन हुन सक्तैन भन्ने तर्क सही होइन। अर्को कुरा, जातीय प्रदेशहरुले जातीय पहिचानको सम्वोधन गर्ने भए पनि के तिनीहरुले एकात्मक प्रणालीमा रहेका अन्य महत्वपूर्ण दोषहरु *(वर्गीय शोषण-उत्पीडन, पछौटेपना आदि)* लाई सहीरुपमा सम्वोधन गर्न सक्छन ? अतः पहिचानसम्बन्धी प्रश्नलाई सम्वोधन गर्दा देशका वास्तविकताहरुलाई यथार्थवादी ढंगले हेर्नुपर्छ र एकलकाँटे भएर होइन, समग्र पक्षहरुलाई ध्यान दिएर निर्णय गर्नुपर्छ ।

नेपालका सबै जातिहरूको साझा पहिचान **"नेपाली"** हो भने प्रत्येकका आफ्नै पेवा (विशिष्ट) पहिचान पनि हुन्छन्। तिनले विकसित हुन पाउनैपर्छ। त्यस्तै एउटा विशिष्ट पहिचान जातीय पहिचान पनि हो। हरेक जातिका ऐतिहासिक गौरवगाथाहरू साझा इतिहासमा संरक्षित रहन्छन्। जातीय पहिचान समानता र समावेशी प्रणाली स्थापना गर्ने संवैधानिक र कानुनी उपायहरु अवलम्वन गर्नेबारे माथि चर्चा गरिएको छ। त्यसमाथि प्रदेशअन्तर्गत जातीय बसोबासको संघनताको आधारमा बनाइने कार्यकारी अधिकारसहितका जातीय स्वायत्त एकाइहरुको स्थापना गर्नाले जातीय पहिचानको मागलाई प्रभावकारी ढङ्गले सम्वोधन गर्न थप सहयोग पुग्ने छ। यसरी सबै जातिहरुले सङ्घीय नेपालमा विशिष्ट अस्तित्वसहित साझा पहिचानमा रमाउने र जातीय स्वशासित एकाइमा रहेर आफ्नो जातिको विशिष्ट चिनारीलाई चम्काउने विधि अवलम्बन गर्नु उपयुक्त हुनेछ।

कुनै जातिको बहुसङ्ख्याले बसोबास गरेका गाउँहरू भएको र कम्तिमा एकलाखको आसपास जनसङ्ख्या भएको क्षेत्रमा त्यस जातिको स्वायत्त एकाइ निर्माण गर्न सकिन्छ। तर जम्मा जनसङ्ख्या नै एक लाखभन्दा थोरै भएका कुसुण्डा, बोटे, राउटे, हायू, जिरेलजस्ता अल्पसङ्ख्यक/लोपोन्मुख जातिहरूको बसोवास भएको क्षेत्रमा भने जम्मा जनसङ्ख्या जतिसुकै भए पनि उनीहरूको अधिक सङ्ख्या रहेको क्षेत्रमा त्यस्तो एकाइ बनाउनु पर्दछ। विगतदेखि नै विभेद-पीडित हुँदै आएका र थोरै जनसंख्या भएका जनजातिहरुको निम्ति स्वायत्त वा स्वाशासित एकाइ बनाउँदा उक्त एकाइमा सम्बन्धित जातिको जनसंख्या ५०%भन्दा पनि कम रहेमा त्यस्ता स्वायत्त एकाइलाई **संरक्षित स्वायत्त** एकाई भनी पहिचान दिनुपर्छ। यस्ता संरक्षित जातीय स्वायत्त इकाइमा सम्बन्धित जातिकै प्रतिनिधि त्यस इकाइको प्रमुख रहने कानुनी व्यवस्था गरिने छ।

जातीय स्वायत्त एकाइमा उपयुक्त निर्वाचनविधिद्वारा निर्वाचित प्रतिनिधिहरू एवं ती एकाइहरूमा कुनै अन्य जातिहरूको अत्यल्प सङ्ख्याको बसोवास पनि भए तीबाट समेत कम्तिमा एक/एकजना निर्वाचित प्रतिनिधि समेत सदस्य भएको जनपरिषद् रहनेछ। यसमा निर्वाचित स्वशासित एकाइप्रमुख कार्यकारी प्रमुख हुनेछन्।

सबै ठूला, साना वा लोपोन्मुख जातीय समुदायहरूको निम्ति अनिवार्य रुपमा विभिन्न आकारका कम्तिमा एक/एकवटा जातीय स्वशासित एकाइ निर्माण गरिने छ। तर कुनै जातिको बसोवासको आधारमा आवश्यक भए एकभन्दा बढी एकाइहरु पनि गठन गर्न सकिनेछ। भाषिक आधारमा मैथिली, भोजपुरी र अवधीभाषी क्षेत्रहरूमा उपयुक्त आकारका कम्तिमा एक/एक जातीय स्वशासित एकाइहरू र मुस्लिमजनहरुको निम्ति उपयुक्त क्षेत्रमा मापदण्डअनुसार एक वा बढी मुस्लिम स्वशासित एकाइहरू गठन गरिनेछन्।

जातीय स्वायत्त एकाइहरूमाथि प्रदेशिक सरकार हुनेछ। त्यस्ता एकाइहरू संविधानद्वारा प्रदत्त अधिकारहरूको आधारमा स्वशासित रहनेछन्। स्वायत्त एकाइका प्रशासनिक निकायहरू समावेशी चरित्रका हुनेछन्। तिनमा वसोवास गर्ने अन्य जाति, जनजाति समुदायका जनताका हित संविधान र कानुनद्वारा रक्षा गरिनेछन्।

जातीय स्वायत्त एकाइको नेतृत्व सम्बन्धित जातीय समुदायबाट निर्वाचित प्रतिनिधिहरुले नै गर्नेछन्। निश्चित निर्वाचन विधिमार्फत स्वायत्त एकाइहरुले प्रदेशसभामा र सङ्घीय राष्ट्रियसभामा आफ्ना प्रतिनिधिहरु पठाउने व्यवस्था गरिनेछ।

### २.३ सङ्घीय राज्यका तहहरू

पुनर्संरचित राज्यका ४ तह हुनेछन्-

(१) केन्द्र (सङ्घीय तह), (२) प्रदेशहरू, (३) प्रदेशहरूभित्र जिल्ला तथा जातीय स्वशासित एकाइहरू र (४) जिल्लादेखि तल आवश्यकताअनुसार गठित नगरपालिका र गाउपालिकाहरु। माथि उल्लेख गरिएअनुसार गठित जातीय स्वशासित एकाइहरूमा पनि आवश्यकताअनुसार स्थानीय निकायहरूको गठन गर्न सकिन्छ।

सङ्घीय व्यवस्थापिका संसद तथा राष्ट्रियसभा र प्रदेशसभा तथा तिनका कार्यकारी निकायहरुबारे भाग ६ मा उल्लेख गरिनेछ।

**२.४** बलियो केन्द्र रहेको संघीय प्रणाली नेपालको लागि उपयुक्त हुनेछ। केन्द्रले प्रान्तमा गभर्नर नियुक्त गर्नेछ। निश्चित आधारमा केन्द्रले प्रादेशिक सरकार विघटन गरी निश्चित अवधिका लागि राष्ट्रपति शासन लागू गर्ने प्रावधान राखिने छ।

२.५ केन्द्र र प्रदेशबीच अधिकारको विभाजन गरिनेछ। रक्षा, परराष्ट्रसम्बन्ध, अर्थ, मौद्रिक नीति, राष्ट्रिय यातायात र परिवहन मार्गहरु, केन्द्रीय व्याङ्क, केन्द्रीय विद्यालय तथा विश्वविद्यालयहरू, केन्द्रीय अस्पताल, ठूला उद्योग-धन्दाहरू, ठूला जलविद्युत् योजनाहरू, राष्ट्रिय राजमार्गहरू, राष्ट्रिय हवाई सेवा, केन्द्रीय हुलाक, दूरसञ्चार, रेडियो, केन्द्रीय सशस्त्र प्रहरी आदि केन्द्र सरकारको मातहत हुनेछन्।

२.६ प्रादेशिक तथा स्थानीय प्रशासन, शिक्षा, स्वास्थ्य-सेवा, स्वायत्त एकाइहरूको सम्बन्धन, प्रादेशिक एवं स्थानीय यातायात परिवहन, स्थानीय साधन-स्रोतहरूको व्यवस्थापन, प्रादेशिक एवं स्थानीय योजना, विकास-निर्माण आदि कार्य प्रदेशहरूका अधिकारक्षेत्रमा रहनेछन्।

२.७ संविधानले प्रदान गरेका अधिकारहरू कार्यान्वयन गर्न संघीय प्रदेशहरू स्वायत्त रहनेछन्।

२.८ देशको एउटै नागरिकता सबै प्रदेशहरूमा मान्य साझा नागरिकता हुनेछ र यसको नियमन केन्द्रीय सरकारले गर्नेछ।

२.९ नेपालका सबै नागरिकहरूलाई देशको कुनै पनि संघीय प्रदेशमा आइजाइ गर्ने, बसोबास गर्ने र सम्पत्ति भोगचलन गर्ने अकुण्ठित अधिकार रहनेछ।

२.१० संघीय प्रदेशका सबै राजनीतिक निकायहरू संवैधानिक र कानुनी प्रावधानअनुरूप जातजाति, लिंग र क्षेत्रको आधारमा समावेशी चरित्रका हुनेछन्।

२.११ प्रदेशहरूका आफ्नै लोकसेवा आयोग, प्रहरीसेवा, न्यायसेवा, वैंक, उद्योगधन्धाहरू, विश्वविद्यालयहरू, अस्पताल, आदि हुनेछन्।

२.१२ जातीय स्वायत्त एकाइहरूमाथि प्रान्तीय सरकार हुनेछ। तर त्यस्ता एकाइहरू संविधानद्वारा प्रदत्त अधिकारहरूको आधारमा स्वायत्त रहनेछन्। स्वायत्त एकाइका राजनीतिक संस्थाहरू समावेशी चरित्रका हुनेछन्। तिनमा वसोवास गर्ने अन्य जातजातीय समुदायका जनताका हित संविधान र कानुनद्वारा रक्षा गरिनेछन्।

**३. शासकीय स्वरुप :**

**३.१ राष्ट्रप्रमुख-निर्वाचित राष्ट्रपति :** नयाँ संविधानमा निर्वाचित राष्ट्रपति राष्ट्रप्रमुख र सेनाका परमाधिपति रहने छन्। राष्ट्रपति संवैधानिक रहनेछन् र निजलाई केही सन्तुलनकारी अधिकार दिइने छ।

**३.२. उपराष्ट्रपति :** उपराष्ट्रपतिको पनि व्यवस्था गरिने छ , उपराष्ट्रपतिले राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको दायित्व निर्वाह गर्नेछन् र संङ्घीय राष्ट्रियसभाको अध्यक्षता गर्ने छन्।

**३.३ राष्ट्रपतिको निर्वाचन :** प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूले राष्ट्रपतिको निर्वाचन गर्नेछन्। यही विधिबाट उपराष्ट्रपतिको पनि निर्वाचन हुनेछ।

**३.४ सरकारको कार्यकारी प्रमुख :** वालिग मताधिकारको आधारमा सिंगो देशबाट प्रत्यक्ष रूपमा निर्वाचित हुने नेपाली नागरिक प्रधानमन्त्रीको रूपमा सरकारका कार्यकारी प्रमुख हुनेछन्। यसप्रकार प्रत्यक्ष रूपमा निर्वाचित प्रधानमन्त्रीले संसद-सदस्यहरूबाट मात्र नभई बाहिरबाट समेत योग्य नेपाली नागरिकहरूलाई लिई मन्त्रीपरिषद्को गठन र सञ्चालन गर्न सक्नेछन्। मन्त्रीमण्डल प्रधानमन्त्रीप्रति र सिंगो मन्त्रीमण्डल संसदप्रति जिम्मेवार रहनेछन्।

**३.५. कार्यावधि :** कुनै पनि योग्य नेपाली नागरिक लगातार दुई कार्यकालको निम्ति राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री पदमा निर्वाचित हुन सक्नेछन्। सबैको एक कार्यकालको अवधि ५ वर्षको रहने छ।

**३.६ प्रगतिशील गणतान्त्रिक लोकतन्त्र :** यो निरंकुश राजतन्त्रको उन्मुलन र अग्रगामी सामाजिक परिवर्तन पश्चात् समाजमा विकसित भएको पुँजीवादी चरित्रको अग्रगामी (प्रगतिशील) लोकतन्त्र हो। यसको आधार विगतका पुँजीवादी जनतान्त्रिक राजनीतिक परिवर्तन (क्रान्ति) मार्फत निर्माण हुँदै आएको छ। यो वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय र जातपातीय आधारमा समावेशी चरित्रको हुनेछ। यसमा राजनीतिक दलहरू निर्वाध रूपमा खुल्न पाउँछन्। देशमा जनताका नागरिक अधिकार, मौलिक जनतान्त्रिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचनको व्यवस्था, विधिको शासन, संचार माध्यमको स्वतन्त्रता, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीच हुनुपर्ने शक्ति पृथक्कीकरण, न्यायालय तथा प्रेसको स्वतन्त्रता, देशभित्र निर्वाध आवागमन, वसोवास र व्यवसाय गर्ने अधिकार, निजी सम्पत्ति राख्ने, भोगचलन र किनवेच गर्ने अधिकार, सबै प्रकारका भेदभावविरोधी अधिकार, नारीसमानताको अधिकारका साथै समाजका राजनीतिक, निजामति, सुरक्षा लगायत सबै निकायहरूलाई जातजाति र क्षेत्रका हिसाबले सामेली बनाउने नीतिहरुको कार्यान्वयन गरिनेछ।

३.६.१ देशमा बहुदलीय प्रतिस्पर्द्धात्मक राजनीतिक व्यवस्था रहनेछ। संविधानसभा मार्फत देश संघीय संरचनामा जाने हुनाले सोहीबमोजिम केन्द्रीय/सङ्घीय र प्रादेशिक व्यवस्थापिकाहरू गठन हुनेछन्।

३.६.२ केन्द्र (सङ्घीय तहमा) दुई सदनात्मक संसद रहनेछ। वालिग मताधिकारको आधारमा आवधिक आम चुनावबाट निर्वाचित जनप्रतिनिधि रहने तल्लो सदन-प्रतिनिधिसभा रहने छ। प्रतिनिधिसभा सदस्यहरूको उपयुक्त संख्याको निर्धारण जनसंख्या, भौगोलिक क्षेत्रहरू र संघीय इकाइहरूको न्यायोचित प्रतिनिधित्व हुने गरी गरिनेछ। निर्वाचित प्रतिनिधिसभाको कार्यावधि ५ वर्षको रहनेछ।

## ४. संघीय राष्ट्रिय सभा

४.१ देशका विभिन्न जात, जाति र जनजातिको र अल्पसंख्यक समुदायका प्रतिनिधिहरू, राष्ट्रका विशिष्ट व्यक्तित्वहरू, विशेषज्ञहरू र स्थानीय जातीय स्वशासित र संरक्षित इकाइका *(निश्चित नीतिमा आधारित भएर निर्वाचित हुने प्रतिनिधिहरु)* सदस्य हुने प्रतिनिधिसभाभन्दा कम सदस्य भएको माथिल्लो सदनको रूपमा **राष्ट्रियसभा** रहनेछ।

४.२ **राष्ट्रियसभा**का सदस्यहरूको निर्वाचन प्रतिनिधिसभा र प्रादेशिक विधायिका सदस्यहरूद्वारा एकल संक्रमणीय निर्वाचन पद्धतिअनुसार गरिनेछ र यसको लागि निश्चित नीति अनुसार स्थानीय जातीय स्वशासित र संरक्षित इकाइका प्रतिनिधिहरु निर्वाचित हुनेछन्। कूल सदस्य संख्याका ५ प्रतिशत सदस्यहरू सरकारले मनोनित गर्न सक्नेछ।

## ५. निर्वाचन प्रणाली

प्रतिनिधिसभा सदस्यहरूको चुनावको लागि गरिने आमचुनावमा **मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली** (Mixed Member Proportional Representation-MMPR) अपनाइनेछ। यसमा आधा उम्मेदवार बहुमतीय प्रणालीबाट र अर्को आधा उम्मेदवार दलीय समानुपातिक सूचीबाट निर्वाचित हुनेछन्। यसको समानुपातिक निर्वाचनका उम्मेदवारहरूको बन्दसूची कानुनले तोकेको समूहगत प्रतिशत अनुसार दलहरूले तयार गर्नेछन्। यसप्रकार निर्वाचित प्रतिनिधिसभालाई अल्पसंख्यक सबै जाति, जनजाति, महिला, दलित, अपाङ्ग र पिछडिएको क्षेत्र, मुश्लिम अल्पसंख्यक समुदायहरु आदिलाई समावेशी प्रतिनिधित्वपूर्ण बनाइने छ। यस निर्वाचनमा प्रतिनिधिसभाका सदस्यहरूको प्रत्यक्ष निर्वाचनको निम्ति जनसंख्या र भौगोलिक क्षेत्रको न्यायोचित प्रतिनिधित्व हुने गरी निर्वाचनक्षेत्र कायम गरिनेछ।

## ६. प्रादेशिक संसद

६.१ संघीय प्रदेशहरूमा एक सदनात्मक विधायिका अर्थात् प्रदेशसभा रहनेछ। जनसंख्या र भौगोलिक क्षेत्रको न्यायोचित सन्तुलित प्रतिनिधित्वको आधारमा प्रदेशसभाका सदस्यहरुको उपयुक्त संख्या तोकिनेछ। विधायकहरूको निर्वाचनको निम्ति प्रत्यक्ष निर्वाचित हुने निर्वाचनप्रणाली अपनाइने छ। जनसंख्या र भौगोलिक सन्तुलन हुने गरी प्रत्येक प्रदेशभित्र विधायक-निर्वाचनक्षेत्र निर्धारण गरिनेछ। प्रादेशिक सभामा प्रदेश अन्तर्गतका जातीय स्वायत्त क्षेत्रहरुबाट निर्धारित नीति बमोजिम प्रतिनिधित्व हुनेछ।

६.२. प्रदेशसभामा रहेका एक वा बढी दलका बहुमत विधायकहरूले प्रान्तीय सरकार-प्रमुख चयन गर्नेछन्। उनले विधायकहरू मध्येबाट छरितो र कार्यक्षम प्रादेशिक मन्त्रीमण्डल गठन गर्नेछन्। विधायिकामा बहुमत-सदस्यहरूको सरकार पक्ष र अल्पमत विधायकहरूको प्रतिपक्ष रहनेछ।

## ७. न्यायपालिका

७.१ न्यायालय स्वतन्त्र रहनेछ। केन्द्रीय सर्वोच्च अदालत र प्रादेशिक उच्च न्यायालयहरू रहनेछन्। यिनीहरूको बीचमा कार्यक्षेत्र र अधिकारको उपयुक्त बाँडफाँड गरिनेछ। सर्वोच्च अदालतका न्यायाधीशहरूले संसदीय सुनुवाइबाट गुज्रनु पर्नेछ। यही नियम प्रादेशिक उच्च न्यायालयका न्यायाधीशहरूबारे पनि लागू हुनेछ। प्रादेशिक उच्च न्यायालयमुनि जिल्लाअदालतहरू रहनेछन्। अदालतमा जुरीको व्यवस्था राखिनेछ। बालबालिकाहरू, महिलाहरू, श्रमिकहरू, ज्येष्ठ नागरिकहरू, असक्त, अपाङ्ग र तेस्रो लिङ्गीहरूको हित रक्षा गर्न न्यायालयमा विशेष बेन्चको व्यवस्था गरिनेछ। न्याय-सम्पादनलाई छिटो छरितो तुलाउन र न्यायको आधारमा समाजको मेलमिलाप अघि बढाउन न्यायिक मेलमिलाप केन्द्रहरूको व्यवस्था पनि गरिनेछ।

७.२. सङ्घ र प्रदेश र प्रदेश-प्रदेशहरु वीचको विवादको सुनवाई गर्न सर्वोच्च अदालतका प्रधानन्यायाधिश नै यसको पनि प्रधानन्यायाधिश रहने ५/७ सदस्यीय एक संवैधानिक अदालत निश्चित समय (७/१० वर्ष) को लागि रहने छ।

## ८. नागरिकता नीति :

८.१. राष्ट्रका नागरिकहरूलाई प्रमाणित गर्ने काम देशको स्थिरता, स्वतन्त्रता एवं सार्वभौमसत्तासँग सम्बन्धित विषय हो। दुईतिर विशाल जनसंख्या भएका मुलुक छिमेकी रहेको र दक्षिणी छिमेकी भारतसँगको तीनतिरको अन्तर्राष्ट्रिय सीमाना खुला रहेको नेपालले नागरिकताको सम्बन्धमा अनुदार र कठोर नीति अपनाउनेछ। जन्मका

आधारमा होइन, वंशजका आधारमा नागरिकता दिने नीति कायम गरिनेछ। केन्द्रले मात्र नागरिकता प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

८.२ मिति २०४६ सालको चैत्र मसान्तभित्र जन्मी नेपालमा स्थायी बसोबास गर्दै आएका नेपालीले लिएका नागरिकतालाई जाँचबुझ गर्न न्यायिक छानविन आयोगको गठन गरिने छ र गलत ढंगले नागरिकता लिएको पाइएमा त्यसलाई खारेज गरिने छ।

८.३ नेपाल-भारत खुला सीमानाबाट आवागमन गर्ने दुवै देशका नागरिकहरुले सीमा नाकामा निश्चित प्रमाणहरुको आधारमा 'नाम दर्ता' गर्नु पर्ने व्यवस्था गरिने छ। नेपालमा बसी कुनै पनि वैध व्यवसाय गर्न इच्छुक विदेशी नागरिकहरूले **'कार्य अनुमति पत्र'** लिने व्यवस्था गरिनेछ। नेपालमा बसी यसरी काम गर्ने विदेशीहरूले नेपालको कानुनभित्र रही आर्जित गरेको सम्पत्तिको भोगचलन गर्न र आफ्नो मुलुकमा लान सक्ने व्यवस्था गरिनेछ।

८.४ नागरिकतासम्बन्धी उपर्युक्त नीतिहरूलाई कार्यान्वयन गर्दा नेपाल-भारत अन्तर्राष्ट्रिय सीमानाको दुवैपट्टि वस्ने नेपालीहरू र भारतीय नागरिकहरू बीचको सम्पर्क एवं सम्बन्धलाई सहज र सामान्य बनाउनको निम्ति अन्य आवश्यक सरल विधिहरू अपनाइने छन्। यसप्रकार नेपाल-भारत खुला सीमानालाई नियमन गरिनेछ। वैवाहिक आधारमा नागरिकता दिदा त्यसप्रकारको अंगिकृत नागरिकता लिने विदेशी महिलाले विवाहपश्तात् नेपालमा बसोवास गरेको कम्तिमा ७ वर्ष पछि मात्र सो माग गर्ने योग्यता राख्नेछिन्। त्यस अवधिमा राज्यले निजलाई स्थायी बसोवासको प्रमाणपत्र दिनेछ, जसको आधारमा निजले राजनीतिक बाहेक अन्य अधिकार उपभोग गर्न सक्ने छिन्।

८.५. विदेशी नागरिकता लिएको वंशजको नेपाली नागरिकले पुन नेपाली नागरिकता लिन चाहे नेपालमा स्थायीरुपमा ५ वर्ष बसेपछि मात्र वंशजकै नागरिता पाउने छन्। यो सुविधा अंगिकृत र जन्मसिद्ध पूर्वनेपाली नागरिकले पाउने छैन।

८.६. अंगीकृतक वा पुनः नागरिकता लिने नेपालीले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, न्यायलय र सुरक्षा निकायका प्रमुखका कार्यकारी संवैधानिक पद समाल्न पाउने छैनन्। अन्य सम्वैधानिक पदमा जान अंगीकृत वा पुनः नागरिकता प्राप्त गरेको ५ वर्ष पछि मात्र पाउने छन्। यो नियम उपरोक्त नागरिकता धारणा गर्ने पुरुष र महिला दुवैका सम्बन्धमा समानरुपमा लागू हुनेछ।

माथि उल्लेखित नेकपा (माले) का दृष्टिकोण र नीतिहरु पार्टीले संविधानसभाको निर्वाचन-२०७० मा जारी गरेको घोषणापत्रमा आधारित रहेका छन्।

Mainali

चन्द्रप्रकाश (सी॰पी॰) मैनाली
सदस्य: संविधानसभा नेपाल, - २०७०
सदस्य: सम्वैधानिक-राजनीतिक सम्वाद, सहमति समिति।
दलनेता: नेकपा (माले) सभासद्‌दल।

प्रस्तुत: १६/७/२०७१

नेकपा (माले) संविधानसभा/व्यवस्थापिका संसदीय दलको कार्यालय २०७०

# नेपाल परिवार दल
# NEPAL FAMILY PARTY

चुनाव चिन्ह

केन्द्रीय कार्यालय, काठमाडौं

पत्र संख्या :- ०६९/६२
चलानी नं. :- ९९

मिति :- २०६९/०६/१६

५-६-०३
०७१/०७/१८

मिति: २०७१/०७/१६

**माननीय डा. बाबुराम भट्टराई**
सभापति, संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति ।

विषय: संविधानका मुलभूत विषयमा नेपाल परिवार दलको संक्षिप्त धारणा पेश गरिएको बारे ।

नेपाल परिवार दल समावेशी लोकतन्त्र, मानव अधिकार, विधीको शासन, विभेद रहित समाज, स्वतन्त्र न्यायपालिका, बहुलवाद, बहुदलिय शासन व्यवस्था, लोकोपकारी राज्य, धार्मिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन, जनसहभागिता, सामाजिक न्याय, नैतिकवान समाज, राष्ट्रिय सोच, राष्ट्र र जनता पहिलो प्राथमिकता, शुसासन, मानव विकास, अर्थ विकास, कुशल कुटनीति, स्वाधीन अर्थतन्त्र, विष्पक्ष र दक्ष सुरक्षा निकाय, समावेशी राज्य, विश्वशनीय र जिम्मेवार सञ्चार, सेवा उन्मुख तथा पारदर्शी गैर सरकारी संस्था, सहकारीताको विकास, सचेत नागरिक, अभिभावकीय र निष्पक्ष नागरिक समाज, जवाफदेहीता, निष्पक्ष र स्वस्थ तथा सक्षम प्रशासनतन्त्र लगाएतका लोकतान्त्रिक परिपाटीमा निष्ठावान रहने पार्टी हो । नेपालमा बामपंथी र प्रजातान्त्रिक लगाएतका राजनैतिक दलहरूविच देखिएको अस्वस्थ प्रतिस्पर्दा, अविश्वास र कटुतालाई साम्य पार्दै सबैलाई मान्य हुने परिस्कृत, शाश्वत र बैज्ञानिक राजनैतिक विचारधारा "अग्रपंथी लोकतन्त्र" (Headwing Democracy) को माध्यमवाट सिंगो राष्ट्रलाई एकतावद्ध बनाउदै राष्ट्रको सर्वाङ्गीण विकास गरि सबै नागरिकहरूलाई सर्वोपरी हितमा नेपालको राजनैतिक, आर्थिक, सामाजिक लगाएतका क्षेत्रहरूमा आमुल सकारात्मक रूपान्तरणको सहकर्मी वनाउने विधी तथा व्यवस्था स्थापना गर्नु आजको आवश्यकता हो । त्यसैले सवल राष्ट्रियता, सामाजीक सदभाव, नैतिकवान समाज, शुसासन, समानता र आर्थिक समृद्धियुक्त संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण गर्नु हाम्रो प्रमुख दायीत्व हो ।

संविधानका मुलभूत विषयमा नेपाल परिवार दलको अवधारणाः-

| विषय | अवधारणा | कैफियत |
|---|---|---|
| शासकीय स्वरुप | परिमार्जित संसदिय व्यवस्था संघिय संसदको दुवै सदन र प्रादेशीकसभाका सदस्यरू सम्मिलीत इलेक्टोरल कलेजवाट राष्ट्रपति/उपराष्ट्रपतिको निर्वाचन, संघिय संसदको तल्लो सदन (प्रतिनीधिसभा) बाट बहुमत प्राप्त सदस्य प्रधानमन्त्री हुने, सरकार गठन भएको २ बर्ष सम्म अविश्वासको प्रस्ताव दर्ता गर्न नमिल्ने र त्यसपछि पनि संसदको बहुमत सदस्यको हस्ताक्षर र बैकल्पिक उमेदवार सहित मात्र अविश्वासको प्रस्ताव पेश गर्न पाउने, उपराष्ट्रपति राष्ट्रिय सभाको अध्यक्ष हुने, सभामुख र उपसभामुख, राष्ट्रपति र उपराष्ट्रपति मध्य एक अनिवार्य महिला हुने, संघिय संसद (दुवै सदन) को सदस्यको प्रतिनीधित्वको अनुपात करिव १ लाख जनसंख्या वरावर १ सांसद हुने - जनप्रतिनीधि सभा २३५ सदस्यर राष्ट्रिय सभा ६५ सदस्य हुने) र प्रदेशसभाको सदस्यको प्रतिनीधित्वको अनुपात करिव ५० हजार जनसंख्या बरावर १ प्रदेश सांसद हुने व्यवस्था गर्ने । | राष्ट्रपति र प्रधानमन्त्री विच अधिकारको बाँडफाड गर्ने, संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री |

Phone + Fax : 01-4485568, UTL: 2001006
nepalfamilyparty@gmail.com, www.nepalfamilyparty.org.np

| | | |
|---|---|---|
| संघिय ढाँचा | नेपालको संघिय ढाँचा समावेशी तथा बहुसाँस्कृतिक प्रकृतिको हुने, संघिय ढाँचामा संघ, प्रदेश र स्थानीय क्षेत्र गरी तीन तह हुने, राज्य पुर्नसंरचनाको आधार सामार्थ्य, पहिचान, जनसंख्या र भूगोल हुनुपर्ने, केन्द्र शासित क्षेत्र सहित वढिमा ७ प्रदेश बनाउने, प्रदेशसभा एक सदनात्मक हुने, प्रदेश प्रमुख गर्भनर रहने, प्रदेश सरकार प्रमुख मुख्य मन्त्री रहने, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र गर्भनर लगाएत संवैधानिक निकायका प्रमुख बन्न वंशजको आधारमा नागरिकता लिएकाले मात्र पाउने, स्थानिय क्षेत्रलाई अधिकार संपन्न वनाउनु पर्ने, | बहुसास्कृतिक ७ प्रदेश |
| निर्वाचन प्रणाली | मिश्रित निर्वाचन प्रणाली अर्न्तगत Mixed-member Proportional Representation (MMPR) अपनाउनु पर्ने जसमा compensatory mixed-member voting system लागु गर्ने, संघिय संसद र प्रादेशीक संसदको निर्वाचनमा MMPR अर्न्तगत ६० प्रतिशत समानुपातिक र ४० प्रतिशत प्रत्यक्ष निर्वाचित हुने, स्थानिय निकायको निर्वाचन गैर राजनैतिक हुने वा सम्पूर्ण उम्मेदवार स्वतन्त्र उठ्ने, समानुपातिकको कोटामा समावेशी बनाउने, समानुपातिकमा प्राप्त सिटको भाजक Sainte-Lague Method अपनाउने, कुनै पनि थ्रेसहोल्ड (Thresh Hold) नराख्ने । | समानुपातिक पार्टी र प्रत्यक्षमा व्यक्तिलाई मतदान गर्ने भएकाले अनिवार्यरूपमा समानुपातिकको प्रतिशत प्रत्यक्षको भन्दा बढि हुनु पर्ने । |
| न्याय प्रणाली | संवैधानिक सर्वोच्चता कायम गर्ने, न्याय प्रणाली स्वतन्त्र र निष्पक्ष हुने, संघमा सर्वोच्च अदालत (suprem court), प्रदेशमा उच्च अदालत (high court) र जिल्लामा जिल्ला अदालत (district court) रहने, संविधान सम्वद्ध विषय हेर्ने सर्वोच्च अदालतमा संवैधानिक वेञ्चको व्यवस्था गर्ने वा केही सिमित समयकालागि मात्र संवैधानीक अदालतको व्यवस्था गर्ने, न्यायधिशहरूको नियुक्ति संवैधानिक परिषदले गर्ने र न्याधिसहरू संविधान प्रति उत्तरदायी हुने, श्रम अदालत, पारिवारिक अदालत लगाएतको व्यवस्था गर्न सकिने । | शक्ति सन्तुलन र शक्ती पृथकीकरणमा आधारित स्वतन्त्र न्यायपालिका । |
| विविध | - राष्ट्रिय गान, नेपालको झण्डा हालकै कायम गर्ने,<br>- नेपालको अन्तरीम संविधान २०६३ मा लिपिवद्ध भएका उपलब्धीहरू यथावत राख्नुपर्ने,<br>- देशमा शान्ति, सदभाव, राष्ट्रिय मेलमिलाप, प्रेम, एकता, भातृत्वको भावना विकास गराउन आवश्यक संरचना स्थापना गर्ने व्यवस्था | |

धन्यवाद !

एकनाथ ढकाल
अध्यक्ष तथा सभासद
नेपाल परिवार दल

जनतावाद मानवतावाद

# नेपाली जनता दल
# Nepali Janata Dal

मिति :- २०७१/०५/३०

श्री नरहरि आचार्य
मानानिय मन्त्री
शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
सिहंदरवार, काठमाडौं ।

बिषय :- शासकीय स्वरुप, संघीय ढाँचा, निर्वाचन प्रणाली र न्याय प्रणाली लगायतका विषयमा दलको धारणा सम्बन्धमा ।

नेपाली जनताको ठूलो त्याग र संघर्षद्धारा सम्पन्न २०६३ को ऐतिहासिक राजनितिक परिवर्तनले संविधान सभा मार्फत आफ्नै प्रतिनिधि द्धारा संविधान बनाउने कार्यमा जुटेको हाम्रो मुलुकको संविधान निर्माणलाई सु सम्पन्न गर्न मानवीय सर्वागीण बिकास र नैसर्गिक अधिकारकालागि नेपाली जनताको संघीय गणतान्त्रिक संविधान बनाउने नेपाली जनता दलकों लिखित धारणा यस प्रकार छ ।

**शासकीय स्वरुप तथा निर्वाचन प्रणाली :-** संलग्न घोषणा पत्र २०७० को पेज नं. ७,८,९ र १० को
बुंदा नं. २ राष्ट्रपति/उपराष्ट्रपति बुदां नं.३ व्यवस्थापिका
बुदां नं. ३.१ केन्द्रीय व्यवस्थापिका, क, ख, ग, घ, ङ बुदां नं. ३.२ संघीय गणराज्यहरुमा व्यवस्थापिका क, ख, ग, घ, ङ
बुदां नं. ४ कार्यपालिका क, ख, ग, घ, ङ, च

**संघीय ढाँचा :-**
संलग्न घोषणा पत्र २०७० को पेन नं. ११ र १२ को बुदां नं. ६ राज्यको पुनःसर्मचना
१. सिताराम विराट गणराज्य/प्रदेश २. भृकुटी सगरमाथा गणराज्य/प्रदेश ३. मन्जुश्री गणराज्य/प्रदेश
४. पृथ्वी गणराज्य/प्रदेश ५. कर्णाली गणराज्य/प्रदेश ६. खप्तडभुमि गणराज्य/प्रदेश
७. बुद्धभुमी गणराज्य/प्रदेश
(घोषणा पत्र २०७० को अन्तिम पृष्ठको संघीयता सम्बन्धि नेपाली जनता दलको अवधारणा को नेपालको पूर्ण भौगोलिक नक्शा)

**न्याय प्रणाली :-** संलग्न घोषणा पत्र २०७० को पेन नं. १० को बुदां नं. ५ न्यायपालिका
१. सर्वोच्च अदालत २. सघीय अदालत ३. जिल्ला अदालत ४. स्थानीय अदालत

संलग्न :
१) नेपाली जनता दलको घोषणा पत्र २०७० - पाना १८ को जम्मा पेज - ३६ ।

नेपाली जनता दल २०५१

हरि चरण शाह
अध्यक्ष

केन्द्रिय कार्यालय : अनामनगर, काठमाडौं, नेपाल/ PH/FAX :- 977-1-4771718
E-mail : info@nepalijanatadal.org / Website :www.nepalijanatadal.org

# नेपाल मजदुर किसान पार्टी

## संसदीय दलको कार्यालय

सिंहदरबार, काठमाडौं

८-६-६८
०६९।०८।१५

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

च. नं.

मिति : ०६९।६।१५
१५ कार्तिक २०६९

माननीय सभापति
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति
संविधानसभा, काठमाडौं ।

**विषय: फरक मत पेश गरेको ।**

यस समितिमा प्रस्तुत, छलफल र निर्णय भएका संविधानका अन्तरवस्तुबारे नेपाल मजदुर किसान पार्टीको देहायबमोजिम फरक मत प्रस्तुत गर्दछु -

**१. शासकीय स्वरुप**

**कार्यपालिका**

- प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको बन्दोबस्त गरिनु पर्दछ ।
- प्रतिनिधिसभा र राष्ट्रिय सभाको सदस्य मन्त्री हुने छैनन् ।
- राष्ट्रपतिले आफैप्रति उत्तरदायी विज्ञ र विशेषताहरुको सानो मन्त्री परिषद बनाउने छन् ।
- देशको अखण्डतामा आँच आउने वा देशको एकतामा बाधा पर्ने कार्यलाई रोक्न राष्ट्रपतिले सम्बन्धित प्रादेशिक सरकार र प्रादेशिक विधानसभालाई समेत भङ्ग गरी राष्ट्रपतीय शासन लागू गर्न सक्नेछन् ।

**व्यवस्थापिका**

- व्यवस्थापिका दुई सदनात्मक हुनेछ ।

  क) माथिल्लो सदन राष्ट्रिय सभा हुनेछ,
  ख) तल्लो सदन प्रतिनिधिसभा हुनेछ ।

- माथिल्लो सभा जात-जाति र भाषा-भाषीको सभा अर्थात House of Nationalities हुनेछ । प्रदेशहरुबाट चुनिएका तीन-तीन जना सदस्यहरुबाट माथिल्लो सदनको निर्माण हुनेछ । राष्ट्रिय सभा स्थायी सदन हुनेछ ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

मिति : .............................

च. नं.

**प्रादेशिक विधानसभा**

- प्रादेशिक विधानसभा एक सदनको हुनेछ ।
- प्रादेशिक विधानसभाका सदस्यहरूको कार्यावधि चार वर्षको हुनेछ ।
- प्रादेशिक विधानसभाले आ-आफ्नो प्रदेशमा जात-जाति, भाषा-भाषीहरूको भावना र आवश्यकताअनुसार कला, संस्कृति, भाषा र साहित्यको विकासबारे विधेयकहरू पारित गर्नेछ र नीतिहरू निर्माण गर्नेछ ।
- प्रादेशिक विधानसभाले आ-आफ्नो प्रदेशको प्रमुख मन्त्री चुन्नेछ र प्रमुख मन्त्रीले मन्त्रीहरूको चयन गर्नेछ ।
- केन्द्रीय सरकारबाट नियुक्त गरिएका प्रादेशिक प्रमुख अधिकारी (गभर्नर)ले केन्द्र सरकार र प्रादेशिक सरकारको बीचमा पुलको काम गर्नेछ ।

**२. संघीय संरचना**

- प्राकृतिक श्रोत-साधन र भूगोलको आधारमा प्रत्येक प्रदेशमा तराइ, पहाड र हिमाल समावेश गरी प्रदेश विभाजन गरिनु पर्दछ ।
- जनताको इच्छाअनुसार देशको छिटो आर्थिक विकास गर्न चौध प्रदेश बनाउनु उपयुक्त हुन्छ ।
- आत्मनिर्णयको अधिकारसहित जात-जाति र भाषा-भाषी एवं क्षेत्रको आधारमा प्रदेश विभाजन गरिए अन्ततः साम्प्रदायिक भिडन्त हुँदै देश विभाजन हुने सम्भावना हुन्छ ।
- देशको रक्षा, परराष्ट्र, राष्ट्रिय यातायात, सञ्चार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान र प्रविधि, खनिज र जलस्रोत, हुलाक, भन्सार आदि केन्द्रीय सरकारमा नीहित हुनेछ । एउटा केन्द्रीय विश्वविद्यालय केन्द्रीय सरकारको मातहतमा हुनेछ ।
- कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, प्रादेशिकस्तरको खनिज, जलस्रोत, यातायात, घरेलु र कुटीर व्यवसाय, प्रादेशिक कर, भाषा र संस्कृति आदि प्रदेश सरकारको मातहतमा रहनेछ ।

**३. स्थानीय निकाय**

- संघीयताको नाममा देशको जिल्ला, नगर र गाविस जस्ता पुराना संरचना ध्वस्त र लथालिङ्ग पार्नु हुँदैन ।
- देशका सबै जात-जाति, भाषा-भाषीहरूका भाषा, साहित्य, कला र संस्कृति मानव सभ्यताकै अंग हो ।

नेपाल मजदुर किसान पार्टी
संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

च. नं. मिति : ..............................

- ठूल्ठूला शहरको जटिलताबाट देशलाई जोगाउनु पर्दछ र पूर्वाधार तयार गरेर मात्र नगरपालिकाहरु घोषणा गर्नु व्यावहारिक हुनेछ ।
- स्थानीय निकायलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार सम्पन्न गरी देशको आधा बजेट स्थानीय निकायमार्फत विकास निर्माण गर्नु/गराउनु उपयुक्त हुन्छ ।
- कुनै निश्चित क्षेत्र, नगर, गाउँलाई साँस्कृतिक क्षेत्र, नगर, गाउँ घोषणा गर्ने व्यवस्था गर्नु अति आवश्यक छ । त्यस्ता साँस्कृतिक क्षेत्रमा अन्य ठाउँका जनताले अचल सम्पति किन्न नपाउने ऐन-नियमले बन्दोबस्त गर्ने छ ।

**४. निर्वाचन प्रणाली**

- अहिलेको निर्वाचन प्रणालीभन्दा बढी प्रजातान्त्रिक र समावेशी भएको मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (एमएमपीआर) को आधारमा प्रतिनिधिसभा र प्रादेशिक सभाको निर्वाचन गरिनु पर्दछ । यो प्रणालीले जनसंख्या र भूगोल दुवैलाई सम्बोधन गर्छ ।
- प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रादेशिक सभाका सदस्यहरुको प्रत्याह्वानको व्यवस्था गरिने छ ।
- स्थानीय निकाय जिविस, नगरपालिका र गाविसहरुमा पनि दलगत आधारमा चुनाव हुनेछ ।

**५. न्याय प्रणाली**

- सर्वोच्च अदालतले केन्द्र र प्रदेशबीचको विवाद र प्रदेशहरुबीचको विवादको छिनोफानो गर्नेछ ।
- प्रत्येक प्रदेशको आ-आफ्नो अदालत हुनेछ ।
- प्रदेशभित्रका जिल्लाहरुमा जिल्ला अदालत हुनेछ ।
- सर्वोच्च अदालतले आवश्यकताअनुसार श्रम अदालत, उपभोक्ता अदालत, महिला अदालत र अन्य अदालत गठन गर्नेछ ।
- सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला अदालतका प्रधानन्यायाधीस र मुख्य न्यायाधीसहरु सम्बन्धित न्यायाधीसहरुबाट चुनाव गरी नियुक्ति गर्ने व्यवस्था गरिने छ ।
- न्यायपालिकालाई संसदप्रति जवाफदेही बनाइनु आवश्यक छ र संसदको सर्वोच्चता कायम गरिनेछ ।
- न्यायालयभित्रको ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारबारे संसदमा सांसदहरुले बोल्न पाउने छन् ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं. मिति : ..............................

**६. नागरिकता सम्बन्धमा**

- राज्यबाट प्राप्त अवसरहरु सजिलै पाउने व्यवस्थाको लागि केन्द्र र प्रदेश गरी दोहोरो नागरिकताको आवश्यकता टड्कारो देखिएको छ ।
- सोह्र (१६) वर्ष उमेर पुगेको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य हुनेछ ।
- अङ्गीकृत नागरिकता पाएका नेपालीबाट जन्म भएका व्यक्तिले वंशजको आधारमा नभई अङ्गीकृत नागरिकता नै पाउनेछन ।
- चिकित्सा विज्ञानले प्रमाणित नगरेसम्म "तेस्रो लिङ्गीय" पहिचानसहित नेपाली नागरिकता दिनु हुँदैन ।
- सरकारी कर्मचारीहरुले विदेशी नागरिकसंग विवाह गरेमा नेपाली नागरिकता स्वत: खारेज हुनेछ ।
- नेपाली नागरिकले विदेशी नागरिकसंग विवाह गरेमा वंशजको आधारको नेपाली नागरिकता स्वत: अङ्गीकृत नेपाली नागरिकतामा परिणत हुनेछ ।
- गैरआवासीय नेपालीलाई विशेष नागरिकतालगायत अन्य नागरिकता र परिचयपत्र दिनु आवश्यक छैन ।

**७. प्राकृतिक स्रोत-साधनबारे**

- प्राकृतिक स्रोत-साधनबारे विदेशसंग सन्धि-सम्झौताहरु संयुक्त सदनको दुई तिहाई बहुमतमा केन्द्र सरकारले मात्र पारित गर्नेछ ।

**८. समाजवादउन्मुख समाजको निम्ति संविधानमा देहायबमोजिमको बन्दोवस्त गर्नु पर्दछ:**

- शोषण विरोधको अधिकार,
- व्यक्तित्व विकासमा समान अवसरको अधिकार,
- 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' को सिद्धान्तअनुसार सबै नागरिकलाई रोजगारीको सुनिश्चितता,
- प्राथमिक कक्षादेखि उच्च माविसम्म नि:शुल्क र अनिवार्य तथा उच्च शिक्षा नि:शुल्क पाउनुपर्ने अधिकार,
- १८ वर्ष पुगेका हरेक नेपाली नागरिकलाई अनिवार्य सैनिक तालिमको अधिकार,
- १६ वर्षका बालिगलाई मताधिकारको व्यवस्था,

दलको कार्यालय : ४२२३०७४

केन्द्रीय कार्यालय : ६६१०९७४

फ्याक्स : ६६१३२०७

इमेल : nwpp@ntc.net.np


च. नं. मिति : ..............................

- ज्येष्ठ नागरिकलाई जीवनको सुनिश्चितता, नि:शुल्क उपचारको बन्दोबस्त र 'आदर निकेतन' को सुविधाको अधिकार,
- कल-कारखाना, कार्यालय, गाविस र नगरपालिकाको हरेक वडा र आवश्यक ठाउँहरूमो दूधे बालबालिकाको निम्ति शिशुशाला र खेल्ने बालबालिकाको निम्ति बालोद्यानको अनिवार्य बन्दोबस्त,
- उपचारविना कुनै नागरिक मर्न नपरोस् भन्ने उद्देश्यले सबै नागरिकलाई समान रूपले नि:शुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार,
- टुहुरा-टुहुरी, अशक्त, विधवा, बिरामी र आफन्तविनाका असहाय नागरिकहरूको जीवन सुरक्षाको सुनिश्चितता,
- बेरोजगार युवाहरूलाई भत्ताको बन्दोबस्त,
- सबै नागरिकलाई सुस्वास्थ्यको निम्ति खेलकुद र शारीरिक शिक्षाको बन्दोबस्त
- रोजगारी, शिक्षा र स्वास्थ्यको सहुलियत आदिमा आ-आफ्नो प्रदेशका नागरिकहरूले प्रादेशिक सरकारहरूबाट विनाभेदभाव काम र सेवा पाउने सुनिश्चितता हुनेछ।
- देश र जनताको दैनिक जीवनसँग गाँसिएका उत्पादनका साधन (कलकारखाना, वनजङ्गल, खेत-खलिहान र पोखरी, ताल तलैया) र सेवा सामाजिकीकरण र राष्ट्रियकरण गर्ने,
- पेट्रोलियम पदार्थ, ग्यास र खानेपानीजस्ता दैनिक उपभोग्य वस्तुहरू तथा सेवा राष्ट्रियकरण गर्ने,
- जमिन जोत्नेलाई वितरण गर्न क्रान्तिकारी भूमिसुधार लागू गर्ने,
- समतामूलक समाज निर्माणको निम्ति नेपाली नागरिकको सम्पत्तिको सीमा निर्धारण गर्ने,
- नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने,
- राज्यको संरचनामा जनसङ्ख्याको आधारमा मजदुर र किसानको सहभागिता हुने व्यवस्था गर्ने,
- नेपाली सेनाका प्रधानसेनापति र अन्य माथिल्ला पदाधिकारीहरू सम्बन्धित अधिकृतहरूबाट निर्वाचन गर्ने गराउने,
- जनपद र सशस्त्र प्रहरीका महानिरीक्षकहरू र अन्य माथिल्ला पदाधिकारीहरू सम्बन्धित प्रहरी अधिकृतहरूबाट निर्वाचन गर्ने गराउने,
- विश्वविद्यालयहरूका उपकूलपति, रेक्टर, रजिष्ट्रार र महत्त्वपूर्ण पदाधिकारीहरू सम्बन्धित परिषद्, सिनेट वा प्राध्यापकहरूबाटै निर्वाचन गर्ने गराउने।

**९. नागरिकका कर्तव्यहरु**

हरेक नागरिकको देश र जनताप्रति पालना गर्नुपर्ने कर्तव्यहरु:

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं.

मिति : ............................

- हरेक नेपाली नागरिक देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकतालाई आँखाको नानीलाई जस्तै जोगाउन कर्तव्यनिष्ठ रहने,
- आफ्नो देशको रक्षा र हितको विरोधमा विदेशीहरुलाई गुप्त र रक्षा मामिलाको सूचना दिने तथा जनताको हितविपरीत काम गर्ने देशद्रोही र जनद्रोहीबारे राज्यलाई सूचना दिने,
- हरेक नागरिकले जातीय, क्षेत्रीय र भाषागत मेलमिलाप र सद्भावनाको निम्ति कार्यरत रहने तथा देशका विभिन्न भाषा, साहित्य, कला र संस्कृतिलाई माया र आदर गर्ने,
- देशको भू-अखण्डता र सीमाको सुरक्षाको निम्ति हरेक नागरिक स्वयंसेवक हुन सदा तत्पर रहने,
- स्वदेश र विदेशमा रहने हरेक नेपाली नागरिक आफ्नो देश र जनताको निम्ति आ-आफ्नो क्षेत्र वा बल र वुद्धिमार्फत योगदान दिन तत्पर रहने र
- टुहुरा-टुहुरी, अशक्त, विरामी, बिधवा र ज्येष्ठ नागरिकहरु तथा असहाय नागरिकहरुको सेवामा सहयोग गर्नु सबै नागरिकको कर्तव्य हुने ।

### १०. राजनैतिक र मौलिक अधिकार :

- नेपाल मजदुर किसान पार्टी हरेक नागरिकलाई मन परेको राजनीतिक दर्शन र राज्य व्यवस्थाको प्रचार प्रसार गर्न पाउने, मन परेको उम्मेदवारलाई मत दिन पाउने, १६ वर्षका बालिगलाई मताधिकार दिनेजस्ता राजनैतिक अधिकारका साथै अन्य मानव अधिकारहरु संविधानमा उल्लेख गराउन चाहन्छ ।

### ११. महिलाहरुको हितमा

- राज्यको प्रत्येक संरचनामा कामदार महिलाको जनसंख्याको अनुपातमा प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ,
- हरेक प्रौढ महिलाहरुलाई अनिवार्य शिक्षासँगै रोजगारको बन्दोवस्त सम्बन्धित प्रदेश, जिल्ला, नगर र गाविसले गर्नेछ,
- महिलाहरुलाई सुत्केरी अगाडि र पछाडि तलब र ज्यालासहितको विदाको बन्दोबस्त गर्नेछ,
- बोक्सीको आरोप लगाई महिलालाई पीडा दिने र घरेलु हिंसालाई रोक्न कडा कानुन बनाइनेछ र

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


मिति : ...........................

च. नं.

- महिलाहरुलाई विदेशमा लगी बेच्ने, म्यानपावर कम्पनीको नाममा ठगी गर्ने र झुटो आश्वासन दिई गलत ठाउँमा विवाह गरिदिने व्यक्तिहरुलाई क्षतिपूर्तिसँगै कडा सजायको बन्दोवस्त गरिनेछ ।

**१२. राजनीतिक दल**

- निर्वाचनमा प्राप्त गरेको मतको आधारमा राजनीतिक दलको मान्यतासम्बन्धि कुनै शर्त राखेर कानुन बनाइने छैन ।

**१३. देशलाई नयाँ उपनिवेशबाट जोगाउन :**

- भूमण्डलीकरण, निजीकरण र नवउदारवादको नाममा साम्राज्यवादी देशहरुले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमार्फत सांस्कृतिक, आर्थिक र राजनैतिक हस्तक्षेपको बाटो खोल्दैछन् ।
- देशलाई नवउपनिवेशबाट जोगाउन विदेशी सहयोग गैरसरकारी संस्थाहरुमार्फत होइन सरकारमार्फत आउने व्यवस्था गर्नु आवश्यक छ ।

**१४. विविध**

- उत्पादनका मुख्य मुख्य साधन राष्ट्रियकरण गर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमा निर्धारण गर्ने, शोषण गर्न नपाउने, व्यक्तित्व विकासमा समान अवसर दिने आदि व्यवस्थासहितको समाजवादमा जानेबारे जनमत संग्रहको व्यवस्था गर्नेछ ।
- प्रदेशमा जनमत संग्रहको व्यवस्था गरिने छैन ।

नारायणमान बिजुक्छें (रोहित)
अध्यक्ष, नेमकिपा
सदस्य, संविधानसभा (व्यवस्थापिका-संसद)

Gd. ०५
२०७१।८।२५

मिति २०७१ कार्तिक २५ गते

श्रीमान् सभापति ज्यू,
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति
संविधानसभा
सिंहदरवार, काठमाडौं
नेपाल

विषय : संविधानका अन्तरवस्तु सम्बन्धी अवधारणा प्रस्तुत गरिएको बारे ।

महोदय,
राष्ट्रिय जनमोर्चाले संविधानका अन्तरवस्तुसित सम्बन्धित विभिन्न विषयहरुमा हाम्रा मतहरु समावेश गर्नका लागि तल लेखिएअनुसारका प्रस्तावहरु पेश गरेको छ । त्यसो गर्दा यहाँ संविधानको सम्पूर्ण स्वरुपबारे विचारहरु प्रकट गर्नपट्टि नलागेर मुख्यत: असहमति भएका वा बढी विचारणीय प्रश्नहरुबारे मात्र आफ्नो मत प्रकट गरिएको छ । उक्त विषयहरुमा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा सहमति भएअनुसार र सहमति हुन नसकेमा संविधान सभामा प्रक्रियामा गएर टुंगाउनको लागि अनुरोध गर्दछौं ।

क. संघियताबारे

१. राष्ट्रिय जनमोर्चाका तर्फबाट प्रस्तुत हुने उक्त अवधारणामा हामीले शुरुमा नै एउटा कुरा स्पष्ट गर्न चाहन्छौं : सर्वप्रथम हाम्रो दलले यो कुरामा जोड दिन चाहन्छ कि संघीय संरचना हाम्रो जस्तो सानो, पिछडिएको, आर्थिक दृष्टिकोणले कमजोर तथा दुई ठूला देशहरुका बीचमा रहेको भू-परिवेष्ठित देशका लागि अनुपयुक्त छ । त्यो संग जोडिएर आएका जातीय राज्य, आत्म निर्भरको अधिकार, एक मदेश, एकप्रदेश, बहुराष्ट्रवाद वा जातीय अग्राधिकार जस्ता अवधारणाहरु समग्र रुपमा देशलाई जातीय तथा क्षेत्रीय विग्रह तथा राष्टिय विखण्डनको अवस्थामा पुराउँछन् । त्यसकारण हाम्रो पार्टीले सुरुदेखि नै संघियतालाई समग्र रुपमा सम्पूर्ण रुपले अस्वीकार गर्नुपर्ने कुरामा जोड दिंदै आएको छ र अहिले पनि हामीले त्यो मत दृढतापूर्वक प्रस्तुत गर्न चाहन्छौं । संघियताका पक्षमा अहिलेसम्म संविधानका विभिन्न समिति, उपसमित वा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति समेतमा भएका सबै निर्णयहरुको विरोध गर्दै तिनीहरुलाई खारेज गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौं ।

२. अहिले देशमा विद्यमान सामन्ती र केन्द्रिकृत प्रणालीलाई हामीले गलत मान्दछौ र त्यसको अन्त हुनुपर्ने आवश्यकतामा जोड दिन्छौं । तर त्यसको सही विकल्प संघियता नभएर प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासन माथि आधारित एकात्मक प्रणाली हो । त्यसैले हामीले वर्तमान एकात्मक प्रणालीको अन्त गरेर त्यसको ठाउँमा प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक प्रणालीको स्थापनामा जोड दिन्छौं ।

ख. प्रस्तावनाबारे

प्रस्तावनामा निम्न लिखित बूंदाहरु स्पष्ट रुपले उल्लेख गरिनु पर्दछ ।

चित्रबहादुर

१. नेपाल सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष र प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमा आधारित एकात्मक शासन व्यवस्था भएको गणराज्य हो ।

२. राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अर्थतन्त्रलाई कुण्ठित गराउने सबै प्रकारका वैदेशिक शोषण, उत्पीडन वा प्रभूत्वको अन्त गरी राष्ट्रियता र सार्वभौमिकताको संरक्षण गरिनेछ र राष्ट्रिय अर्थतन्त्रको विकास गरिनेछ ।

ग. निर्वाचन प्रणाली बारे :

१. मिश्रित प्रकारको निर्वाचन प्रणाली अपनाइने छ । त्यस अनुसार प्रतिनिधिसभाका लागि ५० प्रतिशत प्रतिनिधिहरु प्रत्यक्ष र ५० प्रतिशत प्रतिनिधिहरु समानुपातिक प्रणालीबाट निर्वाचित गरिने छन् ।

२. प्रतिनिधिसभामा महिला र दलितको समुचित प्रतिनिधित्वको लागि प्रत्यक्ष रुपले चुनाव हुने निर्वाचन क्षेत्रहरुमा पनि महिला र दलितका लागि महिला वा दलितहरु मात्र उमेदवार हुन पाउने निर्वाचन क्षेत्रहरुको व्यवस्था गरिनेछ । तिनीहरुको संख्या कानूनमा लेखिए अनुसार हुनेछ ।

३. विदेशमा बस्ने नेपाली नागरिकहरुलाई पनि मतदानको अधिकार हुनेछ र वेग्ला वेग्लै देशहरुमा उनीहरुको जनसंख्याको अनुपातमा प्रतिनिधिको संख्या निश्चित गरी समानुपातिक रुपमा प्रतिनिधिहरुको चुनाव गर्ने *र उम्मेरवार हुने* व्यवस्था गरिने छ । तिनीहरुको संख्या ऐनमा तोकेअनुसार हुनेछ ।

घ. व्यवस्थापिका बारे :

१. संसद राष्ट्रियसभा र प्रतिनिधिसभा सहित दुई सदनात्मक हुनेछ ।

२. प्रतिनिधिसभाका लागि मिश्रित निर्वाचन प्रणालीका आधारमा कूल २४० प्रतिनिधिहरु चुनिने छन् । तिनीहरु मध्ये १२० प्रतिनिधिहरु निर्वाचन क्षेत्रहरुबाट र बाँकी १२० प्रतिनिधिहरु राजनैतिक दलहरुद्वारा समानुपातिक निर्वाचन पद्धतिबाट चुनिने व्यवस्था हुनेछ ।

३. राष्ट्रियसभाका लागि १२० सदस्यहरु रहने व्यवस्था गरिने छ । राष्ट्रियसभाको गठन प्रतिनिधिसभाका सदस्यहरुबाट एकलसंक्रमणीय निर्वाचन पद्धतिबाट, स्थानीय निकायका प्रादेशिक समितिहरुबाट २/२ जना प्रतिनिधिहरु र सरकारबाट केही प्रतिनिधिहरु मनोनित गरिने व्यवस्था गरिने छ । ती वेग्लावेग्लै पक्षहरुबाट चुनिने राष्ट्रियसभाका सदस्यहरुको संख्या कानूनमा व्यवस्था गरिए अनुसार हुनेछ ।

४. सरकारद्वारा राष्टिय सभामा प्रतिनिधिहरु मनोनीत गर्दा अन्यत्रबाट राष्ट्रिय सभामा प्रतिनिधित्व नभएका, पिछडिएका जातजाति, महिला, भाषा भाषी, धार्मिक एवं अल्पसंख्यक समुदाय, मेहनतकश वर्ग, प्रबुद्धवर्ग, व्यापारी, उद्योगपति, अपाङ्ग तथा प्रवासी नेपालीहरुको प्रतिनिधित्व हुने गरी मनोनीत गरिनेछ ।

ङ प्रशासकीय स्वरुप बारे :

१. संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री रहने व्यवस्था गरिनेछ ।

२. राष्ट्रपतिको निर्वाचन संसदका दुवै सदनहरुका साथै स्थानीय निकायका जिल्ला सभाका सदस्यहरु समेतको निर्वाचक मण्डलद्वारा गरिनेछ ।

३. संसदमा बहुमत प्राप्त गर्ने नेता प्रधानमन्त्री हुनेछन् र उनी संसदप्रति जिम्मेवार हुनेछन् ।

च. न्यायपालिका बारे :

१. देशमा संवैधानिक सर्वोच्चता, विधिको शासन र मौलिक हकको संरक्षण गर्ने संवैधानिक अंगको रुपमा स्वतन्त्र, सक्षम, निष्पक्ष र जनउत्तरदायी न्यायप्रणाली कायम गरिने छ ।

२. सर्वोच्च अदालत न्यायपालिकाको उच्च अंग हुनेछ । संवैधानिकताको संपरिक्षणको क्षेत्राधिकार सर्वोच्च अदालतमा रहने छ । प्रदेशमा उच्च अदालतहरु र सबै जिल्लाहरुमा स्थानीय अदालतहरु हुनेछन् । स्थानीय अदालतहरुको मातहतमा आवश्यकताअनुसार विभिन्न विषयगत अदालतहरु रहने व्यवस्था गरिनेछ ।

३. न्यायाधीशहरुको नियुक्तिको लागि संविधानमा छुट्टै स्वतन्त्र निकायको व्यवस्था गरिने छ र संसदले कानून बमोजिम महाअभियोग लगाउने र संसदीय सुनुवाई गर्ने व्यवस्था गर्नेछ ।

४.महिलाका हक, हित र न्यायको संरक्षणको लागि स्थानीय स्तरमा पारिवारिक अदालतको व्यवस्था गरिने छ ।

स्पष्टिकरण : सर्वोच्च अदालतभन्दा बेग्लै संवैधानिक अदालतको गठन गर्ने अवधारणालाई हामीले गलत मान्दछौं र विरोध गर्दछौं ।

छ. राज्यको पुर्नसंरचना बारे :

१. प्रशासकीय दृष्टिले देश चार तहमा बाँडिनेछ : (१) केन्द्र (२) प्रदेश (३) जिल्ला र (४) गाउँ वा नगर

२. यस संरचनाअन्तर्गत भौगोलिक क्षेत्र, जाति, भाषा वा संस्कृतिलाई मिलाई राष्ट्रिय एकतालाई मजबुत बनाउँदै राज्यको पुनर्संरचना गरिने छ । कुनै अञ्चल, जिल्ला र गाउँहरुलाई विभाजन नगरिकन र बहुजातीय आधारमा प्रदेशहरुको निर्माण गरिने छ । त्यसो गर्दा तराइका भूभागहरुलाई उत्तरका पहाडि भू-भागहरुलाई मिलाएर प्रदेशहरुको निर्माणगरिने छ ।

## ३. प्रदेशहरु सातवटा हुनेछन् ।

(१) कोशी प्रदेश - मेची र कोशी अञ्चललाई मिलाएर ।
(२) सगरमाथा प्रदेश - जनकपुर र सगरमाथा अञ्चललाई मिलाएर ।
(३) बागमती प्रदेश - बागमती र नारायणी अञ्चललाई मिलाएर ।
(४) गण्डकी प्रदेश - गण्डकी र धवलागिरी अञ्चललाई मिलाएर ।
(५) लुम्बिनी प्रदेश - राप्ती र लुम्बिनी अञ्चललाई मिलाएर ।
(६) कर्णाली प्रदेश - कर्णाली अञ्चल मात्र ।
(७) महाकाली प्रदेश - भेरी, सेती र महाकाली अञ्चलहरूलाई मिलाएर ।

स्पष्टिकरण -

(१) कर्णालीको विशिष्ट अवस्थामाथि ध्यान दिंदै त्यसलाई वेग्लै प्रदेशको रुपमा राखिने छ ।

(२) दक्षिणका तराइ/मधेशका भू-भागहरुका वेग्लै प्रदेशहरु बनाउँदा आर्थिक, सामाजिक, व्यवहारिक वा यातायात सम्बन्धी असन्तुलन कायम हुने हुनाले हामीले तराइका मात्र बेग्लै प्रदेशहरुको निर्माण गर्ने कार्यलाई गलत मान्दछौं र विरोध गर्दछौं ।

४. प्रदेशहरुको नक्शा तल लेखिए अनुसार हुनेछ :




| प्रदेश | जनसंख्या | क्षेत्रफल (वर्ग/कि.मी.) |
|---|---|---|
| १. कोशी प्रदेश | ३४१८३३३ | १७८६५ |
| २. सगरमाथा प्रदेश | ४४८३१४७ | २०३६० |
| ३. बाग्मती प्रदेश | ५४७४६२५ | १७७४१ |
| ४. गण्डकी प्रदेश | २०४३१४५ | २०४२३ |
| ५. लुम्बिनी प्रदेश | ३८१३६७४ | ११४५७ |
| ६. कर्णाली प्रदेश | ३०१०८४ | २१३४१ |
| ७. महाकाली प्रदेश | ३६०८४१५ | ३००८४ |

ज. नागरिकता बारे :

१. नेपालको विशिष्ट भू-राजनीतिक स्थिति अनुसार नागरिकता सम्बन्धी नीति बनाइने छ । नागरिकताको स्वरुप दुई प्रकारको हुनेछ - वंशज र अंगिकृत । यसभन्दा अगाडि जन्मका आधारमा र त्यसपछि जन्मका आधारमा नागरिकता प्राप्त व्यक्तिका उनीहरु नागरिक हुनुभन्दा पहिले जन्मेका सन्तानहरुलाई वंशजका आधारमा दिइएका नागरिकताको छानवीन गरी गैर-नेपालीले प्राप्त गरेका नागरिकतालाई खारेज गरिने छ ।

२. वंशजको नागरिकता प्राप्त व्यक्ति मात्र नेपालको राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, प्रधानान्यायाधीश, प्रधान सेनापति जस्ता संवैधानिक पदमा निर्वाचित वा नियुक्त हुन सक्नेछन् ।

३. नेपालको वंशजको नागरिक बन्न बाबु र आमा दुवै नेपालको नागरिक हुनु अनिवार्य हुनेछ ।

४. नेपालमा विवाह गरेर आउने विदेशी महिला र नेपाली महिलाहरुसित विवाह गर्ने विदेशी पुरुषलाई अंगिकृत नागरिकता दिंदा सकारात्मक विभेदको नीति अपनाइने छ । त्यस अनुसार नेपालीसित विवाह गर्ने विदेशी महिलालाई कम्तिमा सात वर्ष निरन्तर नेपालमै वसोवास गरेपछि तथा अन्य देशको नागरिकता छाडेपछि नै अंगिकृत नागरिकता दिइनेछ भने नेपाली महिलासंग विवाह गर्ने विदेशी पुरुषलाई वैवाहिक आधारमा नागरिकता प्रदान गरिने छैन र प्रचलित कानून अनुसार अंगिकृत नागरिकताका शर्तहरु पूरा गरिसकेपछि नै नेपालको अंगिकृत नागरिकता दिइने छ ।

झ. स्थानीय स्वायत्त शासन बारे :

१. स्थानीय स्वायत्त शासनलाई जनताको मौलिक अधिकारको रुपमा स्वीकार गरिनेछ । त्यसको कार्य संचालन संसदले बनाएको कानून अनुसार नै हुनेछ । संसदले बनाएको कानून भन्दा बाहिर सरकारले त्यसमा हस्तक्षेप गर्न पाउने छैन ।स्थानीय निकाय र प्रशासनका बीचमा कुनै विवाद पैदा भएमा अदालतद्वारा फैसला गर्ने प्रणाली अपनाइने छ ।

२. स्थानीय स्वायत्त शासनका तीन तह हुनेछन : प्रदेश, जिल्ला र गाउँ वा नगर ।

३. गाउँस्तरमा गाउँ समिति र प्रतिनिधिसभाहरु हुनेछन् । प्रतिनिधिसभाका प्रतिनिधिहरुको चुनाव प्रत्यक्ष मतद्वारा गरिने छ । गाउँ समितिको अध्यक्ष र उपाध्यक्षको चुनाव पूरै गाउँको प्रत्यक्ष मतदानबाट हुनेछ ।

४. जिल्लास्तरमा जिल्ला प्रतिनिधिसभा र जिल्ला समितिहरु हुनेछन् । जिल्लासभाका लागि सबै गाउँहरुबाट एक-एक जना प्रतिनिधिहरुको चुनाव हुनेछ ।

५. जिल्ला प्रतिनिधिसभाहरुबाट एक एक जना प्रतिनिधिहरु निर्वाचित भएर प्रादेशिक समितिको गठन हुनेछ । प्रादेशिक समितिको प्रतिनिधिको लागि जिल्लासभाभित्रका वा बाहिरका व्यक्तिहरु पनि उमेदवार बन्न सक्नेछन् । त्यसरी जिल्लासभाको प्रतिनिधि प्रादेशिक समितिमा चुनिएमा त्यो स्थान रिक्त हुनेछ र त्यसमा पुन: निर्वाचन गर्नुपर्ने छ । प्रादेशिक स्तरमा प्रादेशिक समितिहरु मात्र रहनेछन् । प्रतिनिधिसभा रहनेछैन ।

६. जिल्ला सभाका सदस्यहरुलाई राष्ट्रपतिको चुनावमा मतदान दिने अधिकार हुनेछ भने राष्ट्रिय सभामा प्रत्येक प्रादेशिक समितिबाट २/२ जना प्रतिनिधिहरु निर्वाचित भएर जानेछन् ।

७. माथि लेखिएका वेग्लावेग्लै चुनावहरुको व्यवस्था कानूनमा लेखिएअनुसार हुनेछ ।

ञ. आदिवासी र जनजातिबारे :

१. वैज्ञानिक मापदण्डका आधारमा जनजाति र आदिवासीको एउटा सूची तयार पारिने छ ।

२. जनजाति र आदिवासी तथा दलित जातिको हित र अधिकारहरुको संरक्षणका लागि राष्ट्रिय स्तरमा दुई बेग्ला बेग्लै राष्ट्रिय कौशिलहरुको गठन गरिने छ । तिनीहरुमा सम्बन्धित जात वा जातिको जनसंख्याको अनुपातमा प्रतिनिधिहरु रहनेछन् । ती प्रतिनिधिहरु सम्बन्धित क्षेत्रहरुका सम्बन्धित जात जातिहरुको व्यक्तिहरुको मतदानद्वारा निर्वाचित हुनेछन् । तिनीहरुको चुनाव संसदले बनाएको कानून अनुसार हुनेछ ।

३. ती दुवै राष्ट्रिय कौशिलहरुले आवश्यकता अनुसार प्रादेशिक वा जिल्ला स्तरमा सम्बन्धित जनजाति, आदिवासी वा दलित जातिहरुको कौशिलहरु गठन गर्नेछन् ।

ट. पिछडिएका जात र जातिबारे

१. मानव सूचकांकका आधारमा पिछडिएका जात, जातिको एउटा सूची तयार पारिने छ ।

२. सूचीकृत जात-जातिका जनता अत्यधिक बहुसंख्यामा वसोवास गर्ने स्थानहरुमा त्यो जातिका जनतालाई स्वशासन र जातीय अग्राधिकार प्राप्त हुनेछ ।

३. पिछडिएका जात जातिको स्वायत्त शासन र अग्राधिकार भएका स्थानहरुमा बसोबास गर्ने अन्य जात-जातिका मानिसहरुलाई समानुपातिक रुपमा प्रतिनिधित्व गर्ने व्यवस्था गरिने छ ।

व्यवस्थापिका-संसद सचिवालय

स्पष्टिकरण - नेपालमा वसोवास गरेका विभिन्न जात, जातिको बसोबासको मूल्यांकन गर्दा कुनै प्रदेश वा जिल्लामा त्यस प्रकारका सूचीकृत जात-जाति बहुसंख्यक रुपमा वसोवास गरेको देखिन्न । त्यो अवस्थामा त्यो जिल्ला अन्तर्गत कुनै एरिया वा गाउँमा नै त्यस प्रकारको जातजातिको स्थानीय स्वशासन कायम हुने सम्भावना रहनेछ ।

ठ. विविध:

१. देशको प्राकृतिक सम्पत्ति वा जलस्रोत सम्बन्धी अन्य कुनै देश या विदेशी कम्पनिसित गरिने सन्धी-सम्झौताहरु संसदको दुई तिहाइ बहुमतद्वारा अनुमोदन हुनु अनिवार्य हुनेछ ।
२. भूमिसुधार गर्दा हदबन्दीभन्दा माथिको जमीन सरकारले विना क्षतिपूर्ति अधिग्रहण गरी भूमिहीन किसानहरुमा वितरण गर्नेछ ।

चित्रबहादुर के.सी.
सभासद्
राष्ट्रिय जनमोर्चा

व्यवस्थापिका-संसद सचिवालय

# राष्ट्रिय जनमुक्ति पार्टी
# RASTRIYA JANAMUKTI PARTY
संघीय परिषद / National Council

प.सं. / Ref No.: ४४२-०६९/०७०                                                    मिति / Date: २०६९-६-२३

श्री माननिय सभापति ज्यू ।
संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति,
संविधानसभा, सिहंदरवार, काठमाण्डौं, नेपाल

**विषय :- फरक मत प्रस्तुत गरेको सम्बन्धमा ।**

महोदय,

२५० वर्ष देखि नेपालमा कायम रहेको केन्द्रिकृत, एकाधिकारवादी, राज्यसत्ता विरुद्ध नेपाली जनताको ७ दशक लामो क्रान्ति, आन्दोलन, संघर्षवाट मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरीत गरी सबै जाति, क्षेत्र, वर्ग, लिङ्ग, समुदायहरुको सह अस्थित्व र पहिचानलाई उजागर गर्दै ।

राष्ट्रिय स्वाधिनता सर्वभैमिकता, भौगोलिक अखण्डता, वलियो राष्ट्रिय एकतालाई अक्षुण्ण राख्दै विविध जाति भाषा, संस्कृति र धार्मिक परम्परामा आवद्ध सम्पूर्ण नेपालीहरुको सम्मुन्नत विकास र प्रगतिका लागि राज्यका स्रोत साधनलाई अधिकतम उपयोग गरी समृद्ध र सवल राष्ट्र निमार्णको लागि सबै खाले एकाधिकारको समुल अन्त्य को मुल लक्ष्यलाई प्राप्त गर्न राष्ट्रिय जनमुक्ति पार्टी प्रतिवद्ध रहने छ ।

मुलुकको पछौटेपन, गरीबि, अशिक्षा, बेरोजगारी समस्या साथै अवन्नतिको सर्म्पूण जिम्मेवारी विगतको समयमा राज्यसत्ता सञ्चालकहरुले लिनु पर्दछ भन्ने पार्टीको ठहर छ । तसर्थ मुलुकको स्थायी शान्ति दिगो विकास र बलियो राष्ट्रिय एकता निमार्ण गर्न नेपाली माटो, हावपानी र जिवन शैली सँग जोडिएको राज्य व्यवस्थाको निमार्ण र सञ्चालन गर्न सकिएमा मात्र सम्मुनत नेपालको निमार्ण हुने छ । नेपाली जनताले ७ दशक लामो संघर्ष पछि आफ्नो प्रतिनिधि मार्फत संविधान लेख्न गईरहेको सर्न्दभमा अब वन्ने भनिएको संघीय गणतन्त्र नेपालको संविधान कुनै कानुनी दस्तावेज मात्रै नवनोस भन्नेमा राष्ट्रिय जनमुक्ति पार्टी गम्भिर मत जाहेर गर्दछ । तसर्थ राष्ट्रिय जनमुक्ति पार्टीका अमुल्य धारणाहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

१.१ <u>शासकीय स्वरुप</u> :- मुलुकमा ००७ सालको आन्दोलन, ०४६ सालको आन्दोलन पश्चात अभ्यास गरिएको व्रिटीश मोडेलको संसदीय प्रणाली अफाप सिद्ध भईसकेको सर्न्दभमा मुलुकको विविधता अनुकुलको समानुपातिक समावेशि लोकतन्त्रको विकल्प अरु हुन सक्दैन तसर्थ मुलुकको राजनीतिक स्थायित्व, समृद्ध नेपाल निमार्णको लागि राष्ट्र प्रमुखको भुमिकामा १ अध्यक्ष मण्डल (Presidium) रहनेछ अध्यक्ष मण्डलमा जनता द्वारा निवार्चित प्रतिनिधिहरुको जनप्रतिनिधि सभा (Federel House ) ले <u>दलित, महिला, आदिवासी/जनजाति, तराई/मधेसी, तागाधारी समुदायवाट</u> १/१ जनाको प्रतिनिधित्व हुने गरी ५ जनाको अध्यक्ष मण्डलको निर्वाचन गर्ने छ ।

१.२ अध्यक्ष मण्डलले वर्णानुक्रम अनुसार १/१ वर्षको लागि आफुहरु मध्येवाट अध्यक्षको चयन गर्ने छ ।

१.३ अध्यक्ष मण्डलका अध्यक्ष राष्ट्र प्रमुख हुने छन् । अध्यक्ष मण्डल राष्ट्रिय एकताको प्रतिक हुनेछ ।

१.४ एकपटक अध्यक्ष भई सकेको व्यक्ति अरु जातिहरुको पालो नसकिदा सम्म अर्को पटक अध्यक्ष हुन पाउने छैन ।

मुलुकको विविधताको अनुपम नमुना अनुरुप अध्यक्ष मण्डलको रुपमा शासकिय स्वरुपलाई राष्ट्रिय जनमुक्ति पार्टीले मुल सैद्धान्तिक आधारको रुपमा प्रस्तुतगर्दै आएको छ । माथि उल्लेखित अध्यक्ष मण्डलको व्यवस्था नँया वन्ने संविधानमा गर्न सकिएमा विश्वको नौलो, मैलिक र नेपाली समाजको



केन्द्रीय कार्यालय, धोबिघाट (रिङ्गरोड), ललितपुर । E-mail:Janamukti48@gmail.com, Website: www.janamuktiparty.com
पो.ब.नं. ५५६९, फोन/फ्याक्स : ९७७-१-५५२७६३३ मोवाइल : ९८५१०६०७९६ (अध्यक्ष), ९८४१०२८२७७ (महासचिव), ९८४१०२२३६७ (कार्यालय इन्चार्ज)

प्रतिविम्बको रुपमा रहने निश्चित छ । तर संविधान सभामा देखिएको **यथास्थितिवादी र पुरातनपन्थि सोच** मुख्य वाधकको रुपमा तथ्य प्रस्त छ । त्यसैले राष्ट्रिय जनमुक्ति पार्टी हाललाई **कार्यकारी अधिकार (Executive Power)** सहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणाली को पक्षमा रहेको छ ।

**२ प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणाली :-**

२.१ मतअधिकार प्राप्त हरेक नेपालीको वालिग मतवाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहनेछ ।

२.२ राष्ट्रपति कार्यकारी प्रमुख हुनेछन् ।

२.३ राष्ट्रपतिले संघीय प्ररिषद्मा (Federal House) १ प्रतिशत भन्दा वढि मत प्राप्त सबै राजनीतिक दलहरुलाई समानुपाति प्रतिनिधित्व गराई मन्त्री मण्डलको गठन गर्ने छन् ।

२.४ राष्ट्रपति संविधानको संरक्षक र नेपाली सेनाको परमाधिपति हुनेछ ।

२.५ कुनै एक व्यक्ति दुई अवधि भन्दा राष्ट्रपति को उम्मेदवार हुन पाउने छैन ।

**३ व्यवस्थापिका (Legislative) :-**

३.१ हालको प्रतिनिधि सभाको सट्टा केन्द्रमा संघीय जनपरिषद् (House of Peoples Federal Council ) हुनेछ ।

३.२ संघीय जनपरिषद् मा २३५ जना सदस्य रहने छ । संघीय जनपरिषद् तल्लो सदनको रुपमा रहने छ ।

३.३ संघीय सभा :- संघीय सभामा ७५ जना सदस्य रहनेछ । संघीय सभा माथिल्लो सदनको रुपमा रहनेछ ।

**४ कार्यपालिका (Executive)**

४.१ जनप्रतिनिधि सभाले (House of Peoples Federal council) : - जनप्रतिनिधि सभामा बहुमत प्राप्त व्यक्ति प्रधानमन्त्री हुने छन् ।

४.२ प्रधानमन्त्री जनप्रतिनिधि सभा प्रति उत्तरदायी हुनेछ ।

४.३ प्रधामन्त्रीको नेतृत्वमा १ मन्त्री परिषद् हुनेछ । मन्त्री परिषद्ले कानुनमा व्यवस्था भए बमोजिम काम गर्ने छ ।

**५ राज्य पुन संरचना :-**

५.१ संघ र प्रदेशहरुको गठन :- संघीय गणतन्त्र नेपालको राज्य पुन संरचना सबै भन्दा अहम र पेचिलो विषय बन्दै आएको छ । राज्य पुन संरचना कुनै प्रशासनिक ईकाइको पुनरगठनको विषय मात्र होईन अबको राज्य पुन संरचनाले राज्यको जातिय भौगोलिक, क्षेत्रिय, भाषिक सांस्कृतिक अस्तित्वलाई सम्बोधन गर्दै प्रशासनिक सुगमता विकास निमार्णलाई स्थायी दिगो, छिटो छरिटो र सन्तुलित वनाउन गम्भिर ढंगले ध्यान पुऱ्याउनु पर्दछ ।

५.२ राज्यको पुनसंरचना गर्दा ऐतिहासिक, जातिय, भाषिक, साँस्कृतिक क्षेत्र, प्राकृतिक स्रोत क्षेत्र, साझा मनोविज्ञान, प्रशासनिक सुगमतालाई मुख्यआधारमा (पहिचानको ५, सामार्थ्य ४ आधार) टेकेर संघीय प्रदेश निमार्ण गरिनु पर्दछ । पार्टीले माथि उल्लेखित आधारहरुको अध्ययन गरी १२ वटा प्रदेशको प्रस्ताव गरेको छ ।

५.२१ **लिम्बुवान प्रदेश** :- संखुवासभाको अरुण नदि मूर्व सप्तकोशी पूर्व, मेची नदी पश्चिम र तराईको जोगवनी गलगलीया देखि उत्तरमा चिनको स्वसाशित प्रदेश तिब्बत भित्रको भु-भागलाई लिम्बवान प्रदेशको रुपमा सिमांकन गरिएकोछ ।

५.२.२ **खम्बुवान प्रदेश** :- संखुवासभाको अरुण नदि पश्चिम ओखलढुङ्गा,सोलुखोम्बु, उदयपुर, खोटाङ्ग, भोजपुर र सिरहा सप्तरीको महेन्द्र राजमार्गको उत्तरी भागलाई समेटिटेर खम्बुवान प्रदेशको सिमांकन् गरिएको छ ।

५.२.३ **तामाङ स्युल प्रदेश** :- काठमाण्डौं उपत्यकाको समथल भ-ूभाग वाहेक काठमाण्डौं, ललितपुर र भक्तपरको सम्पूर्ण पहाडी भूभाग नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, चितवन र धादिङको सम्पूण भूभाग सथै ओखलढुङ्गा पश्चिम उत्तरी भूभागलाई समेटेर तामाङ स्युल प्रदेशको स्वरुप पेश गरिएको छ।

५.२.४ **नेवाः प्रदेश** :- काठमाण्डौ उपत्यकाको काठमाण्डौं, ललितपुर र भक्तपुरको सम्पूर्ण समथल भू-भाग नेवा : प्रदेश रहनेछ ।

५.२.५ **तमु ग्याल्सा प्रदेश** :- त्रिशुली नदी पश्चिमको उत्तरी गोरखा जिल्लाको भूभाग, तनहुँ जिल्लाको उत्तर भू-भाग, मुस्ताङ, मनाङ, कास्की लमजुङ जिल्लाको सम्पूर्ण भूभाग, स्याङ्जा जिल्लाको पूर्व उत्तरी भूभाग र पर्वत जिल्लाको पूर्वि भाग गरी तमु (गुरुङ्ग) जातिको बाहुल रहेको यस क्षेत्रलाई तमु ग्याल्सा प्रदेशको रुपमा सिमांकन गरिएको छ ।

५.२.६ **मगरात प्रदेश** :- गोरखा जिल्लाको दक्षिणी भूभाग, तनहुँ जिल्लाको पृथ्वी राजमार्गको दक्षिण भ-ूभाग, नवलपरासीको महेन्द्र राजमार्ग देखि उत्तरी भूभाग, स्याङ्जा जिल्ला, पाल्पा, बाग्लुङ्ग, मयाग्दी, पर्वत, अर्घाखाँची, गुल्मी,प्यूठान, रोल्पा, रुकुम, डोल्पाको पूर्व दक्षिण भूभाग, सल्यान, सुर्खे र दैलेख जिल्लाको सम्पूर्ण भूभागलाई समेटेर मगरात प्रदेशको सीमांकन गरिएको छ ।

५.२.७ **खसान/कर्णाली प्रदेश** :- खसान स्वायत्त प्रदेशभित्र कर्णाली अञ्चलको अधिकांस भू-भाग, भेरी अञ्चलको जाजरकोट जिल्ला र डोल्पा जिल्लाको पश्चिम तथा उत्तरी भुभागलाई समेटेर यस प्रदेशको सिमा निर्धारण गरिएको छ ।

५.२.८ **थरुहट प्रदेश** :- धानखोला देखि पश्चिमको दाङ्ग बाँके बर्दिया, कैलाली र कञ्चनपुरको सम्पूर्ण भू-भाग थरुहट प्रदेशमा समेटिएको छ ।

५.२.९ **दलित /सयपाल/खप्टड प्रदेश** :- कैलाली जिल्लाको महाभारत पहाड देखि उत्तरी भाग, अछाम, डोटी, बैतडी, डडेल्धुरा बझाङ्ग, बाजुरा जिल्ला सम्पूर्ण भ-ूभागलाई समेटेर ऐतिहासिक दलित /सयपाल/खप्टड राज्यको परिकल्पना गरिएको छ ।

५.२.१० **लुम्बिनी प्रदेश** :-नारायणी नदि पश्चिम र कपिलवस्तु, नवलपरासी र रुपन्देही महेन्द्र राजमार्गको दक्षिण भू-भागलाई समेटेर लुम्बिनी स्वायत्त प्रदेशको सीमांकन गरिएको छ ।

५.२.११ **भोजपुरा प्रदेश** :- भोजपुरी भाषाको बहुल क्षेत्र रहेको बारा, पर्सा, रौतहट र जिल्लाको महेन्द्र राजमार्ग दक्षिणी भागलाई भाषिक प्रदेशको सीमांकन गरीएको छ ।

५.२.१२ **मिथिला प्रदेश** :- सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लाको महेन्द्र राजमार्ग देखि दक्षिण्को सम्पूर्ण भूभागलाई मिथिला प्रदेशको रुपमा सीमांकन गरिएको छ ।

५.३ प्रदेश सभा गठन :- प्रदेश सभामा प्रदेशको जनसख्याको आधारमा ३५ देखि ५१ जना रहनेछ ।

५.४ प्रदेश सभाले १ मुख्य मन्त्री सहित बढिमा ९ जना सम्मको १ मन्त्री परिषद् गठन गर्नेछ । मन्त्री परिषद् प्रदेश सभा प्रति उत्तरदायी हुनेछ ।

प.सं. / Ref No.:

मिति / Date:..............................

५.६ प्रदेशको राजधानी :- प्रदेश सरकारको प्रशासनिक केन्द्रको रुपमा प्रदेशको राजधानी प्रशासनिक सुगमता, विकास पूर्वाधार हेरी सम्वन्धित प्रदेश सभाले तोक्नेछ ।

५.७ प्रदेशको प्रशासनिक भाषा :- प्रदेशमा प्रशासनिक भाषाको रुपमा प्रचलनमा रहेको सवै भाषालाई मान्यता प्रदान गरीने छ ।

**६ न्याय प्रणाली :-**

६.१ सर्वोच्च अदालत :- मुलुकको सर्वोच्च न्यान्यिक (supreme Court) हुनेछ ।

६.२ संघीय अदालत :- मुलुकको न्याय व्यवस्थालाई छिटो, छरिटो पारदर्शी साथै, संघ र प्रदेश विचको विवाद, प्रदेश-प्रदेश विचको विवाद, सिमा विवादको लागि एक संवैधानिक अदालत रहनेछ

६.३ पुनरावेदन अदालत :- हरेक प्रदेशमा प्रदेश तहको पुनरावेदन अदालत रहनेछ ।

६.४ मध्यस्थ अदालत (Midiator- Court) :- हालको जिल्ला अदालतको सट्टा रहनेछ । मध्यस्थ अदालतमा विविध पहिचानको समुदायको न्यायलाई सहज वनाउन वेन्च ( Bench) रहनेछ ।

६.५ प्रदेश भित्र अल्पसख्यक जाति, समुदाय, सिमोन्तकृत समुदायको हकमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, संविधानमा व्यवस्था गरिनेछ ।

**७ निर्वाचन प्रणाली :-**

७.१ संघियताले मात्र जनतालाई राजनीतिक अधिकार प्राप्त हुदैन । जनताले राजनीतिक अधिकार राजनीतिक प्रणालीबाट मात्र प्राप्त गर्दछ र सबै जातिय / क्षत्रिय समुदायले न्यायोचित अधिकार पाउने भन्ने राजनीतिक प्रणाली भनेको **कोटा सहित खुला सुचीमा आधारित जातिय जनसंख्या र क्षेत्रिय समानुपातिक प्रतिनीधित्व हुने निर्वाचन प्रणाली** नै हो । यो निर्वाचन प्रणाली **मिश्रित सदस्यीय समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीले** (Mixed Member Proportional Representative System) को विकसित रुप हो । निर्वाचन प्रणाली राज्य सत्तामा पुग्ने मुख्य भऱ्याङ हो । बहुजातिय समुदाय भएको नेपालका विविध जातिय समुदायको लागी राजनीतिक अधिकार प्राप्त गर्न यो भन्दा अर्को निर्वाचन प्रणाली हुनु सक्तैन ।

७.२ प्रदेश सभा, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्रमा समेट समानुपाति निर्वाचन प्रणालीको व्यवस्था गरीनु पर्दछ ।

७.३ जनसख्या न्यून रहेका अल्पसख्यक, सिमान्तकृत लोपउन्मुख जाति / समुदायको हकमा अनिवार्य प्रतिनिधित्व गराईने छ ।

**८ धर्म निरर्पेक्ष :-** संघीय गणतन्त्र नेपाल धर्मनिरपेक्ष राज्य हुनेछ ।

**९ राष्ट्रिय जनावर :-** एक सिंगे गैंडा / कृष्णसार राष्ट्रिय जनावर हुने छ ।

प.सं. / Ref No.:

मिति / Date:

**<u>विशेष व्यवस्था</u>**

**<u>१० महाभियोग :-</u>** निर्वाचित राष्ट्रपतिलाई जनप्रतिनिधि सभाले २/३ बहुमतले महाभियोग (Impeachment) द्धारा हटाउन सक्नेछ ।

११ राज्यको तह, संवैधानिक आयोग, विभिन्न निकायमा समानुपातिक समावेशि प्रतिनिधित्व अनिवार्य गर्नु पर्नेछ ।

१२ जुनसुकै तह र स्तरका भ्रष्टाचारीहरु जनद्रोही र देशद्रोही भएकोले त्यस्ता भ्रष्टाचारीलाई सर्वस्वसहित जन्मकैद सजायको व्यवस्था गर्नु पर्दछ ।

१३ अध्यक्ष मण्डल (Presidium) का सदस्य प्रधानमन्त्री, प्रधानन्ययधिस, सभामुख, सेनापति, प्रहरी प्रमुख र सम्वैंधानिक अङ्गका प्रमुखहरुको लागि अनिवार्य रुपमा बशंजको आधारमा नेपाली नागरीक हुनुपर्नेछ ।


**<u>१४ नागरिता सम्बन्धि:-</u>** हाल कायम रहेको नागरितालाई अस्थायी मानि सम्बन्धित प्रदेश सरकारले आ-आफ्नो राज्य भित्रका स्थायी बासिन्दाहरुको पहिचान गरी परिचयपत्र दिने र सोही आधारमा संघीय सरकारले ( केन्द्र) नागरिता दिनु पर्ने छ । प्रदेशिक सरकारबाट परिचयपत्र प्राप्त नपार्नेको नागरिता वदर हुनेछ ।

**<u>१४.१ नागरिताको किसिम</u>**

क) बशंजको आधारमा नागरीता
ख) जन्मसिद्धको आधारमा नागरिता
ग) अंगिकृत नागरिता
घ) सम्मानार्थ नागरिता

**<u>१५ संघीय परिषद् (Federel house)</u>** :- संघीय जनप्रतिनिधि सभाका सदस्यहरुको भुमिका प्रति असन्तुस्ति देखिएमा सम्वन्धित निर्वाचन क्षेत्रका मतदातहरुले संसद सदस्यता भंग गर्न सक्ने वा फिर्ता वोलाउन वा प्रत्याह्वान (Recall) गर्न सक्ने छ ।

.......................................
माननीय शिवलाल थापा
संसदीय दलको नेता



थरुहट तराई पार्टी नेपाल
Tharuhat Tarai Party Nepal
व्यवस्थापिका संसद संसदीय दलको कार्यालय

८।११ ६८५

२०७१।०७।१५

सभापतिज्यू,
संवैधानिक राजनैतिक सम्बाद तथा सहमति समिति
संविधानसभा, नेपाल

**बिषय : नयाँ संविधान निर्माणको लागि प्रमुख बिषयमा हाम्रो अवधारणहरु पेश गरेको बारे ।**

महोदय,

संविधानसभाले निर्देश सहित यस समितिमा पठाएको नया संविधान निर्माणको लागि तपसिलको प्रमुख बिषयमा हाम्रो पार्टीको तर्फबाट अवधारणहरु यसैसाथ संलगन गरी पेश गरेका छौं ।

१. राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड
२. न्याय प्रणाली सम्बन्धि
३. व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण
४. राज्यको शासकीय स्वरुप निर्धारण
५. संवैधानिक निकायको संरचना निर्धारण
६. संबैधानिक समितिको प्रतिवेदनमा
७. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त

मा. गोपाल दहित
संसदीय दलको नेता
थरुहट तराई पार्टी नेपाल



सिंहदरबार, काठमाण्डौ, नेपाल, फोन नं. ००९७७-१-४२००२२० (Singhadurbar, Kathmandu, Nepal, Phone 00977-1-4200220)

# थरुहट तराई पार्टी नेपालको तर्फबाट संविधानको प्रमुख [redacted] बिषयमा अवधारणहरु

## १. राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड

| सि.नं. | विषय | सुझावहरु (संविधानमा उल्लेख गर्ने भाषा शैलीमा अवधारणहरु) |
|---|---|---|
| १. | **राज्यको पुनसंरचना र राज्यशक्तिको स्वरुप: धारा ३** | (१) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले यस संविधानमा उल्लेख गरिए वमोजिम गर्नेछन् ।<br>(३) प्रदेश, स्थानीय तह र विशेष संरचना अन्तर्गतका स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी, आदिवासी जनजातिको पहिचान, स्वशासन र स्वायत्तताको प्रत्याभुति हुनेछ । |
| २. | **संघीय नेपालको तहगत संरचना धारा ४** | (३) उपधारा (१) बमोजिमको स्थानीय तहमा संविधानको अनुसूची ६ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद रहने छ ।<br>(४) उपधारा (१) वमोजिमको मूल संरचनाको अतिरिक्त विशेष संरचनाको रुपमा संविधानको धारा ८ मा व्यवस्था भए बमोजिम प्रदेश अन्तर्गत स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र रहन नेछन् ।<br>(५) उपधारा (४) बमोजिम स्थापना हुने स्वायत्त क्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद रहने छ । |
| ३. | **प्रदेशको निर्माण धारा ५** | (१) नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी संघीय समानुपातिक लोकतान्त्रिक गणतन्त्र नेपाललाई **एघार स्वायत्त प्रदेश**मा विभाजन गरिएको छ ।<br>(२) उपधारा (१) वमोजिम निर्माण गरिएका प्रदेशको नाम र क्षेत्र **अनुसूची १** मा उल्लेख भए बमोजिम हुनेछ ।<br>(३) उपधारा (२) वमोजिम विभाजित प्रदेशको नाम हेरफेर गर्नु परेमा सम्बन्धित प्रदेशको **प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई बहुमत**को निर्णयबाट गरिनेछ ।<br>(४) उपधारा (३) वमोजिम प्रदेशको नाम हेरफेर गर्ने विषयमा प्रदेशको व्यवस्थापिकाबाट दुई तिहाई बहुमत कायम हुन नसके सम्बन्धित प्रदेशले आवश्यक ठानेमा जनमत संग्रह गर्न सक्ने छ ।<br>(५) यस संविधान वमोजिमका प्रदेशहरु एक आपसमा गाभिन तथा थप नयाँ प्रदेशको रुपमा निर्माण गर्न परेमा वा प्रादेशिक सिमानालाई एक आपसमा मिलाई हेरफेर गर्न परेमा सम्वन्धित प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई वहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसलाई संघीय व्यवस्थापिकाको वहुमतले अनुमोदन गर्नु पर्नेछ ।<br>(६) उपधारा (५) बमोजिमको प्रकिया अबलम्बन गर्दा संघीय व्यवस्थापिकामा बहुमत नपुगी अनुमोदन गर्न नसकेमा सम्बन्धित प्रदेशहरुमा जनमत संग्रह गर्न सकिने छ ।<br>(७) उपधारा (४) र उपधारा (६) बमोजिम भएको जनमत संग्रहको निर्णय अनुसार संघीय व्यवस्थापिकाले संविधान संशोधन गर्ने छ ।<br>(८) उपधारा (३), उपधारा (४) र उपधारा (५) बमोजिम संघीय व्यवस्थापिकाको बहुमतले अनुमोदन गर्ने र उपधारा (४) र उपधारा (६) बमोजिम जनमत संग्रह गर्ने लगायत अन्य व्यवस्था संघीय व्यवस्थापिकाले कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ ।<br>(९) प्रदेशको राजधानी अनुसूची १ मा उल्लेख भए बमोजिम हुने छ । प्रादेशिक राजधानी हेरफेर गर्नु परेमा प्रादेशिक व्यवस्थापिकाले निर्धारण गरेको स्थानमा रहने छ । प्रादेशिक राजधानीको स्थान हेरफेर गर्ने कार्यविधि र प्रक्रिया प्रादेशिक व्यवस्थापिकाले |

| | | |
|---|---|---|
| | | निर्धारण गरे बमोजिम हुनेछ । |
| ४. | **संघको राजधानी धारा ६** | (१) संघको राजधानी संघीय सरकारले तोकेको स्थानमा रहनेछ ।<br>(२) उपधारा (१) बमोजिम तोकिएको स्थानलाई संघीय व्यवस्थापिकाको बहुमतले हेरफेर गर्न सक्नेछ । |
| ५. | **स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण धारा ७** | (१) यस संविधान वमोजिम निर्माण भएका प्रदेश अन्तर्गत स्थानीय तहको रुपमा गाउँपालिका र नगरपालिका रहनेछन् ।<br>(२) उपधारा (१) बमोजिम रहने स्थानीय तहको संख्या र क्षेत्र निर्धारण गर्नको लागि प्रादेशिक सरकारलाई संघीय सरकारले निश्चित मापदण्ड तोक्न सक्ने छ । यसरी मापदण्ड तोक्दा संघीय सरकारले सापेक्षिक रुपमा समान जनसंख्या, भौगोलिक तथा प्रशासनिक अनुकूलता, जनसंख्याको घनत्व, यातायातको सुविधा, प्राकृतिक स्रोत र साधनको अवस्थिति र सम्बन्धित क्षेत्रका बासिन्दाको सांस्कृतिक तथा सामुदायिक पक्षलाई ध्यान दिनु पर्ने छ ।<br>(३) उपधारा (२) बमोजिम संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रादेशिक सरकारले स्थानीय तहको नाम, संख्या र क्षेत्र निर्धारण गर्न उच्च स्तरीय आयोग गठन गर्ने छ । सो आयोगले स्थानीय स्वायत्त शासन संचालन गर्न अनुकूल हुने गरी स्थानीय तहको गठनमा सकभर एकरुपता कायम गर्ने छ ।<br>(४) उपधारा (१) बमोजिम गठन हुने स्थानीय तहको संख्या, सिमा र क्षेत्र यो संविधान बमोजिम प्रादेशिक सरकार गठन भएको मितिले एक वर्ष भित्र निर्धारण गरी सक्नु पर्नेछ । |
| ६. | **विशेष संरचना सम्वन्धी व्यवस्था धारा ८** | (१) संविधानको धारा ४ वमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेश भित्र एक जाति/सुमदाय वा भाषिक समुदायको वाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।<br>(२) उपधारा (१) को अतिरिक्त अति अल्पसंख्यकरुपमा रहेका जाति/समुदाय, सांस्कृतिक क्षेत्र, लोपोन्मुख र सिमान्तकृत जातिहरुको संरक्षण र सम्वर्द्धन गर्न कुनै क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिनेछ ।<br>**(३) उपधारा (१) र (२) वमोजिमको क्षेत्रले नसमेटेका सम्वन्धित प्रदेश भित्र पिछडिएका तथा आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न कुनै खास भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र कायम गर्न सकिनेछ ।**<br>(४) उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरु **अनुसूची २** मा उल्लेख भए बमोजिम हुनेछन् । अनुसूचीमा उल्लेखित स्वायत्त क्षेत्रहरुको अतिरिक्त थप नयाँ निर्माणको लागि सिफारिस गर्न प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । स्वायत्त क्षेत्रको निर्माण पहिलो पटक प्रादेशिक सरकार गठन भएको एक वर्ष भित्र गरिसक्नु पर्नेछ ।<br>(५(६)उपधारा (२) र (३) बमोजिम संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्माण गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको बहुमतको निर्णयबाट गर्न सकिनेछ ।<br>(७) स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । |
| ७. | **संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाको अधिकारको बाँडफाँड धारा ९** | (५) स्थानीय तहको अधिकार संविधानको **अनुसूची ६** मा उल्लेख भए बमोजिम हुने छ । **अनुसूची ६** मा उल्लेखित विषयमा स्थानीय तहले आवश्यक कानून बनाउन सक्नेछ । यसरी बनाएको कानून प्रादेशिक कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।<br>(६) उपधारा (५) को विधायिकी अधिकार सहित स्थानीय तहमा व्यवस्था भएको निर्वाचित परिषदलाई कार्यकारिणी र न्यायिक अधिकार हुनेछ ।<br>(७) विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकार संविधानको **अनुसूची ७** मा उल्लेख भए बमोजिम हुनेछ । अनुसूची ७ मा उल्लेखित विषयमा स्वायत्त क्षेत्रले |

| | | |
|---|---|---|
| | | आफ्नो क्षेत्र भित्र लागु हुने गरी कानून बनाउन सक्नेछ । यसरी बनाएको कानून प्रादेशिक कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निष्किय हुनेछ ।<br>(८) उपधारा (७) को विधायिकी अधिकार सहित स्वायत्त क्षेत्रमा व्यवस्था भएको निर्वाचित परिषदलाई कार्यकारिणी र न्यायिक अधिकार रहनेछ ।<br>(९) यस संविधान बमोजिम स्थापना गरिने विशेष संरचना अन्तर्गतका विशेष क्षेत्र र संरक्षित क्षेत्रको अधिकार प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>(१०) उपधारा (५) र (७) मा उल्लेखित कुराले प्रादेशिक सरकारलाई आफ्नो सूचीमा परेको विषयमा कानूनद्वारा स्थानीय तह र विशेष संरचनालाई थप अधिकार प्रदान गर्न बाधा पुऱ्याएको मानिने छैन ।<br>(११) संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकारको सुचीमा वा साझा सुचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा संविधान अन्तरगतका कानूनमा नतोकिएको विषयमा कानून वनाउने अधिकार सम्बन्धित प्रदेशको व्यवस्थापिकामा निहित हुनेछ । |
| ८. | **संघीय एकाइहरु वीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी व्यवस्था धारा ११** | (१) संघ र प्रदेश वीच र प्रदेश प्रदेश वीच विवाद उत्पन्न हुन नदिन र उत्पन्न भएका विवादको समाधान गर्न वा समाधान नभएका विषय संघीय व्यवस्थापिकामा सिफारिस गर्न एक अन्तर प्रादेशिक परिषद रहने छ । जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन् ।<br>क) कार्यकारी प्रमुख – अध्यक्ष<br>ख) संघीय गृहमन्त्री – सदस्य<br>ग) संघीय अर्थमन्त्री – सदस्य<br>घ) प्रदेशका मुख्यमन्त्रीहरु – सदस्य<br>(११) संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु वीच संविधानद्वारा सूचीकृत अधिकारको विषयमा वा संवैधानिक व्याख्याको विषयमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको शुरु कारबाही र किनारा गर्ने अधिकार संवैधानिक अदालतलाई हुनेछ ।<br>(१२) संवैधानिक अदालतमा एक जना अध्यक्ष सहित पाँच जना समानुपातिक समावेसी आधारमा नियुक्त सदस्यहरु रहने छन् । एक प्रदेशबाट बढीमा एकजना पर्ने सदस्यहरु नियुक्ति गर्नु पर्नेछ ।<br>(१३) संवैधानिक अदालतका अध्यक्ष र सदस्यहरुको नियुक्ति प्रक्रिया र योग्यता क्रमशः संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र अन्य न्यायाधीश सरह हुनेछ । **तर विशेष अधिकार प्रयोग गरी समानुपातिक समावेसी गराउनु पर्नेछ ।** |
| ९. | **आत्मनिर्णयको अधिकार धारा १२** | (१) आदिवासी जनजाती, मधेशीलाई आन्तरिक र स्थानीय रुपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोतसाधनको परिचालन तथा वातावरण सम्बन्धी अधिकारका रुपमा आत्मनिर्णयको अधिकार रहने छ । यी विषयहरुमा कानून बनाई निश्चित गरिने छ ।<br>(२) उपधारा (१) बमोजिम आत्मनिर्णयको अधिकारको प्रयोग गर्दा देशको सार्वभौमसत्ता, स्वतन्त्रता, एकता र क्षेत्रीय अखण्डतामा खलल नपर्ने गरी गरिने छ । |
| १०. | **राजनैतिक अग्राधिकार सम्बन्धी व्यवस्था धारा १३** | (१) मूल संरचना अन्तर्गत जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशहरुको हकमा राजनैतिक दलहरुले निर्वाचनको समयमा र प्रादेशिक सरकार निर्माणको क्रममा सम्बन्धित प्रदेशमा बाहुल्य रहेको जाति/समुदायको सदस्यलाई मूख्य नेतृत्व तहमा प्राथमिकता दिनु पर्नेछ । (२) विशेष संरचना अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा बाहूल्य रहेको जाति/समुदायको त्यस्तो स्वायत्त क्षेत्रको प्रमूख नेतृत्व तहमा राजनैतिक अग्राधिकार हुनेछ । |
| ११. | **अनुसूची १** | **प्रदेशको संख्या सीमाना र क्षेत्र** |

| | | |
|---|---|---|
| | | (१) **थरुहट स्वायत्त प्रदेश** : चितवन उपत्यकादेखि सुर्खेत र दाङ उपत्यका सहित पश्चिम कैलाली र कञ्चनपुर जिल्लासम्म । कैलाली, दाङ, नवलपरासी र चितवन जिल्लाको उत्तरी खण्डका गाविस जसमा मूलवासी थारुहरुको बसोबास छैन, त्यस्ता गाविस र/वा वडालाई उत्तरी खण्डको सम्बन्धित प्रदेशमा समावेस गरिनेछ ।<br>**खप्तड प्रदेशलाई भारतको सिमाना जोड्ने बिषयको सम्बन्धमा पशिचम कञ्चनपुर जिल्लाको ब्रम्हदेव बाँधबाट निकासको व्यवस्था मिलाउन सकिनेछ ।**<br><br>(२) **मध्य तराई सिम्रौनगढ प्रदेश** : पर्सादेखि धनुषा जिल्लासम्मको क्षेत्र ।<br>(३) **पूर्वी थरुहट कोचिला स्वायत्त प्रदेश** : सिराहादेखि उदयपुर उपत्यका त्रिजुगा खण्ड सहित झापा जिल्लासम्म ।<br><br>(४) **लिम्बुवान स्वायत्त प्रदेश** : ताप्लेजुङ, इलाम, पाचथर, तेह्रथुम, संखुवासभाको केही पूर्वी भाग, धनकुटाको केही पूर्वी भाग र मोरङ्गको उत्तरी भाग (चुरे पारीको) ।<br>(५) **खुम्बुवान स्वायत्त प्रदेश** : धनकुटा, संखुवासभा, सोलुखुम्बु, खोटाङ, उदयपुर उपत्यका बाहेकको क्षेत्र, ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुली र भोजपुर ।<br>(६) **ताम्सालिङ स्वायत्त प्रदेश** : काभ्रेपलाङचोक, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर र चितवन उपत्यका बाहेकको क्षेत्र ।<br>(७) **नेवा स्वायत्त प्रदेशः** काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्ला<br>(८) **तमुवान स्वायत्त प्रदेश** : कास्की, मनाङ, लमजुङ, गोर्खा, मुस्ताङ, स्याङ्जा, तनहु, र पाल्पा।<br>(९) **मगरात स्वायत्त प्रदेशः** रुकुम, रोल्पा, सल्यान, अर्घाखाची, गुल्मी, बागलुङ, म्याग्दी, प्यूठान र पर्वत ।<br>(१०) **खसान स्वायत्त प्रदेश** : हुम्ला, जुम्ला, डोल्पा, मुगु, सिमिकोट, कालिकोट, दैलेख, सुर्खेत उपत्यका बाहेको क्षेत्र र जाजरकोट ।<br>(११) **खप्तड स्वायत्त प्रदेश** : डोटी, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला र बैटडी । |
| १२. | अनुसूची २ | स्वायत्त क्षेत्रको सूची |
| १३.. | अनुसूची ३ | संघको अधिकारको सूची<br>**थप्ने : संघीय सरकारको कूल बजेट प्रत्येक प्रदेशको जनसंख्याको अनुपातमा विकास तथा निर्माणको लागि बिनियोजन गर्नु पर्नेछ ।** |
| १४. | अनुसूची ४ | प्रदेशको अधिकारको सूची<br>थप्ने : अवशिष्ठ अधिकार प्रदेशलाई दिनु पर्ने । |

## २. न्याय प्रणाली सम्बन्धी

| क्र. सं | विषयवस्तु | सुझावहरु (संविधानमा उल्लेख गर्ने भाषा शैलीमा सुझावहरु) |
|---|---|---|
| १ | ५. संघीय सर्वोच्च अदालत: | राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएका विषयमा बाहेक संविधान र संघीय कानूनको व्याख्या गर्ने अधिकार संघीय सर्वोच्च अदालतलाई हुनेछ ।<br>**स्पष्टीकरण** : यस उपधाराको प्रयोजनको लागि राष्ट्रिय महत्वको पद भन्नाले राष्ट्राध्यक्ष वा कार्यकारीप्रमुख वा व्यवस्थापिकाद्वारा निर्वाचित पद भन्ने बुझिन्छ । |
| २ | ६.संघीय सर्वोच्च अदालतका प्रधान | राष्ट्राध्यक्षले संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी संघीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन |

| | | |
|---|---|---|
| | न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | भएका व्यक्तिलाई संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा **समानुपातिक समावेसी प्रतिनिधित्व हुनेगरी** न्यायाधीशमा नियुक्ति गर्नेछ ।<br>प्रधान न्यायाधीशको पदावधि धारा ८ को उपधारा (१) को खण्ड (ख) को अधीनमा रही नियुक्ति भएको मितिबाट चार वर्षको हुनेछ । तर, संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले प्रधान न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा निजको पदावधि कम्तीमा दुई वर्ष कायम हुनेगरी सिफारिस गर्नेछ । |
| ३ | १०.संघीय सर्वोच्च अदालतको अधिकार क्षेत्र: | यस संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक संघीय सर्वोच्च अदालतको देहाय बमोजिमको शुरू क्षेत्राधिकार हुनेछ ।<br>(क) संघ र राज्यबीचको विवाद,<br>(ख) राज्य र राज्यबीचको विवाद,<br>(ग) संघीय संवैधानिक अंगहरूबीचको विवाद,<br>(घ) राष्ट्रिय सुरक्षा, मुद्रा र वैदेशिक मामिला सम्बन्धी विवाद । |
| ४ | १६.राज्य/ प्रदेश सर्वोच्च/ उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | (१) राज्यप्रमुखले राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी राज्यव्यवस्थापिकाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशमा **समानुपातिक समावेसी प्रतिनिधित्व हुनेगरी** नियुक्ति गर्नेछ ।<br>(२) मुख्य न्यायाधीशको पदावधि धारा १८ को उपधारा (१) को खण्ड (ख) को अधीनमा रही नियुक्ति भएको मितिबाट चार वर्षको हुनेछ । तर, राज्यव्यवस्थापिकाको विशेष न्यायिक समितिले मुख्य न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा निजको पदावधि कम्तीमा दुई वर्ष कायम हुने गरी सिफारिस गर्नेछ । |
| ८ | २९.संघीय व्यवस्थापिका विशेष न्यायिक समिति/राज्य/प्रदेश व्यवस्थापिका विशेष न्यायिक समिति/ जिल्ला/ स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति | (१) संघीय व्यवस्थापिका विशेष न्यायिक समिति: यस संविधान बमोजिम संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश एवं न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन संघीय व्यवस्थापिकामा देहाय बमोजिमको संघीय व्यवस्थापिका विशेष न्यायिक समिति रहनेछ ।<br>(क) संघीय व्यवस्थापिकाका उपाध्यक्ष<br>(ख) संघीय कानून तथा न्याय मन्त्री-सदस्य<br>(ग) संघीय व्यवस्थापिकामा रहेको संख्याको आधारमा **समानुपातिक समावेसी प्रतिनिधित्व हुनेगरी** संघीय व्यवस्थापिकाबाट निर्वाचित बढीमा ९ जना सदस्य -सदस्य<br>(२) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार: संघीय व्यवस्थापिका विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:<br>(क) यस संविधानको अधीनमा रही राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएका विषयमा संविधान र संघीय कानूनको व्याख्या गर्ने अधिकार संघीय व्यवस्थापिका विशेष न्यायिक समितिलाई हुनेछ ।<br>**स्पष्टीकरण:** यस उपधाराको प्रयोजनको लागि राष्ट्रिय महत्वको पद भन्नाले |

राष्ट्राध्यक्ष वा कार्यकारीप्रमुख वा व्यवस्थापिकाद्वारा निर्वाचित पद भन्ने बुझिन्छ ।

**(ख) समानुपातिक र समावेशी सिद्धान्त**का आधारमा संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीशको नियुक्तिको लागि आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि संघीय व्यवस्थापिकामा पेश गर्ने छ । यसरी पेश भएको सूचीबाट संघीय व्यवस्थापिकाबाट अनुमोदन भएको व्यक्तिलाई राष्ट्राध्यक्षबाट प्रधान न्यायाधीश र न्यायाधीशमा नियुक्ति गरिनेछ ।

(ग) संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण (आधार सहितको उल्लंघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारबाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा बर्खास्त गर्ने समेतका लागि राष्ट्राध्यक्षसमक्ष सिफारिस गरिनेछ । यसरी गरिएको सिफारिस राष्ट्राध्यक्षबाट स्वीकृत हुनेछ ।

तर भ्रष्टाचारको कसूरमा सेवाबाट बर्खास्त गर्दा संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले गठन गरेको विशेष अदालतमा मुद्दा दायर गरी सो अदालतबाट ठहऱ्याए बमोजिम हुनेछ । यस्तो विशेष अदालत सम्बन्धी व्यवस्था संघीय कानूनद्वारा निर्धारित हुनेछ ।

(५) <u>राज्यव्यवस्थापिका विशेष न्यायिक समिति</u>: यस संविधान बमोजिम राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतका मुख्य न्यायाधीश एवं न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन राज्यव्यवस्थापिकामा देहाय बमोजिमको राज्यव्यवस्थापिका विशेष न्यायिक समिति रहनेछ ।

(क) राज्यव्यवस्थापिकाका उपाध्यक्ष -अध्यक्ष

(ख) राज्यकानून तथा न्याय मन्त्री -सदस्य

(ग) राज्यव्यवस्थापिकामा रहेको संख्याको आधारमा **समानुपातिक र समावेशी रूपले प्रतिनिधित्व हुने गरी** संघीय व्यवस्थापिकाबाट निर्वाचित बढीमा ५ जना सदस्य -सदस्य

(६) <u>राज्यव्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार</u>: राज्यव्यवस्थापिका विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्तिको लागि आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि राज्यव्यवस्थापिकामा पेश गर्ने छ। यसरी पेश भएको सूचीबाट राज्यव्यवस्थापिकाबाट अनुमोदन भएको व्यक्तिलाई राज्यप्रमुखबाट मुख्य न्यायाधीश र न्यायाधीशमा नियुक्ति गरिनेछ ।

(ख) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण (आधार सहितको उल्लंघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारबाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा

| | | |
|---|---|---|
| | | बर्खास्त गर्ने समेतका लागि राज्यप्रमुखसमक्ष सिफारिस गरिनेछ। यसरी गरिएको सिफारिस राज्यप्रमुखबाट स्वीकृत हुनेछ।<br>तर भ्रष्टाचारको कसूरमा सेवाबाट बर्खास्त गर्दा राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले गठन गरेको विशेष अदालतमा मुद्दा दायर गरी सो अदालतबाट ठहऱ्याए बमोजिम हुनेछ। यस्तो विशेष अदालत सम्बन्धी व्यवस्था राज्यकानूनद्वारा निर्धारित हुनेछ।<br>(८) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति: यस संविधान बमोजिम जिल्ला/ स्थानीय अदालतका न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन जिल्ला/स्थानीय प्रतिनिधिसभामा देहाय बमोजिमको जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति रहनेछ।<br>(क) जिल्ला/स्थानीय प्रतिनिधिसभा उपाध्यक्ष -अध्यक्ष<br>(ख) जिल्ला/स्थानीय प्रतिनिधिसभामा रहेको संख्याको आधारमा **समानुपातिक र समावेशी** रूपले प्रतिनिधित्व हुने गरी जिल्ला/स्थानीय प्रतिनिधिसभाबाट निर्वाचित बढीमा ५ जना सदस्य-सदस्य<br>(९) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार: जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:<br>(क) समानुपातिक र समावेशी सिद्धान्तका आधारमा जिल्ला/ स्थानीय अदालतको न्यायाधीशको नियुक्तिको लागि आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि जिल्ला/ स्थानीय प्रतिनिधिसभामा पेश गर्नेछ। यसरी पेश भएको सूचीबाट जिल्ला/स्थानीय प्रतिनिधिसभाबाट अनुमोदन भएको व्यक्तिलाई जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखबाट न्यायाधीशमा नियुक्ति गरिनेछ।<br>(ख) जिल्ला/स्थानीय अदालतको न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण (आधार सहितको उल्लंघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारबाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा बर्खास्त गर्ने समेतका लागि जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखसमक्ष सिफारिस गरिनेछ। यसरी गरिएको सिफारिस जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखबाट स्वीकृत हुनेछ।<br>(ग) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ। जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति तथा उप समितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि राज्यकानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।<br>(घ) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले गरेको काम कारबाही एवं निर्णयहरू अन्तिम हुनेछ। यसउपर कुनै अदालतमा उजुरी, पुनरावेदन एवं रिट निवेदन लाग्ने छैन।<br>(१०) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार राज्यकानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।<br>(११) उपधारा (१) (५) र (८) बमोजिमका विशेष न्यायिक समिति गठन गर्दा |

| | | |
|---|---|---|
| | | जातीय, लिंगीय, वर्गीय र क्षेत्रीय आधारमा राज्य/प्रादेशिक/ प्रान्तीय एवं दलीय समानुपातिक प्रतिनिधित्व हुने गरी गरिनेछ। |
| | स्थानीय अदालत | **(क) आदिवासी जनजातिहरुको प्रथाजनित कानून र न्याय प्रणालीलाई स्थानीय अदालतको मान्यता दिइनेछ।** |

## ३. व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण

| सि.नं | विषयवस्तु | सुझावहरु (संविधानमा उल्लेख गर्ने भाषा शैलीमा अवधारणहरु) |
|---|---|---|
| १. | १.व्यवस्थापिका को गठनः | **(राष्ट्रप्रमुख)** प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई व्यवस्थापिका-संसद भनिनेछ। |
| २. | ३.प्रतिनिधिसभा को गठनः | १) प्रतिनिधि सभामा २३५ सदस्य रहनेछन्। जसमध्ये प्रत्यक्ष निर्वाचनबाट ९४ (४० प्रतिशत) जना र समानुपातिक निर्वाचनबाट १४१ (६० प्रतिशत) जना सदस्यको पूर्ति हुनेछ। प्रतिनिधि सभाको निर्वाचन बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ।<br>(२) प्रतिनिधि सभाका सदस्यहरुको प्रत्यक्ष निर्वाचनको लागि चौरानब्बे (९४) निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाको दरले **समानुपातिक समावेसी प्रतिनिधित्व हुनेगरी** निर्वाचित हुनेछन्।<br>(३) प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेसी, थारु, उत्पीडित जाति, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, खस आर्य समुदाय समेतबाट प्रादेशिक बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ।<br>(४) उपधारा (२) र (३) बमोजिम निर्वाचित हुने प्रतिनिधि सभाका जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा उपधारा (३) अन्तर्गतको व्यवस्थाबाट हुने गरी कानूनद्वारा व्यवस्था गरिने छ।<br>**(५) यस संविधान बमोजिम (अगावै विघटन भएमा बाहेक)** प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुनेछ।<br>तर देशमा संकटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधि सभाको कार्यकाल बढाउन सकिनेछ।<br>(६) उपधारा (५) बमोजिम थप गरिएको प्रतिनिधि सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले ६ महिना पुगेपछि स्वतः समाप्त हुनेछ।<br>(७) यस संविधानको अधीनमा रही प्रतिनिधि सभाको सदस्यको निर्वाचन एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।<br>(८) अठार वर्ष उमेर पुरा भएको प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ।<br>(९) प्रतिनिधि सभाका सदस्यको लागि हुने निर्वाचनमा मतदान गर्न अधिकार पाएको कुनै पनि व्यक्ति धारा ५ र अन्य प्रचलित कानूनको अधीनमा रही कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउनेछ।<br>(१०) प्रतिनिधि सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन |

| | | |
|---|---|---|
| | | स्थान रिक्त भएको हो सो रिक्त स्थानको पूर्ति सोही प्रकृयाद्वारा गरिनेछ ।<br>**(१२) संघीय व्यवस्थापिका संसदको प्रतिनिधिसभामा प्रत्येक प्रदेशको जनसंख्याको अनुपातमा सदस्य संख्या निर्धारण गरिनेछ ।** |
| ३. | **४.राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधि:** | (१) राष्ट्रिय सभामा देहाय बमोजिमका ६५ सदस्यहरु रहनेछन् ।<br>(क) प्रत्येक प्रदेशबाट प्रदेशको जनसंख्याको अनुपातमा कानूनमा व्यवस्था भए अनुसार **समानुपातिक समावेसी प्रतिनिधित्व हुनेगरी** निर्वाचित हुने ४५ सदस्यहरु,<br>(ख) संघीय संसदको प्रतिनिधि सभामा प्रतिनिधित्व हुन नसकेका अल्पसंख्यक महिला, जाती, भाषिक, धार्मिक, पिछडिएको वर्ग वा समुदायका (२० जनामध्ये १६ जना) साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरु (२० जनामध्ये ४ जना) बाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल संक्रमणीय मतको आधारमा प्रतिनिधि सभाद्वारा कानूनमा व्यवस्था भए बमोजिम निर्वाचित हुने २० सदस्यहरु,<br>(२) राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ । यसको गठनमा समानुपातिक समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ । यस सदनका एक-तिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ ।<br>(३) राष्ट्रिय सभाका सदस्यहरुको पदावधि छ वर्षको हुनेछ । तर यो संविधान प्रारम्भ भएपछि पहिलो पटकलाई सदस्यको पदावधि कायम गर्दा गोला हाली एक-तिहाईको दुई वर्ष, अर्को एक-तिहाईको चार वर्ष र बाँकी एक-तिहाईको छ वर्षको पदावधि कायम गरिनेछ ।<br>(४) राष्ट्रिय सभाको प्रथम बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यहरुको पदावधि प्रारम्भ भएको मानिनेछ ।<br>(५) राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति सो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन जुन तरिकाले भएको हो सोही तरिकाले गरिनेछ ।<br>(६) राष्ट्रिय सभाको कुनै सदस्यको पदावधि बाँकी छँदै निजको स्थान रिक्त भएमा बाँकी पदावधिको लागि सो स्थानको पूर्ति उपधारा (५) बमोजिम गरिनेछ । |
| ६. | **८. शपथ** | संसदको प्रत्येक सदनका सदस्यहरुले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि अनुसूचि (२) मा तोकिए बमोजिम **वा आफ्नै मातृभाषा र भेषभूषमा** शपथ लिनु पर्नेछ । |
| ७. | **१०.राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष** | (१) पहिलो पटक अधिवेशन प्रारम्भ भएपछि राष्ट्रिय सभाले यथाशीघ्र आफ्ना सदस्यहरु मध्येबाट एकजना अध्यक्ष र एक जना उपाध्यक्षको निर्वाचन गर्नेछ । अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना **समावेसी महिला** हुनुपर्नेछ । अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा राष्ट्रिय सभाले आफ्ना सदस्यहरुमध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ ।<br>(२) राष्ट्रिय सभाको अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले राष्ट्रिय सभाको अध्यक्षता गर्नेछ ।<br>(३) राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा राष्ट्रिय सभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरुमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ ।<br>(४) राष्ट्रिय सभाको अध्यक्ष वा उपाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछ :-<br>(क) निज राष्ट्रिय सभाको सदस्य नरहेमा, वा<br>(ख) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा; वा |

| | | |
|---|---|---|
| | | (ग) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव राष्ट्रिय सभाको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा ।<br>(५) राष्ट्रिय सभाको अध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ । सो प्रस्तावको छलफलमा अध्यक्षले भाग लिन र मत दिन पाउनेछ । |
| ८. | **१४.बहसमा बन्देज** | नेपालको कुनै अदालतमा विचाराधिन मुद्दाहरुका सम्बन्धमा न्याय निरुपणमा प्रतिकुल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा संसदको कुनै सदनमा छलफल गरिने छैन ।<br>तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । |
| १०. | **१८.मन्त्रीले दुवै सदनको बैठकमा भाग लिन पाउने** | मन्त्रीले संसदको कुनै पनि सदन वा त्यसको समितिमा उपस्थित हुन र कारवाई तथा छलफलमा भाग लिन पाउनेछ तर आफू सदस्य नभएको सदन वा त्यसको समितिमा मतदान गर्न पाउने छैन । |
| १२ | **२३.संयुक्त समिति** | १) दुई सदनका बीचको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितिको गठन गरिनेछ ।<br>(२) संयुक्त समितिमा प्रतिनिधि सभाको सदस्य दुईजना र राष्ट्रिय सभाको सदस्य एकजनाको अनुपातमा बढीमा पन्ध्रजना सदस्यहरु रहने छन् । |
| १४. | **४२.प्रदेश व्यवस्थापिकाको गठन** | प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुनेछ । **(प्रदेश प्रमुख सहितको)** यो व्यवस्थापिकालाई **राज्य सभा** भनिनेछ । |
| १५. | **४४.प्रदेश सभाको गठन** | (१) **राज्य सभा**मा जनसंख्याका आधारमा बढीमा ३५ सदस्य रहनेछन् । यसमध्ये प्रत्यक्ष निर्वाचनबाट १४ (४० प्रतिशत) सदस्य र समानुपातिकबाट २१ (६० प्रतिशत) सदस्य हुनेछ । प्रदेश सभाको निर्वाचन वालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ ।<br>(२) **राज्य सभा**मा प्रत्यक्ष तथा समानुपातिक निर्वाचनबाट निर्वाचित हुने जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा समानुपातिक निर्वाचन अन्तर्गतको व्यवस्थाबाट हुनेगरी कानूनद्वारा व्यवस्था गरिने छ । प्रदेश सभाका सदस्यहरुको निर्वाचन क्षेत्र तथा संख्या निर्धारणका आधारहरु कानूनद्वारा व्यवस्था गरिनेछ ।<br>(३) **राज्य सभा**को समानुपातिक निर्वाचनको निमित्त राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेसी, थारु, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएका वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, खसआर्य समुदाय समेतबाट प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ ।<br>(४) यस संविधान बमोजिम **(अगावै विघटन भएमा बाहेक) राज्य सभा**को कार्यकाल पाँच वर्ष हुनेछ । तर देशमा संकटकालीन स्थितिको घोषणा लागू भएको अवस्थामा एक वर्षमा नबढने गरी ऐनद्वारा **राज्य सभा**को कार्यकाल बढाउन सकिने छ । तर यसरी थप गरिएको **राज्य सभा**को कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुनेछ । |

| | | |
|---|---|---|
| | | (७) **राज्य सभा**को कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन स्थान रिक्त भएको हो सो रिक्त स्थानको पूर्ति सोही प्रकृयाद्वारा गरिनेछ । |
| १८ | **४८.शपथ** | **राज्य सभा**का सदस्यहरुले सभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि निर्धारित रुपमा **आ आफ्नै मातृभाषा र भेषभूषामा** शपथ लिनु पर्नेछ । |
| १८. | **५३.बहसमा बन्देज** | नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाहरुका सम्बन्धमा न्याय निरुपणमा प्रतिकुल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा सभामा छलफल गरिने छैन ।<br>तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । |

## ४. राज्यको शासकीय स्वरुप निर्धारण

| सि. नं | विषयवस्तु | सुझावहरु (संविधानमा उल्लेख गर्ने भाषा शैलीमा अवधारणाहरु) |
|---|---|---|
| २. | **धारा २**<br>राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ । जसको चयन नेपालका भएका सबै जात जातिको सूची बनाई **अल्फाबेटिकल रोलक्रम** अनुसार **लिंगीय समावेसी** हुनेछ ।<br>(२) राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष र सरकारप्रमुख हुनेछ ।<br>(३) नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(४) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीक हुनेछ । |
| ५. | **धारा ५**<br>उपराष्ट्रपतिको निर्वाचन | (१) राष्ट्रपतिको उम्मेदवारले आफ्नो मनोनयन पत्र दर्ता गर्दाकै अवस्थामा आफूभन्दा अलग प्रदेश, विविधता र लिङ्गको एकजना व्यक्तिलाई उपराष्ट्रपतिको रूपमा प्रस्तावित गर्नुपर्नेछ । |
| १०. | **धारा १०**<br>सपथ | (१) राष्ट्रपतिले व्यवस्थापिकाको अध्यक्ष समक्ष अनुसूची ... को ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।<br>(२) उप राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि राष्ट्रपति समक्ष अनुसूची ...को ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।<br>(३) राष्ट्रपति तथा उप राष्ट्रपति निर्वाचित भएको ३० दिन भित्र पद तथा गोपनियताको शपथ नलिएमा राष्ट्रपति तथा उप राष्ट्रपतिको पद स्वतःनिष्कृय भएको मानिनेछ । |

## ५. संवैधानिक निकायको संरचना निर्धारण

| सि. नं | विषयवस्तु | सुझावहरु (संविधानमा उल्लेख गर्ने भाषा शैलीमा अवधारणाहरु) |
|---|---|---|
| २२ | ८. आदिवासी/जनजाति आयोग | (१) नेपालमा एक संघीय आदिवासी/जनजाति आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि आदिवासी/जनजाति आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर, |

| | | |
|---|---|---|
| | | (क) सो पदावधि पूरा हुन अगावै आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष आदिवासी/जनजाति हक हित वा आदिवासी/जनजाति विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको आदिवासी जनजाति समुदायको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन्<br>।(७ आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) आदिवासी/जनजाति आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । |
| २३ | **८.१ आदिवासी/ जनजाति आयोगको काम, कर्तव्य र अधिकार** | १) नेपालमा भएका आदिवासी/जनजाति सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) आदिवासी/जनजातिहरुको भाषा तथा सँस्कृतिको जगेर्ना एवं तिनीहरुको उत्थान र विकासका निम्ती आदिवासी/जनजाति हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) आदिवासी/जनजाति उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत आदिवासी/जनजाति हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने । |

| | | |
|---|---|---|
| | | ४) आदिवासी/जनजाति अधिकार सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>५) आदिवासी/जनजातिलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । |
| २४ | **८.२ अधिकार प्रत्यायोजन** | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । |
| २५ | **८.३ प्रादेशिक व्यवस्था** | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्धारा निर्धारण भए बमोजिम हुनेछ । |
| २६ | **८.४ वार्षिक प्रतिवेदन** | प्रत्येक वर्ष संघीय आदिवासी/जनजाति आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । |
| २७ | **९. अल्पसंख्यक एवं सिमान्तकृत समुदाय, तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग** | (१) नेपालमा एक संघीय अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र आवश्यकता अनुसार सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्य हुन अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हक हित वा विकास वा मानव अधिकारको क्षेत्रमा कम्तीमा दस वर्ष महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :- |

| | | |
|---|---|---|
| | | (क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिकोलागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन।<br>तर,<br>(क) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । |
| २८ | **९.१ अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको** | १) नेपालमा भएका अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको उत्थान र विकास लगायत निजहरुको हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत निजहरुको हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्र सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने । |

| | | |
|---|---|---|
| | **काम , कर्तव्य र अधिकार** | ५) अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>६) कानुनद्वारा तोकिएको अन्य कार्य गर्ने । |
| **२९** | **९.२ अधिकार प्रत्यायोजन** | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । |
| **३०** | **९.३ प्रादेशिक व्यवस्था** | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । |
| **३१** | **९.४ वार्षिक प्रतिवेदन** | प्रत्येक वर्ष संघीय अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । |
| **३२** | **१०. मधेशी आयोग** | (१) नेपालमा एक संघीय मधेशी आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि मधेशी आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै मधेशी आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) मधेशी आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) मधेशी आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष मधेशी हक हित वा मधेशी विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा मधेशी आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) मधेशी आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको । |

| | | |
|---|---|---|
| | | (६) मधेशी आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । मधेशी आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) मधेशी आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) मधेशी आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । |
| ३३ | १०.१ मधेशी आयोगको काम , कर्तव्य र अधिकार | १) नेपालमा भएका मधेशी सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) मधेशी समुदायको भाषा सँस्कृतिको जगेर्ना एवं मधेशीको उत्थान र विकासका निम्ती मधेशी हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) मधेशी उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मधेशी हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) मधेशीलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>५) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । |
| ३४ | १०.२ अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । |
| ३५ | १०.३ प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । |
| ३६ | १०.४ वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय मधेशी आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । |
| ३७ | ११. मुस्लिम आयोग | (१) नेपालमा एक संघीय मुस्लिम आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश |

| | | |
|---|---|---|
| | १७ | गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि मुस्लिम आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै मुस्लिम आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) मुस्लिम आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) मुस्लिम आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष मुस्लिम हक हित वा मुस्लिम समुदायको विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा मुस्लिम आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) मुस्लिम आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) मुस्लिम आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । मुस्लिम आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) मुस्लिम आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) मुस्लिम आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । |
| ३८ | ११.१ **मुस्लिम आयोगको काम , कर्तव्य र अधिकार** | १) नेपालमा भएका मुस्लिम समुदाय सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) मुस्लिम समुदायको भाषा, सँस्कृतिको जगेर्ना एवं मुस्लिम समुदायको उत्थान र विकासका निम्ती मुस्लिम समुदायको हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) मुस्लिम समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मुस्लिम |

| | | |
|---|---|---|
| | | समुदायको हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) मुस्लिम समुदायको अधिकार सम्बन्धि नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>५) मुस्लिम समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । |
| ३९ | **११.२ अधिकार प्रत्यायोजन** | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । |
| ४० | **११.३ प्रादेशिक व्यवस्था** | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । |
| ४१ | **११.४ वार्षिक प्रतिवेदन** | प्रत्येक वर्ष संघीय मुस्लिम आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । |
| ४२ | **१२.१ थारु आयोग** | (१) नेपालमा एक संघीय थारु आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको थारु व्यक्तिहरुमध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि थारु आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै थारु आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) थारु आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) थारु आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष थारु हक हित वा थारु विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा थारु आयोगको अध्यक्ष वा सदस्यको पद रित्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) थारु आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ : |

| | | |
|---|---|---|
| | | (क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) थारु आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । थारु आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) थारु आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) थारु आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । |
| ४३ | १०.१ थारु आयोगको काम , कर्तव्य र अधिकार | १) नेपालमा भएका थारु सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) थारु समुदायको भाषा सँस्कृतिको जगेर्ना एवं थारुको उत्थान र विकासका निम्ती थारु हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) थारु उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत थारु हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सोको पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) थारुलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>५) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । |
| ४४ | १०.२ अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । |
| ४५ | १०.३ प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । |
| ४६ | १०.४ | प्रत्येक वर्ष संघीय थारु आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश |

| | वार्षिक प्रतिवेदन | गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । |
|---|---|---|

## ६. संबैधानिक समितिको प्रतिवेदनमा

| सि.नं | विषयवस्तु | सुझावहरु (संविधानमा उल्लेख गर्ने भाषा शैलीमा अवधारणहरु) |
|---|---|---|
| १. | प्रस्तावना | लोकतन्त्र, शान्ति, मानवअधिकार र अग्रगामी परिवर्तनका लागि गरिएका ऐतिहासिक सशस्त्र संघर्ष, शान्तिपूर्ण जनआन्दोलन, **थरुहट आन्दोलन, खम्बुवान आन्दोलन, आदिवासी जनजाति आन्दोलदन, दलित आन्दोलन, मुस्लिम आन्दोलन** र मधेश आन्दोलन तथा नेपाली जनताको त्याग, बलिदान र शहिदहरुलाई सम्मान गर्दै;<br><br>जनताको प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, **स्वतन्त्र र उत्तरदायी न्यायपालिका** तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्वन गरी समाजवादको आधार निर्माण गर्न प्रतिवद्ध रहदै;<br><br>राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै; |
| २. | ७.राष्ट्रिय गान र निशाना छाप | (२) नेपालको निशाना छाप अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ । सो निशाना छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ र त्यसमा नेपाल सरकारबाट निर्धारित रङ्गको प्रयोग हुनेछ । |
| ३. | ८.संविधान संशोधन | (१) जनतामा निहित **सार्वभौमसत्ता, गणतन्त्र, समानुपातिक समावेसी, धर्मनिरपेक्ष, लोकतन्त्र, राष्ट्रिय अखण्डता, राष्ट्रिय स्वाधिनता** सम्बन्धी मूल्य र मान्यताहरुको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन । |

## ७. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त

| सि.नं | विषयवस्तु | सुझावहरु (संविधानमा उल्लेख गर्ने भाषा शैलीमा अवधारणहरु) |
|---|---|---|
| ३ | २८. सामाजिक न्यायको हक | (५) आदिबासी, जनजातिलाई आफ्नो पहिचान सहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तिकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।<br><br>(१२) आदिवासी समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनेछ । |

१८
२०७१।८।१४

# मधेसी जनअधिकार फोरम, नेपाल

## संसदीय दलको कार्यालय

काठमाडौं

मिति : १४/०८/२०७१

मानननीय सभापति
संवैधानिक राजनीतिक सम्बाद तथा सहमति समिति संविधानसभा, काठमाडौं

बिषय : संविधानको अन्तरबस्तु सम्बन्धी प्रस्ताव ।

उपरोक्त सम्बन्धमा निम्न बमोजिमका प्रावधानहरु संविधानमा समावेश गर्न मधेसी जनअधिकार फोरम, नेपालको तर्फबाट देहाय बमोजिम फरक मत प्रस्तुत गर्दछु:-

**१. प्रदेशको संरचना सम्बन्धमा**

(क) नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई ९ भौगोलिक प्रदेशमा विभाजन गरिएको छ। प्रदेशसभाको दुई तिहाई बहुमतले पारित गरी प्रदेशको नाम तथा राजधानी परिवर्तन गर्न सक्नेछ।

(ख) उपधारा १ (क) वमोजिम निर्माण गरएको भौगोलिक प्रदेशको नाम तथा राजधानी देहाय बमोजिम हुने छ।

| क्र.सं. | प्रदेशको नाम | राजधानी |
|---|---|---|
| १. | लिम्बूवान | इलाम |
| २. | किरात | धनकुटा |
| ३. | तामसालिङ्ग | पाँचखाल |
| ४. | मगरात | तानसेन |
| ५. | नेवा | काठमाडौं |
| ६. | नारायणी | गोरखा |
| ७. | तमुवान | पोखरा |
| ८. | मधेश/तराई | वीरगञ्ज |
| ९. | कर्णाली/खशान | सुर्खेत |

**(ग) स्थानीय निकाय**

१. यस संविधान बमोजिम निर्माण भएका प्रदेश अर्न्तगत स्थानीयतहको रुपमा गाउँपालिका र नगरपालिका रहने छ।

२. स्थानीयतहको संख्या र क्षेत्र निर्धारण गर्नका लागि प्रादेशिक सरकारले निश्चित मापदण्ड तोक्ने छ। यसरी मापदण्ड तोक्दा प्रादेशिक सरकारले सापेक्षिक रुपमा समान जनसंख्या, भौगोलिक तथा प्रशासनिक अनुकूलता जनसंख्याको घनत्व, यातायातको सुविधा, प्राकृतिक स्रोत र साधनको अवस्थिति र सम्वन्धित क्षेत्रका बासिन्दाको सांस्कृतिक तथा सामुदायिक पक्षलाई ध्यान दिनु पर्ने छ।

३. तोकिएको मापदण्डको आधारमा स्थानीयतहको संख्या, सीमा र क्षेत्र प्रादेशिक सरकार गठन भएको मितिले एक वर्षभित्र निर्धारण गरिसक्नु पर्ने छ ।

४. स्थानीय तहको गठन र संरचना सम्बन्ध अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ ।

(घ) केन्द्र र प्रदेशको बीचमा साधन, स्रोत र शक्तिको न्यायोचित बाँडफाँड गर्ने जसमा केन्द्रसँग सम्वन्धित सरोकारका विषयहरु - अन्तर्राष्ट्रिय सम्बन्ध, मुद्रा, राष्ट्रिय सुरक्षा तथा संचार लगायतका विषयहरु केन्द्रको मातहत र प्रादेशिक सरोकारका विषयहरुका साथै अवशिष्ट अधिकारहरु प्रदेशको मातहतमा रहने ।

**२. समावेशीकरण सम्बन्धमा**

(क) राजनीतिक प्रतिनिधित्व, राजनीतिक नियुक्ति, सुरक्षा निकाय, न्यायपालिका, संवैधानिक निकाय, सार्वजनिक संस्थान, शिक्षा, स्वास्थ्यलगायत राज्यका सम्पूर्ण तह, निकाय र अंगहरुमा युगौंदेखि बहिष्करणमा पारिएका वा परेका जात, जाति, मधेशी, थारुसहित अन्य आदिवासी जनजाति, मुस्लिम, दलित, महिला, पिछडावर्ग एवं सिमान्तकृत समुदाय तथा लोपोन्मुख समुदायहरु लगायतको पहिचान गरी संविधानमा सूचीकृत गर्ने र यी समुदायहरुलाई जनसंख्याको आधारमा समानुपातिक राजनीतिक प्रतिनिधित्वको व्यवस्था गर्ने र सरकारी तथा अर्धसरकारी सेवाहरुमा नियुक्ति र पदोन्नति सहितमा समानुपातिक समावेशीकरण र सकारात्मक विभेदको सिद्धान्तको आधारमा संविधानमा नै आरक्षण अथवा कोटा सुनिश्चित गरिनु पर्ने ।

(ख) राजनीतिक प्रतिनिधित्व, संवैधानिक अंगहरु, सरकारी सेवा लगायत राज्यका सम्पूर्ण क्षेत्रहरुमा महिलाको लागि न्यूनतम ३३ प्रतिशत आरक्षणको व्यवस्था गर्नु पर्ने ।

**३. निर्वाचन प्रणाली सम्बन्धमा**

(क) अहिलेको निर्वाचन प्रणाली भन्दा बढी समावेशी र प्रजातान्त्रिक बनाउन प्रतिनिधिसभा र प्रादेशिक सभाको लागि समानुपातिक समावेशी सिद्धान्त अनुरुप बन्दसूचीका आधारमा हुने समानुपातिक निर्वाचन प्रणालीका आधारमा गरिनु पर्दछ ।

(ख) दलले उम्मेद्वारको सूची मतदाता समक्ष प्रस्तुत गर्ने, मतदाताले दललाई मत दिने र दलले पाएको मतको हिस्साको अनुपातमा विजयी उम्मेद्वार संख्या निश्चित गरी सम्बन्धित दलको सूचीमा रहेको अग्रस्थानको आधारमा चुनिएको मानिने ।

(ग) राष्ट्रपतिको निर्वाचन सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी प्रत्यक्ष निर्वाचन प्रणालीबाट बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा हुने । निर्वाचनमा दुईभन्दा बढी उम्मेद्वार भएको अवस्थामा कुल सदर मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वार राष्ट्रपतिमा निर्वाचित हुने । उक्त निर्वाचनमा सदर मतको पचास प्रतिशत भन्दा बढी मत कुनै उम्मेद्वारले प्राप्त गर्न नसकेको अवस्थामा सबै भन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेद्वार बीच दोस्रो चरणको मतदान हुने । दोस्रो चरणमा बढी मत प्राप्त उम्मेदवार राष्ट्रपति निर्वाचित हुने ।

(घ) उपराष्ट्रपतिको निर्वाचन : पहिलोपटक अधिवेशन प्रारम्भ भएको पन्ध्र दिनभित्र उपराष्ट्रपतिको निर्वाचन संघीय व्यवस्थापिकाका दुवै सदनका सम्पूर्ण सदस्यहरु मतदाता रहेको निर्वाचक मण्डलबाट हुने छ ।

(ङ) प्रतिनिधि सभा, राष्ट्रियसभा र प्रादेशिकसभाका सदस्यहरुको प्रत्याह्वानको व्यवस्था गरिने छ ।

४. शासकीय स्वरुप

(क) राष्ट्रपति : नेपालको राष्ट्रियता एवं एकताको प्रतीकको रुपमा कार्यकारिणी अधिकारसम्पन्न एक जना राष्ट्रपति रहनेछ। राष्ट्रपति मुलुकको राष्ट्राध्यक्ष एवं सरकार प्रमुख हुनेछ।

(ख) राष्ट्रपति /उपराष्ट्रपतिको कार्यकाल ५ वर्षको हुनेछ र एउटै व्यक्ति दुईपटक भन्दा बढी सो पदमा निर्वाचित हुन पाउने छैन।

(ग) प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरु सरकारको मन्त्री हुन पाउने छैन।

(घ) राष्ट्रपतिले आफ्नै अध्यक्षतामा आफैं प्रति उत्तरदायी मन्त्रिपरिषद् गठन गर्ने छ। तर राष्ट्रपतिबाट गरिने मन्त्रिपरिषद्का सदस्यहरुको नियुक्ति प्रतिनिधिसभाबाट अनुमोदित हुनु पर्दछ।

(ङ) देशको अखण्डता र सार्वभौमसत्तामा आँच आउने कार्य रोक्न राष्ट्रपतिले सम्बन्धित प्रादेशिक विधायिका/प्रादेशिक सरकारलाई भङ्ग गरी १ वर्षभित्र निर्वाचन गराउने गरी राष्ट्रपति शासन लागू गर्न सक्नेछ।

५. व्यवस्थापिका

व्यवस्थापिका दुई सदनात्मक हुनेछ।

(क) राष्ट्रियसभा (माथिल्लो सदन)

(ख) प्रतिनिधिसभा (तल्लो सदन)

(ग) राष्ट्रियसभामा बढीमा ७५ जना सदस्य हुनेछन्। जसमध्ये १० जना सदस्यहरु साहित्य, विज्ञान, कला र समाजसेवामा विशेष ज्ञान र व्यावहारिक अनुभव भएका व्यक्तिहरु मध्येबाट राष्ट्रपतिले नियुक्त गर्ने र बाँकी ६५ जना सदस्यहरु प्रादेशिक विधायिकाका निर्वाचित सदस्यहरुबाट प्रादेशिक जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत एकल संक्रमणीय मतका आधारमा ६ वर्षे कार्यकालका लागि निर्वाचित हुने र एक तिहाई सदस्यहरु प्रत्येक २/२ वर्षमा निर्वाचित हुने।

(घ) प्रतिनिधिसभा बढीमा १५१ सदस्यहरु रहने छ। राज्यको प्रादेशिक निर्वाचन क्षेत्रहरुबाट वयस्क मताधिकारका आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित हुने छ। यसको कार्यकाल पहिलो बैठकको लागि तोकिएको मितिले ५ वर्षको हुने छ।

६. न्यायपालिका

(क) संवैधानिक मामला, संविधानको व्याख्या, संवैधानिक निकायहरुबीचको मुद्दा, संवैधानिक पदसँग सम्बन्धित मुद्दा, राज्यको काम कार्यवाहीको संवैधानिकताको प्रश्न, निहित मुद्दा, कुनै कानूनको संवैधानिकता प्रश्न निहित मुद्दा, संविधानमा भएको कुनै संशोधन संविधानको आधारभूत संरचना विपरीत छ भन्ने प्रश्न निहित रहेको मुद्दा, मानवअधिकार, राजनीतिक प्रकृतिका मुद्दाहरु, केन्द्र र प्रदेश, प्रदेश र प्रदेशबीच, प्रदेश र स्थानीय निकायका बीच विवादित मुद्दा आदि मामिलाहरुका विषयहरुको छिनोफानो गर्नका लागि छुट्टै संवैधानिक अदालत हुनु पर्ने। संवैधानिक अदालत अभिलेख अदालत हुनेछ। यसले आफ्नो अवहेलनामा कारबाही चलाई प्रचलित कानूनबमोजिम सजाय गर्न सक्नेछ।

(ख) संघीय संवैधानिक अदालतमा १० जना सदस्यहरु रहने छन्। जसमध्ये ७ जना तल्लो सदन (प्रतिनिधिसभाबाट) र बाँकी माथिल्लो सदन (राष्ट्रियसभा) बाट पुनः निर्वाचित नहुने गरी ७ बर्षे एक पटक कार्यावधिको लागि निर्वाचित हुने।

नेपालका अदालतहरु : नेपालमा संवैधानिक अदालतका अतिरिक्त देहाय वमोजिमका अदालतहरु रहनेछन्।

(ग) संघीय सर्वोच्च अदालत

(घ) प्रादेशिक उच्च अदालत

(ङ) स्थानीय आदालत र

(च) विशेष अदालत

(छ) न्यायपालिकाको संरचना पनि संघीय प्रणालीको संरचना अनुकूल नै हुने ।

(ज) संवैधानिक सर्वोच्चता तथा विधिको शासनलाई सम्मान गर्दै निष्पक्ष तथा स्वतन्त्र न्यायप्रणालीको मूल्य मान्यता अनुरुप निष्पक्ष, स्वतन्त्र र सक्षम न्यायपालिकाको व्यवस्था गरिने छ ।

(झ) नेपालमा एक सर्वोच्च अदालत रहनेछ । संवैधानिक अदालत बाहेक नेपालका अन्य सबै अदालत, न्यायिक निकाय र न्यायाधीकरणहरु सर्वोच्च अदालतका मातहतमा रहनेछ । सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ ।

(ञ) सर्वोच्य अदालतको प्रधानन्यायधिशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने र अन्य न्यायाधिशहरुको नियुक्ति संघीय न्यायीक सेवा आयोग (Federal Judicial Service commission) द्वारा हुनेछ ।

(ट) स्थानीय अदालत, प्रादेशिक अदालतको कामका लागि न्यायाधिश, न्यायधिवक्ता, सरकारी वकील लगायतका अन्य कर्मचारीहरु प्रादेक्षिक न्यायिक सेवा आयोग (Provincial Judicial Service commission) द्वारा खुला प्रतिस्पर्धात्मक प्रतियोगिता प्रणालीद्वारा नियुक्ति गरिने छ ।

**७. स्थानीय निकाय**

(क) गाउँ/नगर/महानगरपालिका/विशेष क्षेत्र/स्वायत्त क्षेत्र/संरक्षित क्षेत्र आदि स्थानीय निकायको पनि पुनर्संरचना गरिनु पर्दछ ।

(ख) स्थानीय निकायहरु स्थानीय स्वशासन (Local self-government) को रुपमा स्थापित गरिनु पर्दछ । गाउँपालिका/नगरपालिका स्थानीय स्वशासनको रुपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने ।

(ग) स्थानीय निकायहरुका निर्वाचन दलीय आधारमा नगरिने व्यवस्था गर्ने ।

**८. नागरिकता सम्बन्धमा**

(क) अंगीकृत नागरिकतामा पुरुष र महिलाको लागि समान व्यवस्था हुनु पर्ने ।

(ख) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्रमाणपत्र प्राप्त गर्नबाट बञ्चित गरिने छैन ।

(ग) नागरिकता दुई खाले मात्र हुनु पर्ने छ- अंगीकृत र वंशज नेपाली नागरिकताको प्रमाण पत्र ।

(घ) नेपालमा जन्मेका अथवा बावु वा आमा नेपाली नागरिक भएका १६ वर्ष उमेर पुगेको व्यक्ति नागरिकताको प्रमाणपत्र पाउन योग्य हुने छ ।

(ङ) चिकित्सा विज्ञानले प्रमाणित गरेका तेश्रो लिङ्गीलाई पहिचानसहित नागरिकता दिनु पर्छ ।

**९. मौलिक हक सम्बन्धमा**

१. जीवन, शिक्षा, स्वास्थ्य, आवास, रोजगार र सुरक्षाको अधिकारलाई मौलिक अधिकारको रुपमा राख्ने र सोको दायित्व राज्यले नै बहन गर्ने गरी जनतालाई प्रत्याभूति गराउने संवैधानिक व्यवस्था गर्ने ।

२. मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिम, थारु तथा अन्य अल्पसंख्यक समुदायको समेत राजनीतिक र नागरिक अधिकार, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारलाई संविधानमा सुनिश्चित गर्ने

३. महिला अधिकार सम्बन्धमा

(१) महिलाहरुलाई देहायबमोजिम पुरुष सरह समान अधिकार रहने छ ।

(क) पैतृक सम्पत्ति, परिवारिक, सम्पत्तिमा समान स्वामित्वको व्यवस्था, नागरिकता, वंशज तथा परिवारिक मामिलाको निर्णय र कार्यान्वयन,

(ख) कानूनको दृष्टिमा समान संरक्षण र लाभ प्राप्त गर्ने अधिकार,

(ग) समान कामका लागि समान पारिश्रमिक, ज्याला र सम्मान पाउने अधिकार

(घ) सम्बन्ध विच्छेद र परिवारिक पुनर्मिलनको अधिकार,

(ङ) विवाहसम्बन्धी निर्णय गर्ने अधिकार

(च) राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रको नीति निर्माण हुने हरेक निकायमा समानुपातिक सिद्धान्तको आधारमा समान अधिकार

(छ) संघीय, प्रादेशिक, स्थानीय र विशेष संरचनाका सबै राजनीतिक तहमा समानुपातिक सिद्धान्तका आधारमा समान अधिकार कानूनद्वारा व्यवस्थित गरिने छ ।

(२) उपधारा (१) मा उल्लेखित अधिकार बाहेक महिलाहरुमा देहायका अधिकारहरु सुरक्षित रहने छन् ।

(क) प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी अधिकार

(ख) सुरक्षित मातृत्वको अधिकार

(ग) शिक्षा, स्वास्थ्य, रोजगारी (सरकारी, गैरसरकारी अर्धसरकारी र निजी उद्योग र औद्योगिक प्रतिष्ठानहरु) सामाजिक सुरक्षाको क्षेत्रमा विशेष अधिकार ।

(घ) नीति निर्माणको तहमा रहने नेतृत्वदायी पदमा महिलाको समानुपातिक प्रतिनिधित्व र सहभागिताको विशेष व्यवस्था ।

(३) महिलाहरुले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी महिला, आदिवासी जनजाति महिला, अल्पसंख्यक र दलित महिलाको समेत समानुपातिक प्रतिनिधित्व गराइने छ ।

४. दलितको अधिकार

(१) दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक एवं शैक्षिक क्षेत्रमा निम्नानुसार विशेष अधिकार रहने छन् ।

(क) जात, जाति, समुदाय, वंश वा पेशाका आधारमा कुनैपनि व्यक्तिलाई कुनै पनि स्थानमा कुनै किसिमको छुवाछूत र भेदभाव गरिने छैन । यस्तो व्यवहार मानबताविरुद्धको जघन्य दण्डनीय सामाजिक अपराध मानिनेछ । पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने छ ।

(ख) सरकारी र अर्ध-सरकारी उद्योग र औद्योगिक प्रतिष्ठानहरुमा समानुपातिक ढंगले रोजगारीको प्रत्याभूति गरिने छ ।

(ग) दलितका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा दलितलाई प्राथमिकता दिई तदनुसार सीप र स्रोत उपलब्ध गराउने छ ।

(घ) राज्यले भूमिहीन दलितलाई एकपटक जीवन निर्वाहको लागि चाहिने न्यूनतम् जमीन उपलब्ध गराउने छ साथै आधारभूत बसोवासको समेत व्यवस्था गर्ने छ ।

(ङ) दलित विद्यार्थीलाई पूर्व वाल्य अवस्था शिक्षादेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक उच्चशिक्षामा दलितको लागि जनसंख्याको अनुपातमा १० प्रतिशत थप हुने गरी छात्रवृत्तिसहित निशुल्क शिक्षाको लागि विशेष व्यवस्था गरिने छ ।

(च) दलितहरुको सामाजिक प्रगतिको लागि सीपयुक्त शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था गरिने छ। साथै आर्थिक उपार्जन गर्ने सीप र स्रोत उपलब्ध गराउने व्यवस्था गरिने छ।

(२) संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनैतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी संघीय र प्रादेशिक संरचनामा प्रवेशमा सात र केन्द्रमा पाँच प्रतिशत प्रतिनिधित्वको थप व्यवस्था कानूनद्वारा व्यवस्थित गरिने छ।

(३) दलित समुदायलाई राज्यको नीति निर्माण शासन, प्रशासनिक, जंगी, प्रहरी, संस्थान, विकास समिति प्रतिष्ठानलगायतका सम्पूर्ण संरचनामा जनसंख्याको समानुपातिक आधारका अतिरिक्त थप १० प्रतिशत प्रतिनिधित्वको व्यवस्था कानूनद्वारा गरिने छ। नेतृत्वदायी पद समेतमा दलितको जनसंख्याको आधारमा कानूनमा व्यवस्था भए बमोजिम समावेशीसहितको समानुपातिक व्यवस्था हुनेछ।

(४) दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा सबै क्षेत्रका पहाडी दलित, मधेसी दलीत र दलित महिलाको समानुपातिक प्रतिनिधित्व गराइने छ।

(५) मधेशसीको अधिकार

(क) मधेशी समुदायलाई राज्यको नीति निर्माण, शासन, प्रशासन, जंगी, प्रहरी, संस्थान, विकास समिति प्रतिष्ठान लगायतका सम्पूर्ण तह र संरचनामा नेतृत्वदायी पद समेतमा जनसंख्याको अनुपातमा समावेशी समानुपतिक प्रतिनिधित्वको अधिकार हुनेछ।

(ख) भाष, धर्म र संस्कृतिको अधिकार र पहिचानसहित मुस्लिम समुदायको समावेशीकरणका लागि समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने, मुस्लिम महिलालाई शिक्षामा विशेष प्रोत्साहन गर्नु पर्ने, राजनीतिक प्रतिनिधित्व, सरकारी र अर्धसरकारी सेवामा आरक्षण, भाषा, संस्कृतिको संरक्षणका साथै जनसंख्याका आधारमा राज्यका सबै क्षेत्रमा समानुपातिक समावेशीकरण गर्ने,

(६) अल्पसंख्यक, लोपोन्मुख जाति/समुदायको अधिकार

(क) राज्यले संघीय संरचनाका सवै तहमा कानूनद्वारा निर्धारित अल्पसंख्यक, लोपोन्मुख जाति/समुदायको प्रतिनिधित्व, सहभागिता र विकाससम्बन्धी कानून बनाई विशेष संरक्षण गर्ने नीति अबलम्बन गर्ने छ।

(ख) आर्थिक र सामाजिक रुपले विपन्न, अति अल्पसंख्यक र सीमान्तकृत समुदायको प्रतिनिधित्व, सहभागिता, संरक्षण र विकासका निम्ति राज्यले कानूनद्वारा विशेष व्यवस्था गर्ने छ।

(७) आत्मनिर्णयको अधिकार

(क) आन्तरिक र स्थानीयरुपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोत साधनको परिचालन तथा वातावरणसम्बन्धी अधिकारका रुपमा आत्मनिर्णयको अधिकार रहने छ।

(ख) आत्मनिर्णय अधिकारको प्रयोग गर्दा देशको सार्वभौमसत्ता, स्वतन्त्रता, एकता र क्षेत्रीय अखण्डतामा खलल नपर्ने गरी गरिने छ।

(ग) यस संविधानमा व्यवस्था भएबमोजिम स्वशासनका लागि आत्मनिर्णयको अधिकार प्रत्येक प्रादेशिक क्षेत्रको जनतालाई प्राप्त हुनेछ।

**१०. राज्यशक्तिको स्वरुप तथा राज्य पुनर्संरचना सम्बन्धमा**

(क) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले संविधानमा सूचीकृत अधिकार बमोजिम गर्ने छन् ।

(ख) संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले नेपालको एकता, अखण्डता, सार्वभौमसत्ता तथा मुलुकको दीर्घकालीन हित, सर्वाङ्गीण विकास, मानवअधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिको पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, जात, जातीय तथा लैङ्गिक समानतामा आधारित समतामूलक तथा बहुलतामा आधारित समाज, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, समानुपातिक र समावेशी प्रतिनिधित्वको अधिकार र पहिचानको संरक्षण गर्ने छन् ।

(ग) स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिको पहिचान, स्वशासन र स्वायत्तताको प्रत्याभूति हुने छ ।

(घ) प्रदेशभित्र स्थापना गरिने एक जाति, समुदाय वा भाषाको बाहुल्यता भएको वा सघन उपस्थितिको अवस्था रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिने छ ।

(ङ) "संरक्षित क्षेत्र" प्रदेशभित्र स्थापना गरिने अति अल्पसंख्यक, लोपोन्मुख र अति सीमान्तकृत रुपमा रहेका जाति, समुदाय र सांस्कृतिक क्षेत्रको संरक्षण र संवर्द्धन गर्न स्थापना गरिने क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिनेछ ।

(च) विशेष क्षेत्र स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रले नसमेटेको सम्वन्धित प्रदेशभित्र पिछडिएको, आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको जाति, समुदाय, क्षेत्र वा बिषयगत क्षेत्रको विकास गर्न स्थापना गरिने भौगोलिक एकाइलाई विशेष क्षेत्र कायय गर्न सकिने छ ।

(छ) स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्रको स्थापना प्रादेशिक सरकार गठन भएको एक वर्षभित्र गरिसक्नु पर्ने छ । यी क्षेत्रहरुको नाम, संख्या र सीमाना प्रदेश व्यवस्थापिकाले गर्ने छ ।

(ज) स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्रसम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुने छ ।

**११. प्रदेश सभा/व्यवस्थापिका**

(क) प्रत्येक प्रदेशमा प्रदेशसभा नामको एक सदनसहितको व्यवस्थापिका हुनेछ जसलाई प्रदेश व्यवस्थापिका भनिनेछ । प्रदेशको कुल जनसंख्याको आधारमा प्रदेशसभामा २५ देखि ७५ जनासम्म सदस्यहरु रहेनछन ।

(ख) सिङ्गो प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी निर्वाचनमा राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा सूची प्रणालीको आधारमा समानुपातिक निर्वाचन प्रणाली अनुरुप निर्वाचित हुनेछ ।

(ग) समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेद्वारहरुको सूची बन्द हुने, सम्बन्धित दलले पाएको मतको आधारमा दलले पाउने सीट संख्या समानुपातिक समावेशीकरण सिद्धान्तका आधारमा उपलब्ध गराइने, दलले सूचीको प्राथमिकता क्रमअनुसार नै उम्मेद्वार निर्वाचित भएको घोषणा गर्नु पर्ने ।

(घ) प्रदेशिक मुख्यमन्त्रीको चुनाव प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछ ।

(ङ) प्रदेशसभाको सदस्यका लागि हुने समानुपातिक निर्वाचनमा राजनीतिक दलले उम्मेदवारी दिँदा प्रचलित कानूनबमोजिम प्रदेशका सबै वर्ग, क्षेत्र र समुदायको समावेशी हुने गरी दिनु पर्ने छ ।

**१२. नेपालको भाषासम्बन्धी व्यवस्था**

(क) राष्ट्र भाषा : नेपालमा बोलिने सबैभाषाहरु राष्ट्रभाषा हुन् ।

(ख) नेपाल सरकारको कामकाजको भाषा : भाषा आयोगको सिफारिसको आधारमा निश्चित मापदण्ड पुगेको भाषाहरुको अनुसूची तयार गर्ने र सो अनूसूचीमा परेका भाषाहरु सरकारी कामकाजको भाषा हुनेछ ।

**१३. लोकसेवा आयोग**

(क) लोकसेवा आयोगको गठन नेपालमा एक संघीय लोकसेवा आयोग हुनेछ, जसमा एक जना अध्यक्ष र अन्य ६ जना सदस्यहरु रहनेछन् । अध्यक्ष र सदस्यहरुको नियुक्ति समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

(ख) प्रत्येक प्रदेशमा आ-आफ्नो छुट्टै प्रदेश लोकसेवा आयोग रहनेछ । प्रदेश लोकसेवा आयोगको गठन, आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति, काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।

(ग) संघीय सरकारका लागि निजामती सेवाको पदमा नियुक्तिका लागि परिक्षा संचालन परिक्षाफल प्रकाशित गर्ने कार्य संघीय लोकसेवा आयोगको हुनेछ र प्रदेश सरकारका लागि आवश्यक पर्ने निजामती सेवाका नियुक्तिका लागि परिक्षा संचालन, परिक्षाफल प्रकाशित गर्ने कार्य प्रत्येक प्रदेशका प्रदेश लोकसेवा आयोगले गर्ने छ ।

..........................

**उपेन्द्र यादव**

(अध्यक्ष)

मधेसी जनअधिकार फोरम, नेपाल

तथा सदस्य

संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति

**कुमार खड्का**
**संविधान सभा सदस्य**
(Kumar Khadka)
**Constituent Assembly Member**

**कुमार खड्का**
**अध्यक्ष अखण्ड नेपाल पार्टी**
(Kumar Khadka)
**President, Akhanda Nepal Party**

३.१.१२
८१४

श्रीमान् सभापतिज्यू , मिति :– २०७१।७।१६

संवैधानिक – राजनैतिक संवाद तथा सहमति समिति

काठमाडौं । बिषय : –**अवधारणा सम्बन्धमा ।**

२०६२ – ६३ को महान जन आन्दोलन मार्फत जनताको अभूतपूर्व संलग्नता र शहादतको फलस्वरुप हामी नयां नेपाल निर्माणको पथमा अग्रसर छौं । नयां नेपालको निर्माणको आधार हाम्रो र राम्रो संविधानको आशा र अपेक्षा गरिरहेका छन् परिवर्तनकामी नेपाली जनताले दोश्रो संविधान सभासंग । यसै परिप्रेक्ष्यमा हाम्रो पार्टीको तर्फबाट संविधानको अन्तरबस्तुमा निम्न धारणा रहेको जानकारी गराउंदछु ।

१. राज्यको पुनर्संरचना जाति, भाषा, धर्मको आधारमा नगरी भौगोलिक आधारमा उत्तर दक्षिण जोडिने गरी गरिनु पर्दछ । प्रदेशको नामाकरण हिमाल, नदी, ताल जस्ता साझा प्राकृतिक सम्पदाको नाममा गरिनु पर्दछ ।
वर्तमान पांच (५) विकाश क्षेत्रलाई पांच (५) प्रदेश र काठमाण्डौं, ललितपुर, भक्तपुर मिसाएर केन्द्र शासीत प्रदेश बनाउन प्रस्ताव गरेको छु
जातीयि अग्राधीकार, आत्मनिर्णयको अधिकार, कुनै पनि किसिमको स्वायतताको व्यवस्था गरिनु हुँदैन ।
२. आरक्षणको आधार वर्गीय बनाइनु पर्दछ जातीय होइन ।
३. खस-आर्य अन्तर्गतका क्षत्री, ब्राम्हण, ठकुरी, दशनामीलाई अधिकारसहित आदिवासी जातीमा सूचीकृत गरियोस् ।

४. नेपाल धर्म निरपेक्ष राष्ट्र हुनेछ भन्ने निर्णय प्रति असहमती जाहेर गर्दै नेपालमा ८१ प्रतिशत भन्दा बढी हिन्दुहरुको बसोबास रहेको र हिन्दु धर्म बसुधैव कुटुम्बकमको सिद्धान्तबाट चल्ने भएकोले देशमा मानिने सम्पूर्ण धर्महरु प्रति सम्मान गर्दै सबैलाई आफुले रोजेको धर्म मान्ने स्वतन्त्रता प्रदान गर्दै, धर्म मानेको आधारमा कुनै पनि नागरिकलाई भेदभाव नगरी नेपाललाई धर्म निरपेक्षको साटो सनातन हिन्दु धर्म सापेक्ष राष्ट्र घोषणा गरियोस् ।

५. नेपालमा ७ वटा संवैधानिक आयोगको निर्माण हुंदा यस देशको प्रमुख आदिबासी खस – आर्यहरुको नाममा समेत खस – आर्य आयोग गठन गरियोस् ।

६. समानुपातिक समावेशी केही हदसम्म स्वीकार्न सकिन्छ तर संवैधानिक आयोगमा नियुक्ती गर्दा वा थोरै सदस्यीय समितिहरुमा पनि यही सिद्धान्त उपयुक्त नभएको हुंदा असहमती जाहेर गर्दछु ।

७. गैर आवसीय नेपाली नागरिकता बारे गरिएको निर्णयमा असहमती जाहेर गर्दै एक पटक नेपाली नागरिकताको प्रमाण–पत्र पाइसकेका कुनै पनि नागरिकले सार्क मुलुक बाहेकको कुनै पनि, (दोहोरो नागरिकताको व्यवस्था भएको ) राष्ट्रको नागरिकता लिएमा नेपाली नागरिकता त्याग्न नपर्ने व्यवस्था

PTO

E-mail:- khadkakumar@hotmail.com
Ph No. 01-4284095, Fax. 01-4284198
Mob. 9856021043

कुमार खड्का
संविधान सभा सदस्य
(Kumar Khadka)
Constituent Assembly Member

कुमार खड्का
अध्यक्ष अखण्ड नेपाल पार्टी
(Kumar Khadka)
President, Akhanda Nepal Party

गर्नु पर्दछ । एक पटकको नेपाली सधैंको नेपाली को नारालाई आत्मासात गर्दै गैर आवसीय नेपालीहरुलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक अधिकार सहितको नागरिकता प्रदान गरिनु पर्दछ ।

८. नेपालको राष्ट्रिय जनावर गाई हुनेछ ।

९. निर्वाचन प्रणाली :- पूर्ण समानुपातिक निर्वाचन प्रणली अपनाईने छ ।

मा. कुमार खड्का

सदस्य संबैधानिक – राजनैतिक संवाद तथा सहमती समिति

E-mail:- khadkakumar@hotmail.com
Ph No. 01-4284095, Fax. 01-4284198
Mob. 9856021043

# समाजवादी जनता पार्टी (सजपा)
## Socialist People's Party (SPP)
२०६२


पत्र संख्या:
चलानी नं.:

द.नं. ९५
८।१६

मिति: २०७१।८।१६

विषय: सजपाको अवधारणा

मा. सभापतिज्यू,
संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समिति

राज्य पुन: संरचना र निर्वाचन प्रणाली सम्बन्धमा हाम्रो पार्टी सजपाको निम्न धारणा रहेको व्यहोरा स्पष्ट पार्न चाहान्छु ।

१. राज्य पुन: संरचना गर्दा हरेक हिसाबले पछाडि पारिएको, राज्यको भेदभावपूर्ण व्यवहारले राष्ट्रिय मूल प्रवाहबाट अलग पारिएको, विकासको विराट सम्भावना हुँदाहुँदै पनि अशिक्षा, गरिबी, पछौटेपन र बेरोजगारीको पर्यायवाची रूपमा चिनिन विवश पारिएको कर्णालीबासीलाई न्याय प्रदान गर्न कर्णालीको गौरवपूर्ण इतिहास र त्यहाँ रहेको विकासको विराट सम्भावनालाई मध्यनजर राखी कर्णालीलाई अलग्गै कर्णाली प्रदेशको मान्यता दिनु पर्दछ।

क्रमश:

केन्द्रिय कार्यालय: मिलनमार्ग, बानेश्वर, काठमाडौं, फोन नं. ९८४००५००६९ ९८०१०५००६९, ईमेल: pbsingh_1953@yahoo.com

# समाजवादी जनता पार्टी (सजपा)
## Socialist People's Party (SPP)
२०६२


पत्र संख्या:
चलानी नं.:

मिति:

विषय:

२. महिला, आदिवासी र जनजाति, पिछडिएका वर्ग, तराई-मधेशी, मुस्लिम, विपन्न वर्ग लगायतको प्रतिनिधित्व सुनिश्चित गर्न राज्य संचालन र नीति निर्माणका हरेक तहमा लैङ्गिक र जातिय जनसंख्याको आधारमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गरि समावेशी लोकतन्त्रलाई संस्थागत गर्दै विगतको विभेदलाई अन्त्य गरि सामाजिक न्याय प्रदान गर्न पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नु पर्दछ।

प्रेम बहादुर सिंह
अध्यक्ष तथा संसदीय दलका नेता
समाजवादी जनता पार्टी

केन्द्रिय कार्यालय: मिलनमार्ग, बानेश्वर, काठमाडौं, फोन नं. ९८४००५००६९/९८०१०५००६९, ईमेल: pbsingh_1953@yahoo.com

**अशोक कुमार राई**
**सभासद**
**संविधान सभा**
**(व्यवस्थापिका संसद)**
**फोन : ९८५१०८६६६६**
**०१-४२००१२७**

**Ashok Kumar Rai**
Member
Constituent Assembly
(Legislative Parliament)
Ph No. : 9851086666
01-4200127

मिति २०७१/०८/१७

२.२.९६
८/१७

माननीय सभापति ज्यु

संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समिति

संविधान सभा, सचिवालय

सिंहदरवार, नेपाल

विषय :- संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा राखिनु पर्ने केहि महत्वपुर्ण व्यवस्था वारे ।

महोदय,

उपरोक्त सम्वन्धमा औपचारिक रुपमा काम शुरु गरेदेखि यो समितिले संविधान सभा भित्रका असहमतिहरुलाई सहमतिमा परिणत गर्दै प्रतिवेदन पठाउने काम गरेको र बाँकि असहमतिहरुमाथि पुनः सहमतिको खोजी गर्ने सन्दर्भमा असहमत विचारहरु अनुसुचिमा राख्ने परंपरा पनि स्थापित गरेकोछ । तसर्थ यो चौथो प्रतिवेदनमा पनि सहमतिमा पुग्न नसकेका विचारहरुलाई सहमतिकालागि सन्दर्भ बन्ने गरी अनुसुचिमा राखि पठाउन संघिय समाजवादी पार्टी, नेपालका तर्फवाट निम्नानुसारका विचारहरु सभापति ज्यु समक्ष प्रस्तुत गरेकोछु ।

धन्यवाद ।

अशोक कुमार राई

सदस्य

संवैधानिक राजनैतिक सम्वाद तथा सहमति समिति

**अशोक कुमार राई**
सभासद
संविधान सभा
(व्यवस्थापिका संसद)
फोन : ९८५१०८६६६६
०१-४२००१२७

**Ashok Kumar Rai**
Member
Constituent Assembly
(Legislative Parliament)
Ph No. : 9851086666
01-4200127

# सङ्घीय लोकतान्त्रीक गणतन्त्र नेपालको संबिधानमा हुनुपर्ने केही महत्वपूर्ण व्यवस्थाहरु :

विगत १० वर्षे जनयुद्ध, १९ दिने जन आन्दोलन, मधेश जनविद्रोह, आदिवासी जनजाति आन्दोलन, थरुहट आन्दोलन, मुस्लीम समुदायको आन्दोलन, शिल्पी समुदायको आन्दोलन तथा नारी आन्दोलन बाट अभिव्यक्त जनआकाँक्षाहरु सर्वसम्मत रुपमा निर्माण गरिएको नेपालको अन्तरीम संविधान - २०६३ को प्रस्तावना र धारा १३८(१) र एक (क) को व्यवस्था एवं राज्यबाट आन्दोलनकारीहरुसंग भए गरिएका सम्झौताहरु तथा नेपाल सरकार पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौताहरु समेतका व्यवस्थाहरुको आधारमा, तिनीहरुलाई संस्थागत गर्न संविधान सभाद्धारा संविधान लेख्नु पर्ने हुँदा सङ्घीय समाजवादी पार्टी नेपालका तर्फबाट संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा हुनु पर्ने केहि महत्वपूर्ण व्यवस्थाहरुका सम्वन्धमा म निम्न अनुसारको राय प्रस्तुत गर्दछु ।

**१. राज्य पुनः संरचनाका सम्बन्धमा :**

क) गएको संविधान सभाको राज्यको पुर्नसंरचना र राज्य शक्तिको वाँडफाँट समितिको वहुमत तथा राज्य पुर्नसंरचना सुझाव उच्च स्तरिय संबैधानिक आयोगको २/३ बहुमत द्धारा पारित भएर वर्तमान संविधान सभाले स्वामित्व ग्रहण गरिसकेका विषयहरु माथि आधारित भएर छलफल गरिनु पर्ने ।

ख) पहिचानका सर्वसम्मत पाँच आधारहरु -

१. जाति/ समुदाय

२. भाषा

३ .संस्कृति

४. भौगोलिक क्षेत्रगत निरन्तरता

५. ऐतिहासिक निरन्तरता

- पहिचानलाई प्राथमिक्ता दिई संविधान लेखिनु पर्ने सर्वसम्मत निर्णयका आधारमा संघियतामा जानु पर्ने ।

- यस आधारमा प्रस्तुत १४ प्रदेश र आयोगको १० प्रदेश र विशेष व्यवस्था अन्तर्गतको एक प्रदेश समेत ११ प्रदेशका बीचबाट सहमतिको खोजि हुनु पर्ने ।

ग) तसर्थ निम्नानुसारका राज्य प्रदेशहरु वनाउनु वान्छनिय हुने :

१. लिम्बुवान

**अशोक कुमार राई**
**सभासद**
**संविधान सभा**
**(व्यवस्थापिका संसद)**
**फोन : ९८५१०८६६६६**
**०१-४२००१२७**

**Ashok Kumar Rai**
Member
Constituent Assembly
(Legislative Parliament)
Ph No. : 9851086666
01-4200127

२. किरात

३. ताम्सालिङ

४. शेर्पा

५. नेवा

६. तमुवान

७. मगरात

८. जडान

९. खसान

१०. थारुवान/थरुहट

११. मधेश

१२.संघिय  राजधानी

१३. विशेष व्यवस्था अन्र्तगत शिल्पी प्रदेश

- राज्य / प्रदेशको राजधानी सम्वन्धित व्यवस्थापिका र सरकारले तोक्न सक्ने ।
- यसै गरी अल्पसंख्यक आदिवासी जनजातिहरुलाई स्वायात्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको निर्माण गरी पहिचान र विशेष अधिकार युक्त स्वशासन /स्वायात्तता सुनिश्चित गर्नु पर्ने ।
- एउटै भुगोलमा केन्द्रीकृत भएर अविछिन्न बसोबास नभई मुलुकको विभिन्न भागमा छरिएर रहेका विभिन्न जाति / समुदायलाई विशेष व्यवस्था अन्गर्गत विभिन्न स्तरको संरचना बनाई स्वशासन/स्वायात्तताको प्रत्याभूति गर्ने । जसमा शिल्पी समुदाय, मुस्लीम समुदाय, कुमाल जाति, भुजेल जाति वा यस मापदण्ड अन्तर्गत पर्ने अन्य जाति/ समुदायहरु हुने ।

घ) सिमाङ्कन :

- सीमाङ्कन गर्दा एउटा जाति वा समुदायको ऐतिहासिक थातथलोमा बसोबासको अविछिन्नतालाई कायम राख्नु पर्ने । खण्डित गर्न नहुने ।
- हाल कायम रहेका क्षेत्र, अन्चल , जिल्ला, न.पा, गाविस, वडा कुनै पनि संरचनालाई उपरोक्त मापदण्डका आधारमा अखण्ड नमान्ने ।
- यी मापदण्डका आधारमा सीमा निर्धारण आयोग बनाई प्रदेश, स्वायात्त क्षेत्र, संरक्षित क्षेत्र वा विशेष क्षेत्रहरुको सीमा निश्चित गर्ने ।

**अशोक कुमार राई**
**सभासद**
**संविधान सभा**
**(व्यवस्थापिका संसद)**
**फोन : ९८५१०८६६६६**
**०१-४२००१२७**

**Ashok Kumar Rai**
Member
Constituent Assembly
(Legislative Parliament)
Ph No. : 9851086666
01-4200127

ङ) आत्मानिर्णयको अधिकार :

- आदिवासी जनजाती, मधेसी र दलितलाई आन्तरिक र स्थानिय रुपमा राजनीति, सस्कृति, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ, वसोवास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक कृयाकलाप, वाणिज्य, भूमी, स्रोतसाधनको परिचालन तथा वातावरण सम्वन्धि अधिकारका रुपमा आत्मनिर्णयको अधिकार रहनेछ ।

**२) शसकीय स्वरुप :**

क) समावेशी राष्ट्रपतिय प्रणाली :

- स्थिरता र समावेशी लोकतन्त्रको भावना अनुरुपको संघिय सरकार हुने ।
- राष्ट्रपति र उपराष्ट्रपति जाति/समुदायगत, क्षेत्रिय र लैंगिक रुपमा पनि समावेसि हुने ।
- राष्ट्रपतिद्धारा प्रधानमन्त्री र प्रधानमन्त्रीद्धारा मन्त्रीहरु समावेशी आधारमा नियूक्त हुने ।
- सभासद मन्त्री बनेमा सभासदवाट राजिनामा दिनु पर्ने ।

ख) दुईसदनात्मक व्यवस्थापिका हुने:
- प्रतिनिधि सभा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरी निर्वाचित हुने ।
- राष्ट्रिय सभा सबै प्रदेशमा बराबरी प्रतिनिधित्व हुने गरी निर्वाचित हुने ।
- सङ्घीय संसदका दुवै सदन समान अधिकार यूक्त हुने र राष्ट्रिय सभा स्थायी सदन हुने ।
- प्रतिनिधि सभाको निर्वाचन तोकिएको समयमा हुन नसके साविक कै प्रतिनिधि सभाले नयाँ प्रतिनिधि सभा निर्वाचित भइ नआए सम्म काम काज गर्ने ।

ग) राज्य/ प्रदेश प्रमूख:
- राज्य/ प्रदेश प्रमूख जनताबाट सोझै निर्वाचित हुने ।
- राज्य/प्रदेश सरकारका मन्त्रीहरु समावेशी सिद्धान्त अनुरुप नियूक्त हुने ।
-

घ) राज्य/प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुने ।

ङ) तीन तहका सरकारहरु:
१. सङ्घीय सरकार
२. राज्य/ प्रदेश सरकार
३. स्थानिय सरकार

**३. निर्वाचन प्रणाली :**

- राष्ट्रपति/उपराष्ट्रपतिको निर्वाचन जनताको वहुमतमा आधारित इलेक्टोरल कलेजद्धारा हुने ।

**अशोक कुमार राई**
**सभासद**
**संविधान सभा**
**(व्यवस्थापिका संसद)**
**फोन : ९८५१०८६६६६**
**०१-४२००१२७**

**Ashok Kumar Rai**
Member
Constituent Assembly
(Legislative Parliament)
Ph No. : 9851086666
01-4200127

- प्रतिनिधि सभा र राष्ट्रिय सभा सदस्यको निर्वाचन पूर्ण समानुपातिक निर्वाचन प्रणाली बाट हुने ।
- राज्य / प्रदेश प्रमूख तथा स्थानिय सरकार जनताबाट सोभै निर्वाचित हुने ।
- राज्य/ प्रदेशको व्यवस्थापिका पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ।

**४. न्याय प्रणाली :**

क) मुल मान्यता र तहगत संरचनाः

- स्वतन्त्र, सक्षम, निष्पक्ष, जवाफदेहि न्याय प्रणली हुने ।
- न्यायालय तीन तहको हुने ।
  १. सर्वोच्च अदालत र संबैधानिक अदालत
  २. उच्च अदालत
  ३. स्थानिय अदालत

ख)अदालतहरुको कार्यक्षेत्र :

- संबैधानिक अदालतले संबिधानको व्याख्या गर्ने ।
- राज्य / प्रदेशहरुका बिचको विवाद, संघ र राज्य/प्रदेशका बिचको विवाद, राज्य/प्रदेश र स्थानिय निकाय बिचको विवाद तथा तीन वटै तहका बिचमा उत्पन्न हुने विवाद सम्बन्धी मुद्धाहरु हेर्ने ।
- सर्वोच्च अदालतले सङ्घीय अधिकार क्षेत्र भित्र पर्ने मुद्धाहरु हेर्ने र अन्तिम फैसला दिने ।
- उच्च अदालतले राज्य/प्रदेशको अधिकार क्षेत्र भित्रका मुद्धाहरु हेर्ने र अन्तिम फैसला दिने ।
- स्थानिय अदालतले स्थानिय अधिकार क्षेत्र भित्रका मुद्धाहरु हेर्ने ।
- न्याय सेवामा प्रवेश गर्न न्याय सेवा आयोग उतिर्ण गर्नु पर्ने ।
- न्यायाधिस नियुक्तिमा शैक्षिक मात्र होइन कार्य सम्पादन तथा न्याय सम्पादन क्षमता, स्वच्छ र निश्कलंक चरित्र समेतलाई योग्यताको आधार बनाइनु पर्ने ।
- न्यायाधिस नियुक्तिमा सार्वजनिक सुनुवाइका माध्यामबाट संसदले अनुमोदन गर्ने ।
- न्यायालय भित्रको भ्रष्टचार नियन्त्रण गर्न संबैधानिक संरचना निर्माण गर्नु पर्ने र पद अनुकुल आचरण नगर्ने न्यायाधिसहरु माथि महाअभियोग समेत लगाउने व्यवस्था हुनु पर्ने ।

**५. असंसोधनिय व्यवस्था :**

- जनतामा निहित सार्वभौम सत्ता, मुलुकको क्षेत्रिय भू अखण्डता, सङ्घीयता, गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशी लोकतन्त्रको व्यवस्था असंसोधनिय हुने ।

**अशोक कुमार राई**
**सभासद**
**संविधान सभा**
**(व्यवस्थापिका संसद)**
**फोन : ९८५१०८६६६६**
**०१-४२००१२७**

**Ashok Kumar Rai**
Member
Constituent Assembly
(Legislative Parliament)
Ph No. : 9851086666
01-4200127

**६. समावेशी लोकतन्त्र :**

- एकाइसौं शताब्दी पहिचान र समावेशी लोकतन्त्रको शताब्दी हो । औपचारिक लोकतन्त्रका कमि कमजोरिहरु र अपर्याप्ततालाई सुधार्न र परिमार्जन गर्न यूग अनुकुल समावेशी लोकतन्त्रको सिद्धान्त अगाडि सारिएको हो । बहु जातिय, बहु भाषिक, बहु साँस्कृतिक, बहु धार्मिक तथा भौगोलिक बिबिधता

- समेत भएको हाम्रो मुलुकमा राज्यद्धारा शताब्दीऔं देखि जातिय, भाषिक, साँस्कृतिक, धार्मिक, लैङ्गिक, क्षेत्रिय, वर्गिय तथा वर्णगत आधारमा उत्पिडन हुँदै आएको सन्दर्भमा यी बिबिधताहरुलाई व्यवस्थापन गर्न र उत्पिडनहरुलाई समाप्त पारी समता र सम्मान युक्त समाज निर्माण गर्न पहिचान सहितको सङ्घीयता र समानुपातिक समावेशी लोकतन्त्र अपरिहार्य छन् ।
- व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संबैधानिक अङ्गहरु, कुटनैतिक क्षेत्रका नियुक्तिहरु, जङ्गी तथा निजामति सेवा समेतमा समानुपातिक समावेशी प्रतिनिधित्व वा नियुक्तिहरु गर्ने ।

**७. लैङ्गिक समानता :**

- सामन्तवादी संस्कृति, राजनीति र सामाजिक मान्यताहरुद्धारा नारीहरु माथि लादिएका भेदभाव पुर्ण उत्पिडनकारी विधी विधान मुल्य मान्यताहरुलाई पूर्ण अन्त्य गरी समानता र सम्मान युक्त व्यवस्था गर्ने ।
- पैत्रिक सम्पतिमा समान हक, घरेलु काममा समान सहभागिता, समान सामाजिक मर्यादा, समानुपातिक प्रतिनिधित्व, समान अवसर तथा सहभागिता र समानुपातिक नियुक्तिहरु हुने ।
- आमाको नाममा सन्तानले नागरिकता पाउने ।

श्री सभापति ज्यू,
संवैधानिक राजनैतिक सम्बाद तथा सहमति समिति,
संविधानसभा ।

विषय : पार्टीको धारणा प्रस्तुत गरिएको ।

यस समितिले दोस्रो संविधानसभाबाट संविधान निर्माण कार्य समयमै सम्पन्न गर्ने उद्देश्यका साथ संविधानको अन्तरवस्तु र विवादका विषयहरूमा सहमति जुटाउने प्रयोजनका लागि घनिभूत रूपमा राजनैतिक पार्टीहरू र सरोकारवाला पक्षहरूको बिचमा छलफल चलाउने कार्य अघि बढाइरहेको र त्यसमा हाम्रो पार्टी एकीकृत ने.क.पा. (माओवादी)लाई पनि निरन्तर सहभागी हुने अवसर प्रदान गरेकोमा धन्यवाद प्रकट गर्दछ । यस कार्यमा समितिलाई थप सहयोग पुऱ्याउने उद्देश्यले नयाँ संविधानका अन्तर्वस्तुसँग सम्बन्धित विभिन्न विषयहरूमा पार्टीको दृष्टिकोण एवं धारणा संक्षेपमा समिति समक्ष प्रस्तुत गरिएको छ । विषयवस्तुलाई छलफलका क्रममा विस्तृतमा प्रष्ट पार्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै जनयुद्ध, जनआन्दोलन र विभिन्न अन्य आन्दोलनको निर्देश, १२ बुँदे समझदारी, शान्ति सम्झौता, अन्तरिम संविधान र अन्य संम्झौताहरू एवं ऐतिहासिक परिवर्तनको मूल मर्म र भावनाअनुरुप हुने गरी संविधानसभा भित्र र बाहिर रहेका सबै राजनैतिक पार्टीहरू र सरोकारवाला पक्षहरूसँग खुला र लचकताका साथ छलफल गर्न र सहमति जुटाउन पार्टी प्रतिबद्ध रहेको कुरा पनि स्पष्ट पार्न चाहान्छ । (आम रूपमा सहमति भइसकेको विषयहरूलाई यहाँ मूलतः उल्लेख गरिएको छैन ।)

१. संघीय संरचनाबारे :

पहिलो संविधानसभाको राज्य पुनसंरचना तथा राज्य शक्तिको बाँडफाँड समितिले पहिचान र सामर्थलाई मूल आधार मानी प्रदेश विभाजन गर्ने भनी सर्वसम्मत रूपमा निकालेको निष्कर्षमा आधारित रहेर नै संघीय संरचना एवं प्रदेश निर्माण गरिनु पर्दछ । यस सन्दर्भमा प्रदेशहरूको संख्या, भूगोल वा सीमाङ्कन र नामाकरणका बारेमा सो समिति र राज्य पुनःसंरचना आयोगको निष्कर्षलाई मूल रूपमा पक्रँदै त्यसैको वरिपरी रहेर सहमति जुटाउन उपयुक्त हुन्छ । हाम्रो पार्टी यस सम्बन्धमा खुला ढंगले छलफल गर्न तयार रहने छ ।

२. शासकीय स्वरुपबारे :

- जनताद्वारा प्रत्यक्ष निर्वाचित राष्ट्रपति कार्यकारी प्रमुख रहने शासकीय स्वरुपको व्यवस्था गर्ने ।
- राष्ट्रपतिको नेतृत्वमा राष्ट्रपतिले गठन गर्ने मन्त्री परिषद् समावेशी चरित्रको हुनुपर्ने संवैधानिक व्यवस्था गर्ने ।
- राष्ट्रपतिलाई संघीय व्यवस्थापिकाले २/३ द्वारा महाअभियोग लगाई हटाउन सक्ने ।
- जनताबाट निर्वाचित राष्ट्रपतिलाई सम्बन्धित पार्टीले फिर्ता बोलाउन सकिने कुनै संवैधानिक प्रावधान राख्न नमिल्ने ।
- कार्यकारी अधिकारको बाँडफाँड सहित प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संघीय व्यवस्थापिकाबाट निर्वाचित प्रधानमन्त्रीको दुवै रहने शासकीय स्वरुप हाम्रो वर्तमान यथार्थमा उपयुक्त नहुने ।

३. निर्वाचन प्रणालीबारे :

- संघीय व्यवस्थापिका संसदको तल्लो सभाको निम्ति बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली उपयुक्त हुने । यसले जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रतिनिधि र पूर्ण समानुपातिक प्रतिनिधित्वको दुवै सुनिश्चित गर्ने ।
- सबै तहको निर्वाचनमा समानुपातिक समावेशी प्रनितिधित्वको व्यवस्था अन्तर्गत हालको समावेशी समूह (Clusters) हरूको अतिरिक्त उत्पीडित वर्ग (मजदुर, किसान, सर्वहारा श्रमजीवी)को प्रतिनिधित्वको लागि

गरिबीको निरपेक्ष रेखामुनी रहेको जनसंख्यालाई पनि सोही अनुपातमा समानुपातिक समावेशीकरण अन्तर्गत एउटा समूह (Cluster)को रूपमा अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था गर्ने ।

- समानुपातिक समावेशी प्रतिनिधित्व गराउँदा लामो समयदेखी अत्यधिक उत्पीडनमा परेको समुदायको समुचित प्रतिनिधित्वको व्यवस्था मिलाउन महिलालाई ६० प्रतिशत र दलितलाई विद्यमान संख्याको अनुपातभन्दा ५ प्रतिशत बृद्धि गरी प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्ने ।
- संघीय व्यवस्थापिका प्रादेशिक सभाका निर्वाचित प्रतिनिधिहरूलाई जनताले दिएको जनादेश र आफ्नो प्रतिवद्धताअनुसार जनप्रतिनिधिको रूपमा भूमिका नखेलेको अवस्थामा सम्बन्धित प्रतिनिधिलाई निर्वाचित गर्ने मतदाताले निश्चित विधिअनुसार प्रत्याहवान गर्न सकिने व्यवस्था गर्नुपर्ने ।

४. न्यायपालिका :

- संघीय सर्वोच्च अदालत, प्रादेशिक सर्वोच्च/उच्च अदालत र स्थानीय अदालतको व्यवस्था गर्ने ।
- संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधिशको नियुक्ति संवैधानिक परिषद्ले गर्ने ।
- संघीय र प्रादेशिक अदालतमा न्यायाधिशहरूको नियुक्ति न्याय परिषद्को सिफारिशका आधारमा गर्ने ।
- न्यायाधिशहरूको नियुक्तिका लागि संसदीय सुनवाईको प्रक्रिया पूरा गर्नुपर्ने । न्यायिक समितिको बहुमतले न्यायाधिश नियुक्तिमा अस्विकारको निर्णय लिन सक्ने ।
- न्यायाधिशहरूलाई व्यवस्थापिकाको महाअभियोग प्रस्ताव २/३द्वारा पारित गरी वर्खास्त गर्न सक्ने ।
- संवैधानिक अदालनको व्यवस्था गर्ने ।
- सर्वोच्च अदालतको प्रधान न्यायाधिश हुनका लागि निश्चित कार्य अवधि बाँकी हुनै पर्ने कुनै व्यवस्था नगर्ने ।
  गरिब र विपन्नहरू सहित सबैमा न्यायको पहुँच पुऱ्याउन राज्यको खर्चमा हरेक नागरिकका लागि दक्ष वकिल तथा कानूनी सेवा उपलब्ध गराउने ।

५. अन्य विषयहरू :

■ संविधान संशोधन :

- संविधान कुनै पनि विषय अपरिवर्तनीय नराख्ने वा जनतामा निहित सार्वभौमसत्ता, राजकीय सत्ता र राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता एवं स्वाधीनता अपरिवर्तनीय राख्ने ।
- संविधानको प्रस्तावनामा अन्तर्निहित मूलभूत पक्षहरूमा संशोधन गर्नु परेमा संघीय व्यवस्थापिकाको २/३ बहुमतले पारित गरी जनमतसंग्रहद्वारा अनुमोदन गर्नुपर्ने ।
- अन्य विषयमा संविधान संशोधन संघीय व्यवस्थापिकाको २/३ बहुमतद्वारा गर्ने ।

■ जनमत संग्रह :

राष्ट्रिय महत्वका विषयहरूमा निर्णय गर्न जनमत संग्रहको व्यवस्था गर्ने ।

■ भूमीसुधार :

- बैज्ञानिक वा क्रान्तिकारी भूमीसुधारको लागि संवैधानिक आधार सुनिश्चित गर्ने ।
- जमिनको स्वामित्व मूलत : राज्यको हुन्छ भन्ने मान्यतालाई स्थापित गर्दै राज्यले वास्तविक जोताहा र भूमिहीनलाई लीजमा जमिनको वितरण वा पुनर्वितरण गर्न सक्ने संबैधानिक व्यवस्था गर्ने ।
- सामुदायिक हितको लागि राज्यले कानून बनाएर जमिनमा हदबन्दी लगाउन सक्ने, हदवन्दीभन्दा बढी जमिन विना मुआब्जा अधिग्रहण गर्ने र वास्तविक जोताहा किसानहरूमा बाँड्न सक्ने व्यवस्था गर्ने ।
- हरवा, हलिया र कमैयाको रूपमा पुस्तौंदेखि जोती आएका किसानहरूलाई मोहीको रूपमा स्विकार गरी त्यस्तो जग्गाको कम्तिमा आधा हिस्सामा उनीहरूको स्वत: स्वामित्व कायम हुने व्यवस्था गर्ने ।

- सामुदायिक हितका लागि राज्यले पूँजी र बजारमाथि निगरानी, नियन्त्रण र अनुगमन गर्न सक्ने व्यवस्था गर्ने ।
- विदेशसँगका सन्धी सम्झौताहरूबारे :
    - नयाँ संविधान जारी भएपछि विदेशसँग भएका सन्धी सम्झौताहरूको आवश्यकताअनुसार पुनरावलोकन, संशोधन, परिमार्जन, अद्यावधिक, खारेज वा प्रतिस्थापन गर्ने व्यवस्था गर्ने ।
    - शान्ति तथा मैत्री सन्धी, हातहतियार एवं सामरिक सम्बन्ध, सीमाना र प्राकृतिक श्रोतको बाँडफाँड सम्बन्धी सन्धी सम्झौता संघीय व्यवस्थापिकाको २/३बाट अनुमोदन गर्नुपर्ने व्यवस्था गर्ने ।
    - मुलुकलाई दीर्घकालीन रूपमा असर पार्ने अन्तराष्ट्रिय सन्धी सम्झौताहरू जनमत संग्रहमार्फत अनुमोदनको व्यवस्था गर्ने ।
- सेनाको कुनै जवान वा पदाधिकारीले फौजदारी "अपराध" गरेमा वा मानव अधिकारको हनन गरेमा नागरिक अदालतमा मुद्धा चल्ने व्यवस्था गर्ने ।
    - अख्तियार निवारण आयोगले सेनामा भएको अख्तियार पनि हेर्न सक्ने व्यवस्था गर्ने ।
- राज्य पुनःसंरचनालाई वास्तविक रूपमा सार्थक बनाउन निजामती, सेना र प्रहरीलाई समावेशी बनाउने व्यवस्थागर्ने ।
- अति सीमान्तकृत समुहहरू जस्तै चेपाङ, कुसुन्डा, राउटे, बोटे, पत्थरकट्टा, आदिलाई प्रतिनिधित्व शिक्षा, स्वास्थ्य रोजगारीमा विशेष व्यवस्था गर्ने ।

निर्धारित कार्यतालिका भित्रै सहमतिका निम्ति पार्टीको तर्फबाट सक्रिय सहभागिता र पूर्ण सहयोगको प्रतिबद्धता सहित,

मिति : २०७०/५/१५

व्यवस्थापिका-संसद सचिवालय

एकीकृत ने.क.पा. (माओवादी)

नेपाल कम्युनिष्ट पार्टी ( संयुक्त )
Nepal Communist Party ( United )
संविधान सभा दलको कार्यालय
सिंहदरवार, काठमाडौं

संविधान सभा सचिवालय भवन
सिंहदरवार
Constituent Assembly
Secretariat House
Singha Durbar
फोन :
४२००४४१/४२०००२९

च.नं

प.सं.

# संविधानसभा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पेश गरेको राज्यको पुनर्संरचना र संघीयता बारे नेकपा (संयुक्त) को धारणा

**संविधानमा सुनिश्चित हुनु पर्ने:**

यस संविधानसभाको मुख्य जिम्मेवारी विगत संविधानसभाले पुरा गर्न नसकेको काम संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनाउनु हो । विगत संविधानसभामा जस्तै आज पनि पार्टीहरुबीच राज्यको पुनर्संरचना, शासकीय स्वरुप, समावेशीता, शक्ति पृथकीकरणको सवाल आदि जस्ता विषयमा मत भिन्नता यथावत छन् र यी विषयहरुमा आमजनतामा समेत व्यापक मतभिन्नता छ । यसले संविधान लेखनका लागि ठूलो चुनौति प्रस्तुत गरेको छ । यी विषयहरुमा आमसहमति खोज्ने प्रयास नगरिकनै संविधानसभा-२ को निर्वाचन भएको छ । यसका साथै संघीय संरचनाको सार र स्वरुप, प्रान्तहरुको सीमाङ्कन, समानुपातिक आधारमा समावेशीकरणको सिद्धान्तलाई स्थापित गर्ने सवाल, मानवअधिकार, कानुनी राज्यको मान्यता, बहुलबाद तथा राष्ट्रिय सार्वभौमिकता तथा अखण्डता जस्ता विषयहरुमा सर्वसम्मत निकास खोज्नु चुनौतिपूर्ण देखिएका छन् । यसमा सहमति कायम गरी संविधान लेखनको काम सम्पन्न गरी देशको संक्रमणकालीन अवस्था समाप्त गर्नु पर्दछ भन्ने हाम्रो मान्यता हो ।

**राज्यको शासकीय स्वरुपका सम्बन्धमा:**

नेकपा संयुक्तले विगत ४ दशक देखि नै कम्युनिष्टहरुले राजनैतिक प्रतिस्पर्धामा बाँच्नु र जनमतबाट अनुमोदन प्राप्त गरी राज्यसत्ता संचालन गर्न सिक्नु पर्दछ भन्ने राजनैतिक प्रतिवद्धता अगाडि सारेको हो । आज पनि लोकतान्त्रीक मुल्यमान्यतामा आधारित बहुदलीय प्रतिस्पर्धात्मक राजनीति हाम्रो मुख्य मान्यता हो ।

**शासकीय स्वरुपबारे हाम्रा धारणाहरु:**

क) सार्वभौमसत्ता सम्पन्न दुई सदनात्मक संघीय संसदीय प्रणाली र बहुदलीय व्यवस्था ।

ख) संसदबाट निर्वाचित कार्यकारी प्रमुख – **प्रधानमन्त्री**

ग) सार्वभौमसत्ता सम्पन्न तथा समावेशीताको आधारमा निर्वाचित एक सदनात्मक प्रान्तिय सदन ।

घ) एक सदनात्मक स्वयत्त स्वशासीत क्षेत्र तथा विशेष क्षेत्रहरुका जनप्रतिनिधि सभाहरु ।

ङ) संघीय र प्रान्तिय सदनका सदस्यहरु तथा स्वायत्त स्वशासीत क्षेत्र र विशेष क्षेत्रहरुका जनप्रतिनिधिसभाका सदस्यहरुद्धारा निर्वाचित राष्ट्राध्यक्ष – **राष्ट्रपति** ।

च) सवैधानीक सर्वोच्चता तथा शक्ति पृथकीकरण सहितको कानूनी राज्य ।

छ) राष्ट्राध्यक्ष तथा कार्यकारी प्रमुखको कार्यक्षेत्र र अधिकार क्षेत्रको स्पष्ट व्याख्या सहितको शक्ति बाँडफाँड ।

## निर्वाचन प्रणाली

राज्यसत्तामा सबैको पहुँच सुनिश्चित गर्न र सबैको न्यायीक प्रतिनिधित्व कायम गर्न प्रत्यक्ष तथा समानुपातिक निर्वाचन सहितको मिश्रित निर्वाचन प्रणाली हुनुपर्छ ।

लोकतन्त्र र बहुलवादका आधारभूत सिद्धान्तलाई मुर्तरुप दिन सबैले स्वतन्त्र र निर्वाध रुपमा निर्वाचनमा भाग लिन पाउनु पर्छ । अतः सबैलाई आ-आफ्ना विचार तथा मान्यताहरु जनता समक्ष पुऱ्याउन सक्ने अधिकार सुनिश्चित गर्न कुनै किसिमको थ्रेसहोल्ड वा छेकवार लगाउनु हुँदैन ।

## राज्यको पुनर्संरचना र संघीयता बारेः

हाम्रो जस्तो मिश्रित बसोबासको अवस्था, सामाजिक–आर्थिक तथा भौगोलिक बनोटको अवस्था तथा प्राकृतिक स्रोत साधनको अवस्थामा राज्यलाई संघीय आधारमा पुनर्गठन गर्ने काम ज्यादै कठिन र संवेदनशील छ । एकातर्फ केन्द्रीकृत राज्य संरचनालाई समाप्त गरी विकेन्द्रीकृत संघीय संरचना खडा गर्नु आजको आवश्यकता छ भने अर्को तर्फ लामो समय देखि देशको प्रत्येक गाउँ तथा शहर सबै जाती धर्म तथा भाषाभाषीहको साझा बसोबासको थलोको रुपमा रहेको अवस्था छ । हामीले यसै यथार्थतामा टेकेर समाधान खोज्नु पर्दछ । अतः संघीयता बारे निम्न अवधारणा अघि सारेका छौं ।

क) प्राकृतिक स्रोतहरुको अपर्याप्तता, भू–भौगोलिक जटिलता र विकटता आदिको अवस्थामा देशलाई धेरै प्रान्तहरुमा विभाजित गरेमा प्रान्तहरु आर्थिकरुपमा आफुलाई थेग्न नसक्ने अवस्थामा हुनेछन् । अतः हामीले पहिचान, सामर्थ्य, भौगोलिक सुगमता, प्राकृतिक स्रोतको पर्याप्तता, बसोबासको अवस्था र निरन्तरता तथा ऐतिहासिक पृष्ठभुमी आदिलाई मध्यनजर राखी मधेशमा ३, हिमाल तथा पहाड क्षेत्रमा ६ प्रदेश गरी जम्मा ९ प्रदेश बनाउनु पर्ने अवधारणा राखेका छौं ।

ख) राज्यहरुको सिमाङ्कन तथा संख्या प्राकृतिक स्रोतहरुको उपलब्धता, दिगो आर्थिक विकासका लागि उपलब्ध आधार, भौगोलिक सुगमता, सामर्थ्य तथा पहिचान, जातीय सह–अस्तित्व र सदभाव आदिको यथार्थ आधारमा टेकेर गरिनु पर्दछ ।

ग) राज्यसत्तामा सबैको पहुँच र पहिचानलाई सुनिश्चित गर्न प्रदेशहरुलाई पनि स्वायत्त स्वशासित क्षेत्र तथा विशेष क्षेत्र सहित संघीय स्वरुप दिनुपर्दछ र प्रशासनिक स्वायत्तता तथा प्रदेश भित्रको प्राकृतिक स्रोत सम्पदामा सबैको समान अधिकार सुनिश्चित गर्नु पर्दछ ।

घ) प्रान्तहरुको सिमाङ्कन– नामाङ्कन जे भएपनि प्रान्तहरु निर्माण गर्दाको बखत त्यस क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक व्यक्ति तथा त्यस प्रान्तको समानरुपले अधिकार सम्पन्न सार्वभौम नागरिक मानिनु पर्दछ । कुनै जाती विशेष, धर्म वा भाषा विशेषलाई विशेषाधिकार हुनुहुन्न । सिमांकनको विषय जनतासंग सोझो सरोकारको विषय भएकाले सिमांकन गर्दा जनसमर्थन प्राप्त गर्नु आवश्यक हुन्छ ।

**संघीय संरचनाले सुनिश्चित गर्नु पर्ने कुराहरुः**

क) राष्ट्रिय अखण्डता, सार्वभौमिकता, स्वतन्त्र तथा आत्मनिर्भर आर्थिक विकास, सम्पूर्ण जाती, धर्म, लिङ्ग, वर्ग तथा उप वर्गहरुको सह अस्तित्व र आत्मसम्मान सहितको पारस्परिक निर्भरता तथा सद्भाव, प्रान्त तथा क्षेत्रहरुबीचका आर्थिक सामाजिक सह–सम्बन्ध ।

ख) प्रान्तहरुमा बसोबास गर्ने सबै जनताको मौलिक अधिकार शिक्षा, स्वास्थ्य, काम, माम र आराम जस्ता मौलिक अधिकारको ग्यारेन्टी सामान रुपले हुनुपर्दछ ।

ग) राष्ट्रभाषा, प्रान्तीयभाषा तथा स्थानीयभाषाको सम्मान र संरक्षणको ग्यारेन्टी ।

घ) बहुदलीयता, बहुदलको शासन, अल्पमतको सम्मान सहित सह–अस्तितव र पारस्परिक सम्मानलाई मान्यता ।

**समावेशीकरणको सवालः**

क) नेपाल जस्तो जाति–उपजाति, वर्ग–उपवर्ग, समुदाय तथा तप्काहरुमा विभाजित र बहुभाषिक, बहुजातिय, बहुधार्मिक तथा क्षेत्रीय आधारमा विभाजित समाजमा राज्य संचालन तथा राज्य संयन्त्रका प्रत्येक अंगमा जनसंख्याको आधारमा सामानुपातिक प्रतिनिधित्व गराई सबैको पहुँच सुनिश्चित गर्नु पर्दछ भन्ने हाम्रो मान्यता हो । हामीले विगत संविधानसभामा अवाज उठाएका हौं र यस संविधानसभामा पनि यो संघर्ष जारी राख्नेछौं ।

ख) यसका साथै वर्गीय आधारमा राज्यसत्तामा समावेश हुन पाउनु पर्दछ भन्ने नेकपा (संयुक्त)को आधारभुत अडान हो । नयाँ संविधानले यसलाई सुनिश्चित गर्नुपर्छ ।

**शक्ति पृथकीकरण र कानूनी राज्यको अवधारणाः**

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका लोकतन्त्रका मूल आधार स्तम्भ हुन । यिनको अधिकार क्षेत्र र कार्यक्षेत्र उल्लेखनिय रुपमा स्पष्ट र किटान हुनु पर्दछ । आमजनतालाई कानूनले उपचार प्रदान गर्न तथा

आमनागरिकका प्रजातान्त्रीक नागरिक अधिकारको संरक्षणका लागि स्वतन्त्र तथा संविधानसम्मत अधिकार सम्पन र राजनैतिक हस्तक्षेपबाट मुक्त न्यायपालिका हुनुपर्दछ । दोषीलाई दण्ड सजायको अधिकार न्यायपालिकाको अधिकार हुनुपर्दछ। कुनै राजनीतिले अथवा "वाद" ले हस्तक्षेप गर्नु हुदैन ।

मा. जय देव जोशी
सभासद् तथा सदस्य संवैधानिक
राजनीतिक सम्वाद तथा सहमति समिति
संसदीय दलको नेता
ने.क.पा. संयुक्त
२०७१।६।२९

# बहुजन शक्ति पार्टी
# Bahujan Shakti Party

केन्द्रीय कार्यालयः गौशाला, पिङ्गास्थान, काठमाडौं, नेपाल, फोन : ९७७-१-४४७८७८०
Central Office: Gaushala, Pinglasthan, kathmandu
Tel: +977-1-4478780 Email: bahujansp@gmail.com


मितिः २०७१।८।१८

माननीय सभापतिज्यू,
संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समिति ।

विषयः संविधानमा समेटनु पर्ने विषयहरु।

उपयुक्त विषयमा हाम्रो पाटीको संविधानमा समेटनु पर्ने निम्न विषय भएको व्यहोरा अनुरोध छ ।

१. बहुजन डाइर्भसिटि हकको संवैधानिक व्यवस्था सहित आदिवासी जनजाति दलित, पिछडा वर्ग, महिला, मुस्लीम समुदाय लगायत उत्पिडित समुदायको लागि सत् प्रतिशैंतमा तेत्तीस प्रतिशत महिला, अठार प्रतिशत दलित, दश प्रतिशत मुस्लिम, पन्ध्र प्रतिसत ओ.वि.सी. लगायतलाई केन्द्र, प्रान्त स्थानीयमा थप ५ प्रतिशत गरी विशेष आरक्षणको व्यवस्था छुट्टै अध्याय वनाई व्यवस्था गर्नुपर्ने ।

२. समग्रमा प्रान्तलाई ७० प्रतिशत र स्थानीय लाई ७० प्रतिशतको अधिकार हुनुपर्ने ।

३. भ्रष्टाचारी, वलात्कारी, देश द्रोहीलाई आजीवन कारावास, सम्पत्ति राष्ट्रियकरण र मुत्यूदण्डको समेत संवैधानिक व्यवस्था हुनुपर्ने,

४. राशनकार्ड वस्त्र कार्ड, किशान कार्ड, मजदुर कार्ड, वेरोजगारी कार्ड, हेल्थ कार्ड, निशुल्क शिक्षा कार्डको संवैधानिक व्यवस्थाका साथै मजदुर र किसानकार्डको विशेष व्यवस्था हुनुपर्ने ।

[illegible]

मिति :–२०७१।८।१९

श्रीमान् सभापतिज्यू,
संवैधानिक राजनितिक सम्वाद तथा सहमति समिति,
संविधान सभा,
सिंहदरवार ।

विषय :– **अवधारणा पत्र ।**

संविधानको निर्माण सहमतिवाटै हुनु पर्ने हाम्रो दृढ प्रतिवद्धता छ । यस क्रममा गत संविधान सभामा असहमत रहेका विषय वस्तुलाई सहमति गरी निर्धारित समयमा संविधान निर्माण गर्न उक्त समितिमा विवादीत विषयमा छलफलको प्रयास भई रहेको क्रममा सहमतिको लागि हामीहरुले निम्न लिखित अवधारणा पत्र पेश गरेका छौं ।

## १. संघिय संरचना वारे :–

नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावनामा "आजसम्मका क्रान्ति र आन्दोलनवाट प्राप्त उपलव्धिहरुलाई संस्थागत गर्न संविधान सभावाट नयाँ संविधान निर्माण गर्नु " यस संविधान सभाको मूल कार्यभार हो ।

उपरोक्त कार्य सम्पन्न गर्दा राज्यको पुर्नसंरचना संविधानको धारा १३८ (१क) मा गरिएको व्यवस्था , "मधेसी जनता लगायत आदिवासी, जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । प्रदेशहरु स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशको सीमा, संख्या र नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशहरुको सूचिहरुको पूर्ण विवरण, साधन श्रोत र अधिकार वाँडफाँड संविधान सभावाट निर्धारण गरिनेछ" को आधारमा संघियताको निर्माण गरिनु पर्दछ ।

स्वशासन र साझा शासनको सर्वव्यापी संघीय मान्यता अनुरुप पहिचान र सामर्थ्यको सिद्धान्तको आधारमा आत्मनिर्णय र स्वायत्त तथा अधिकार सम्पन्न प्रदेश सहितको संघियता निर्माण गर्ने कार्यभार पूरा गर्दा, भौगोलिक रुपले समग्र तराई–मधेश एक इकाई भएकोले यसको कुनै पनि भू–भाग अन्य भौगोलिक प्रदेशसंग कदापि जोडिनु हुदैन् । यसै यथार्थतालाई आत्मसात गर्दै तत्कालीन उच्च स्तरिय राज्य पुर्नसंरचना आयोगको प्रतिवेदन, समस्या समाधानको उपयुक्त वाटो हुन सक्दछ ।

## २. शासकीय स्वरुप वारे :–

शासकीय स्वरुप निर्धारण गर्दा सरकारको स्थायित्व तथा समानुपातिक समावेशी हुनु नितान्त आवश्यक हुन्छ । यस सन्दर्भमा देखिएको विवादलाई समाधान गर्न परिमार्जित समावेशी चरित्रको

उपसमितिले मिश्रित शासकीय स्वरुप निर्धारण गर्ने सहमति भएकोले सो शासकीय प्रणालीलाई अपनाउन उपयुक्त हुने हाम्रो धारणा छ ।

## ३. न्याय प्रणाली वारे :–

स्वतन्त्र निष्पक्ष र सर्वसुलभ न्याय प्रणाली आजको अपरिहार्य आवश्यकता छ । संघियतामा राज्यको पुनरसंरचना गर्दा राज्यको तेश्रो अङ्ग न्यायपालिकाको समेत पुनसंरचना संघियता अनुकुल नै हुनु पर्दछ । सबै समुदायको न्यायपालिका हो भन्ने कुरा स्थापित गर्न न्यायपालिका पनि समानुपातिक समावेशी हुनु पर्दछ । संघिय सर्वोच्च अदालतको साथै संविधानको व्याख्या लगायत संघ र प्रदेश बीचको विवाद समाधानको लागि संवैधानिक अदालत समेतको छुट्टै व्यवस्था गरी न्यायपालिकालाई सर्वसुलभ तथा जन उत्तरदायित्व वनाउनु पर्छ । यस अनुरुप संविधान जारी भएपछि न्यायाधिशहरुको पुर्न नियुक्ती गरी समावेशी अदालत वनाउन पर्छ । यस संदर्भमा विगतको विवाद समाधान उप समिति र वर्तमान्मा समेत गठित विवाद समाधान उपसमितिको सर्वसम्मत प्रतिवेदनलाई आधार वनाई न्यायपालिकाको निर्माण गर्न हाम्रो धारणा हो ।

## ४. निर्वाचन प्रणाली वारे :–

मिश्रित निर्वाचन प्रणाली वर्तमान नेपालको लागि सवभन्दा उपयुक्त र न्याय संगत हुने हाम्रो ठहर छ । प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीको मिश्रणले दुवै प्रणालीको दोषहरुलाई त्यागने र गुणहरुलाई ग्रहण गर्ने काम हुनेछ ।

प्रत्यक्ष निर्वाचन प्रणालीलाई अझ समावेशी र न्यायपूर्ण वनाउन निश्चित सिटहरु दलित, महिला, अल्पसंख्यक र लोपोन्मुख जातिहरुको लागि आरक्षीत गर्नु अत्यन्त उपयुक्त हुनेछ । समानुपातिक निर्वाचन प्रणालीलाई अझ जनमुखी र वैज्ञानिक वनाउन तथा यस भित्र व्यवहारमा देखिएका विकृति र विसंगतिलाई अन्त्य गर्न यसमा बन्दसूचि लगायतका व्यवस्था उपयुक्त हुनेछ ।

१. मधेसी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)

२. तराई मधेश लोकतान्त्रिक पार्टी

३. सद्भावना पार्टी

४. तराई मधेश सद्भावना पार्टी

५. राष्ट्रिय मधेश समाजवादी पार्टी

६. संघीय सद्भावना पार्टी

७. मधेसी जनअधिकार फोरम (गणतान्त्रिक)

२०७१ मंसिर १७ गते

**माननीय सभापतिज्यू,**
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति,
संविधानसभा सचिवालय,
सिंहदरबार, काठमाण्डौं ।

**विषय : फरकक मत बारे ।**

संविधानसभाको गत असोज ३० गते बसेको बैठकले संविधानका अन्तर्वस्तुमा संभव भएसम्म सहमति कायम गर्ने तथा सहमति हुन नसकेमा प्रश्नावली सहितको प्रतिवेदन पेश गर्ने स्पष्ट र किटानी निर्देशन दिएको सर्वविदितै छ । संविधानसभाको निर्देशन अनुरुप निर्धारित कार्य सम्पन्न गर्न समिति असफल भएको छ । यस अवस्थामा सभापतिको स्वविवेक अनुसार प्रतिवेदन सभामा पठाउने समितिको बैठकको निर्णय प्रति राप्रपा नेपाल असहमत छ । संविधानसभाको स्पष्ट निर्देशन अनुरुप प्रतिवेदन पठाईदिनु पर्छ भन्ने राप्रपा नेपालको फरक मत रहेको छ । यो फरक मत औपचारिक रुपमा दर्ता गरी प्रतिवेदनमा संलग्न गरिदिनहुन अनुरोध गर्दछु ।

**दिलनाथ गिरी**
प्रमुख सचेतक
राप्रपा नेपाल संसदिय दल
सदस्य
संवैधानिक-राजनीतिक संवाद तथा
सहमति समिति